# काठमाडौं उपत्यकामा सहकारी संस्थामा आएको समस्याले सञ्चालकको सामाजिक सम्बन्धमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत
समाजशास्त्र केन्द्रीय विभाग, दर्शनाचार्य-विद्यावारिधि कार्यक्रम,
समाजशास्त्र बिषयमा दर्शनाचार्य उपाधिको आंशिक
परिपूर्तिको लागि
प्रस्तुत

## शोधपत्र

प्रस्तावक
मञ्जु पुडासैनी
रजिस्ट्रेसन नम्बर: ६-९९८-२०५-९८
परीक्षा रोल नम्बर: ७१०
चैत्र २०८१

# घोषणापत्र

म यसद्वारा घोषणा गर्दछु कि **"काठमाडौं उपत्यकामा सहकारी संस्थामा आएको समस्याले सञ्चालकको सामाजिक सम्बन्धमा पारेको प्रभाव"** शीर्षकको यो शोधपत्र क्षेत्रगत प्राथमिक तथ्यांकमा आधारित मेरो आफ्नै काम हो । यहाँ प्रदान गरिएको तथ्य, जानकारी मैले विक्रम सम्बत् २०८१ सालको माघ र फागुन महिनामा काठमाडौं उपत्यकामा समस्याग्रस्त भएका सहकारीका सञ्चालक समिति सदस्य तथा व्यवस्थापकसँग गरिएको अन्तरवार्ताको अधारमा तयार गरेकि हुँ । शोधपत्र लेखनको प्रक्रियामा उत्तरदिने उत्तरदाताको अवस्थाको सम्बेदनशिलतालाई ध्यानमा राखेर उहाँहरुको नाम गोप्य राखिएको छ । यो शोधपत्र मैले प्राध्यापक डा. सुरेन्द्र मिश्रको मार्गनिर्देशन र पर्यवेक्षणमा समाजशास्त्र विभाग अन्तरर्गत रहेको एमफिल कार्यक्रमको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार गरेकि हुँ । यस शोधपत्रको सम्पूर्ण काम मैले आफ्नो ज्ञान र क्षमताको आधारमा गरेको घोषणा गर्दछु ।

.......................................

मन्जु पुडासैनी

मितिः २०८१/१२/२७

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

मन्जु पुडासैनी द्वारा तयार पारि र पेश गरिएका **"काठमाडौं उपत्यकामा सहकारी संस्थामा आएको समस्याले सञ्चालकको सामाजिक सम्बन्धमा पारेको प्रभाव"** शीर्षकको यो शोधपत्र समाजशास्त्रमा एमफिलको आवश्यकताको आंशिक पूर्तिको लागि मेरो पर्यवेक्षणमा तयार पारेकी हुन् । म उनको शोधपत्रबाट सन्तुष्ट छु र म यो शोधपत्र त्रिभुवन विश्वविद्यालयको शोधपत्र मूल्याङ्कन समितिद्वारा मूल्यांकन गर्न सिफारिस गर्दछु ।

...............................................

प्राध्यापक डा. सुरेन्द्र मिश्र

शोध निर्देशक

मितिः २०८१/१२/२७

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

मन्जु पुडासैनीद्वारा तयार पारि र पेश गरिएको **“काठमाडौं उपत्यकामा सहकारी संस्थामा आएको समस्याले सञ्चालकको सामाजिक सम्बन्धमा पारेको प्रभाव”** शीर्षकको यो शोधपत्रलाई शोधपत्र मूल्याङ्कन समितिद्वारा समाजशास्त्रमा एमफिल डिग्रीको आवश्यकताको आंशिक पूर्तिको लागि मूल्याङ्कन र स्वीकृत गरिएको छ ।

.......................................

प्रा.डा. सुरेन्द्र मिश्र
(शोध निर्देशक)

.......................................

सह प्रा.डा.पासाङ शेर्पा
बाह्य परिक्षक

.......................................

डा.केशव सिलवाल
बाह्य परिक्षक

.......................................

सोधपत्र मूल्याङ्कन समिति
सह प्रा. डा. पासाङ शेर्पा
(विभागीय प्रमुख)

मितिः

## कृतज्ञता

यस शोधपत्र तयार गर्ने क्रममा धेरै जनाको सल्लाह सुझाव तथा निर्देशन समावेश छ । सर्वप्रथम यो शोधपत्र तयार गर्नको लागी मलाई आफ्नो अमूल्य समय, सल्लाह तथा निर्देशन दिनुहुने मेरो शोधपत्रका निर्देशक प्रा.डा.सुरेन्द्र मिश्र प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु । उहाँको सल्लाह सुझाव र निर्देशन बिना यो शोधपत्र तयार गर्ने काम असम्भव जस्तै थियो । त्यसै विभागिय प्रमुख डा. पासाङ शेर्पा प्रति पनि हार्दिक कृतज्ञता अर्पण गर्दछु । यसैगरी डा. केशव सिलवाललाई शोधपत्र तयार गर्न क्रममा आवश्यक सल्लासुझाव दिनु भएकोमा हार्दिक कृतज्ञता अर्पण गर्दछु । त्यसै गरी यस शोधपत्र तयार गर्दा आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा मलाई सहयोग गर्ने मेरा सहकर्मि साथीहरु र मसँगै एमफिल अध्ययनरत मेरा सहपाठी साथीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै मलाइ घर परिवारिका सम्पूर्ण झण्झटबाट पर बसेर पठन पाठनमा केन्द्रित हुनका लागि वातावरण निर्माण गर्ने मेरो परिवारका सदस्य मेरा श्रीमान हरिबाहादुर पुडासैनी, छोरा आदिश पुडासैनी र भाई सुनिल बरुवाल  प्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै तथ्याङ्क संकलन गर्ने क्रममा आफ्नो व्यस्त र पिडादायी अवस्थाका वावजुद पनि मेरो लामा लामा प्रश्नको जवाफ झर्को नमानिकन दिने र मलाई थप सल्लाह सुझाव समेत दिएर पूर्ण रुपमा सहयोग गर्नुहुने उत्तरदाताहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । जसको उत्तर बिना यो शोधपत्रको पूर्णता सम्भव नै थिएन ।

**मञ्जु पुडासैनी**

# शोधपत्रको सारसंक्षेप

सहकारी व्यवस्था नेपाली समाजमा परम्परागत र कानुनी दुवैरुपमा प्रचलनमा रहँदै आएको छ। परम्परागत सहकारी कहिले देखि नेपाली समाजमा थियो भन्ने यकिन तथ्यांक नभए पनि लामो समयदेखि अर्थात् सयौं वर्ष अगाडी देखि प्रचलनमा थियो भन्न सकिन्छ । उदाहरणको रुपमा भ्काडा, पर्म, ढिकुर, गुठी, धर्मभकारीलाई लिन सकिन्छ । यस प्रकारका परम्परागत सहकारीहरुले आफ्नो समाज र समुदायमा पर्न सक्ने आर्थिक साथसाथै सामाजिक एकता र सहकार्यका लागि काम गरेका थिए, गरिरहेका छन् । यसका साथ साथै नेपाली समाजमा सरकारको प्रत्यक्ष निगरानी, सहकार्य र सहयोगमा आधुनिक सहकारी पनि रहँदै आएको पाईन्छ । विक्रम सम्वत् २०१६ देखि भने आधुनिक रुपमा आर्थिक र व्यवसायिक पक्षलाई ध्यानमा राखेर सहकारीलाई राज्यबाट नै बढावा दिने काम गर्न थालिएको हो । जसमा समान्यतया सहकारीका अन्तराष्ट्रिय सिद्धान्तका आधारमा सञ्चालन गरिन्छ। जसले समाजमा रहेको एकतालाई बल्लियो बनाउने आन्तरिक लोकतन्त्र र सामाजिक पुँजीलाई बढावा दिने विश्वास गरिन्छ। जसले गर्दा नेपाल सरकारले नै नेपालको अर्थतन्त्रलाई तिन खम्मे अर्थतन्त्रको रुपमा नीजि, सरकारी र सहकारी गरेर नेपाली अर्थतन्त्रको एउटा खम्बाको रुपमा सहकारीलाई ब्याख्या गर्दै आएको थियो । सरकारी ऐन २०४८ र नियमावलि २०४९ बमोजिम मापदण्ड, निर्देशिका र कार्यविधिबाट सरकारी संस्थाहरु दर्ता र संचालनमा रहेका छन् । यी सहकारीहरुलाई नियमन गर्नका लागी सहकारी विभाग, सहकारी प्रशिक्षण केन्द्र, क्षेत्रीय र जिल्ला कार्यालय गरी ४० वटा निकायले कामगरिरहेका छन्। र, ती निकायहरुमा ६०० भन्दा बढी कर्मचारी कार्यरत देखिन्छ।

तर, लोकतान्त्रिक अर्थ प्रणालीको रुपमा व्याख्या गरिएको सहकारी आन्दोलन विक्रम सम्वत् २०७१ मा आइपुग्दा १३० सहकारी संस्थाहरूले सदस्यको रु. ११ अर्ब ४१ करोड १४ लाख ( जम्मा बचतको ५.६४५) फिर्ता गर्न नसक्दा ती संस्थाहरूलाई संकटग्रस्त भएको घोषणा गरियो । त्यसै गरि विक्रम सम्बत् २०७५ साल देखि नेपालमा सहकारी ब्यवस्था माथि प्रश्न उठ्न थाल्यो र विक्रम सम्बत् २०८१ सालमा आउँदा सरकारले नै सहकारीमा भएको घोटाला छानबिन गर्न संसदिय छानबिन समिती नै घोषणा गर्न पर्यो । यस शोधपत्रमा बचत तथा ऋण सहकारी सञ्चालन गर्ने क्रममा सहकारीका अन्तराष्ट्रिय सिद्धान्तको अभ्यासको अवस्था कस्तो रहेको थियो र सहरकारी समस्याग्रस्त भएपछि सहकारीका सञ्चालकको जीवनमा परेको असर कस्तो छ भन्ने दुई उदेश्य राखिएको छ।

सैद्धान्तिक रुपमा सहकारी व्यवस्था, त्यसभित्रको अहिलेको अवस्थालाई अध्ययन गर्न संरचनात्मक प्रकार्यवाद र सामाजिक पुँजीको सिद्धान्तमा आधारित भएर हेर्न खोजिएको छ । जसमा सहकारीको सात अन्तराष्ट्रिय सिद्धान्तलाई सहकारी व्यवस्थाका सात भागका रुपमा अध्ययन गरिएको छ भने दोस्रो खण्डमा सहकारी संकटग्रस्त भएको बेलामा सहकारीले सामाजिक पुँजीको निर्माण र सामाजिक पुँजीको परिचालनको अवस्थालाई विश्लेषण गर्न खोजिएको छ ।

अध्ययनलाई तथ्यगत बनाउन ब्याख्यात्मक अनुसन्धान दर्शनमा आधारित भएर, तथ्यहरूलाई गुणात्मक अनुसन्धान बिधिबाट अन्वेषणात्मक ढाँचामा आधारित भएर तथ्यांकहरु संकलन गरिएको छ । अनुसन्धानमा तथ्य तथा सूचना संकलनका गर्नका लागि प्राथमिक र द्वितिय दुवै स्रोतबाट तथ्यहरु संकलन गरिएको छ । द्वितिय स्रोतमा पूर्व साहित्य तथा सन्दर्भ सामग्रीको अध्ययन गरिएको छ । जसमा नेपाल सरकारको संघिय संसदले समिति नै गठन गरेर सहकारी माथि तयार पारेको प्रतिवेदन, सहकारी विभाग, भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले निकालेका बुलेटिन, लेख रचना, तथा सहकारी ऐन २०७७ को ब्यवस्थालाई केन्द्रमा राखेर अध्ययन गरिएको छ । साथै, प्राथमिक तथ्यांक संकलन गर्नको लागि समस्याग्रस्त घोषणा गरिएका सहकारीको सञ्चालक समितिमा रहको ब्यक्तिसँग गहन अन्तरवार्ता, सरकारीको विषयमा विज्ञ, सहकारीहरु संकटग्रस्त भएपछि त्यस विषयमा काम गरिरहेका सरकारी पदाधीकारीहरु मुख्य सूचनादाताको रुपमा रहेका  छन् । अन्तर्वार्ताका लागि छनौट गरिएका सहभागि र उत्तरदाताको छनौट उदेश्यमूलक छनौट विधिका आधारमा लिइएको छ ।

शोधपत्रका लागि अध्ययन गरिएका आठवटा सहकारी मध्ये चारवटा सहकारीले अन्तराष्ट्रिय सहकारी संघले बनाएका सहकारीका विश्वब्यापी सिद्धान्तलाई राम्ररी पछ्याएको र बाँकी चारवटा सहकारीले सहकारीका कुनै पनि सिद्धान्त नपछ्याएको पाईयो । त्यसै गरि सहकारी राम्ररी सञ्चालन भईरहे पनि अन्य सहकारी समस्याग्रस्त बन्दै जाँदा बजारमा ऋणीहरुले ऋण तिर्न नआउने तर बचतकर्ताले बचत रहक झिक्ने क्रियाकलापका कारण पनि सहकारीहरु समस्याग्रस्त बन्दै गएको पाईयो । त्यसैले सहकारी समस्या ग्रस्त बन्नको लागि कहि सहकारीमा आन्तरिक कारण प्रभावशाली रहेको छ भने केहि सहकारीमा आन्तरिक भन्दा पनि बाह्य कारणले सहकारी संकट ग्रस्त बन्दै गएको पाईएको छ ।

सहकारीको सञ्चालक समितिमा कोहि सहकारीलाई राम्ररी अगाडी बढाउँ सामाजिक काम गरौँ भन्ने उदेश्यले आएको पाईयो भन कोहि पारिवारिक सदस्यहरुलाई नै जानकारी नदिइकन किर्ते गरेर सञ्चालक समितिमा राखेको पाइएको छ । त्यसै गरि कोहि सहकारीका अध्यक्षको अनुरोधलाई टार्न नसकेर, कोहि नयाँ पुस्ताका व्यक्तिलाई अगाडी बढाउन पर्छ भन्ने मान्यता राखेर, कोहि अलिकति नाम, सम्मान, खादा माला र भत्ताको प्रलोभनमा सहकारीको सदस्य बनेको पाईयो । सहकारीको सञ्चालक समितिमा आफ्नो चिनजानको मानिसलाई राख्ने कार्यलाई सामाजिक पुँजीको असल परिचालन भनेर व्याख्या गर्न त सकिन्छ । तर, उनीहरुलाई फसाउने नियत राखेर सुरुबाटै उनीहरुलाई पूर्ण जानकारी पनि नदिई सम्बन्धलाई दुरुपयोग गरेको पक्षलाई विश्लेषण गर्दा सामाजिक पुँजीको दुरुपयोग भएकोभनेर भन्न पनि सकिन्छ । त्यसै गरि सहकारी संकटग्रस्त भएर बन्द हुने र सञ्चालक लुकेर हिड्न पर्ने अवस्था आए पछि सहकारीका सञ्चालकहरुको अन्य सामाजिक पुँजीले पनि राम्ररी काम नगरेका कारण वास्तविक घोटाला वालासँगसगै सञ्चलक समितिमा रहेका निर्दोष मानिस कतै पकाउ पर्ने, कतै बेपत्ता हुने, कतै देशै छोडेर जाने सिलसिला चलिरहेको छ ।

शोधपत्रको निष्कर्षमा सहकारी व्यवस्थालाई समाजशस्त्रका दुई सिद्धान्त संरचनात्मक प्रकार्यवाद र समाजिक पुँजीको सिद्धान्तको आधारमा हेर्न त सकिन्छ । तर, यी दुवै सिद्धान्तले सम्पूर्ण पक्षलाई भन्ने सम्बोधन गर्न नसक्ने निष्कर्ष निकाल्न सकिन्छ । संरचनात्मक प्रकार्यवादले प्रणालीको आन्तरिक पक्षलाई विश्लेषण गर्न सहयोग त पुर्‍याउँछ । तर अध्ययन गरिएका आठ सहकारी मध्ये चारवटा सहकारीहरु आफ्नो आन्तरिक व्यवस्था भन्दा पनि बाहिरी कारणले समस्याग्रस्त भएको पाईएको छ । बाहिरी कारणले समस्याग्रस्त बनेका सहकारीको विषयमा संरचनात्मक प्रकार्यवादबाट अध्ययन गर्न सकिन्न । त्यसै गरि समाजिक पुँजीको सिद्धान्तले चिनजान, सम्बन्ध भएको समाजमा बस्दा हुने फाईदाको विषयलाई जोड दिन्छ । तर, व्यक्ति समस्यामा पर्नको लागि पनि सामाजिक पुँजीको दुरुपयोग हुने र व्यक्ति समस्यामा परेपछि समाजिक पुँजीले काम गर्न बन्द गर्ने अझ सामाजिक पुँजीकै कारणले व्यक्ति एक्लो बन्ने गरेको निष्कर्ष यस शोधपत्रको रहेको छ ।

# तालिका सूची


| | पेज नं. |
|---|---|
| **घोषणापत्र** | **i** |
| **सिफारिस पत्र** | **ii** |
| **स्वीकृति पत्र** | **iii** |
| **कृतज्ञता** | **iv** |
| **शोधपत्रको सारसंक्षेप** | **v** |
| **तालिका सूची** | **viii** |
| **अध्याय एक : परिचय** | **१-११** |
| १.१ पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अनुसन्धान प्रश्न | ९ |
| १.४ अध्ययनको उद्देश्यहरु | १० |
| १.५ अध्ययनको औचित्य | १० |
| १.६ शोधपत्रको संरचना | ११ |
| **अध्याय दुई : पूर्व साहित्यको समिक्षा** | **१२-३०** |
| २.१ सैद्धान्तिक साहित्यको अबलोकन | १२ |
| २.१.१ संरचनात्मक प्रकार्यवाद | १२ |
| २.१.२ समावेशी लोकतन्त्रको सिद्धान्त | १४ |
| २.१.३.समाजिक पुँजीको सिद्धान्त | १६ |
| २.२ नेपालमा सहकारी व्यवस्थाको नीतिगत साहित्यको समिक्षा | १८ |
| २.३ सहकारी व्यवस्था माथि व्यवहारिक साहित्यको समिक्षा | २० |

२.३.१ सहकारी व्यवस्थाको अन्तर्राष्ट्रिय विकास २०

२.३.२ नेपालमा सहकारीता ब्यवस्थाका पारम्परिक रूपहरू २४

२.३.३ सहकारी र महिला सशक्तिकरणको सवाल २६

२.४ अनुसन्धान अन्तर २९

**अध्याय तीन : अनुसन्धान पद्धति ३१-३४**

३.१ अन्वेषणात्मक अनुसन्धानको ढाँचा ३१

३.२ अध्ययन क्षेत्रको छनौट ३२

३.३ तथ्य तथा सूचनाका स्रोत ३२

३.४ समग्र र नमुना ३३

३.५ तथ्याङ्क संकलन बिधि ३३

३.५.१ बिस्तृत अर्न्तवार्ता ३३

३.५.२ मुख्य सुचना दाता अन्तरवार्ता ३४

३.६ तथ्यांकको प्रस्तुति र बिष्लेषण विधि ३४

३.७ अध्ययनको सिमा ३४

**अध्याय चार : सहकारी संस्था संचालनमा अन्तराष्ट्रिय सिद्धान्तको अभ्यास ३५-४६**

४.१ सहकारी भित्र सिद्धान्तको पालनाको अवस्था ३५

४.१.१ सदस्यता प्राप्तीको अवस्था ३५

४१.२ संस्था भित्रको लोकतन्त्रको अवस्था ३७

४.१.३ सदस्यहरुको आर्थिक सहभागिता ३९

४.१.४ सदस्यहरुले प्राप्त गर्ने शिक्षा, तालिम र सूचनाको प्रवाहको अवस्था ४१

४.१.५ स्वयत्त र स्वतन्त्रताको अवस्था ४४

४.१.६ सहकारीको अर्को सहकारीसँगको सम्बन्ध ४५

४.१.७ समुदाय प्रतिको चासो ४६

**अध्याय पाँच : सहकारीका  संस्थाका संचालकको सामाजिक सम्बनधमा परेको प्रभाव** **४७-५७**

५.१ सरकारले समस्याग्रस्त घोषणा गरेपछि सहकारीका संस्थाका संचालकको ससामाजिक सम्बन्धमा परेको प्रभाव ४७

५.१.१ बचत तथा ऋण सहकारीमा बोर्ड सदस्य बन्ने प्रक्रिया ४७

५.१.२ सहकारी संकट ग्रस्त हुदै छ भन्ने जानकारी वा पूर्व जानकारी ५०

५.१.३ प्रहरीले पक्राउ पुर्जी जारि गरेपछि व्यक्तिगत र पारिवारिक जीवनमा पारेको असर ५१

५.१.४ प्रहरीले पक्राउ पुर्जी जारी गरेपछि पेशा/व्यवसायमा परेको असर ५३

५.२ सरकारको भूमिका ५५

**अध्याय छ : सारांश तथा निष्कर्ष** **५८-६४**

६.१ सारांश ५८

६.२ निष्कर्ष ६१

**सन्दर्भ सामाग्रीहरु** **६५-६९**

**अनुसूचि** **७०-७१**

# अध्याय एक
# परिचय

## १.१ पृष्ठभूमी

नेपाली बृहत् शब्दकोश अनुसार सहकारीतालाई “धेरै व्यक्ति एकसाथ मिलेर काम गर्ने भावना वा सामुहिक रूपले काम गर्ने प्रवृत्ति” र सहकारीलाई एक साथ मिलेर काम गर्ने वा साथसाथै काम गर्ने भनी परिभाषित गरिएको पाइन्छ । सहकारीतालाई अङ्ग्रेजीमा Co–operation भनिन्छ । अङ्ग्रेजी शब्द co–operate मूल ल्याटिन भाषाको cooperari बाट आएको हो । जसको अर्थ अङ्ग्रेजीमा पनि सँगसँगै काम गर्नु भन्ने क्रियाबाट सहकारीता शब्द बनेको देखिन्छ । यसरी मिलिजुली गरिने काम कतै सरकारको निगरानी र नेतृत्वमा त कतै स्वतन्त्र रुपमा नेपाली समाजमा सयौँ वर्ष अगाडी देखि रहँदै आएको थियो । जसको उदाहरणको रुपमा सरकारी कामका लागि गरिने झारा, किसानहरुले गर्ने पर्म वा परेली, नेवारी समाजको मर्दापर्दा आवश्यक काम गर्न निर्माण गरिएका गुठी, थकालि समुदायको आर्थिक सहकार्य ढिकुटीलाई लिन सकिन्छ ।

तर, मिलिजुली गरेको जुनसुकै कार्य भने सहकारीता हुँदैन भनेर सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदिय छानबिन विशेष समितले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ (संसदिय छानविन विशेष समिति, २०८१) । सहकारी हुनका लागि वाा मानिनका लागि व्यक्तिहरू निश्चित मौलिक सिद्धान्त अनुसार लागिमेली गर्न राजी भएको हुनुपर्दछ ।

नेपालमा आधुनिक रुपमा सरकारी संयन्त्रको प्रत्यक्ष निगरानीमा काम गर्ने गरि गठन भएको भने राणा शासनको अन्त्य र प्रजातन्त्रको उदयसँगै भएको पाईन्छ । सहकारी संस्थाहरुको स्थापना र सञ्चालन विक्रम सम्वत्, २०१६ साल देखि नै हुँदै आएको हो । त्यहि बेला देखि सहकारीलाई आमरुपमा स्वावलम्बन, मितव्यायिता र पारस्परिक सहयोगमा आधारित आन्दोलनको रुपमा लिने गरिएको छ । जनस्तरमा विकास प्रक्रिया स्थापित गर्ने माध्यमको रुपमा नेपाल सरकारले नै सहकारी आन्दोलनबाटै लोकतान्त्रिक विकास गरेर लोकतन्त्रको अभ्यास संस्थागत गर्न समेत यसको पहल गरेको थियो । नेपालमा सहकारी प्रणालीको विभिन्न चरणलाई यसरी हर्ने गरिएको पाइन्छ । सन् १९५६ भन्दा पहिलो काल खण्डमा अनौपचारिक रूपमा सहकार्यमा आधारित परम्परागत रूपमा सहकारीको अभ्यास भएको पाइन्छ (आचार्य,

२००९) । त्यसै गरी सन् १९९६ देखि सन् १९९० सम्मको चरणलाई दोस्रो चरण मानिने गरिन्छ । यो चरण सहकारी विभागको औपचारिक शुरुवात सगैं भएको पाइन्छ । यो काल खण्डमा विशेष गरी कृषि क्षेत्रमा आधारित भएर सरकारद्धारा सहकारीमा सुधारको अभ्यास भएको पाइन्छ । सहकारी व्यवस्थाको विकासको तेस्रो चरणको रुपमा सन् १९९० देखि सन् २००६लाई लिने गरिन्छ । उक्त समयमा नेपाली समाजमा लोकतान्त्रीक राजनीतिक व्यवस्थाको पुनस्थापनासँगै सन १९९० पछि सहकारी व्यवस्थामा सहकारी मैत्री वातावरणको शुरुवात भयो । यो सहकारी सञ्चालको यो चरणमा धेरै मात्रामा सहकारी संचालनमा आए विशेष गरी वचत तथा ऋण सहकारी संस्था (शर्मा, २०१९) । सन् २००६ देखि हाल सम्मको अवस्थालाई चौथो चरणको रुपमा पनि लिने गरिएको छ । यस चरणलाई सशस्त्र संघर्ष पछि हाल सम्मको कालखण्डलाई लिन सकिन्छ । यो समयमा सहकारी प्रणालीमा समावेशीतामा आधारित भई दिर्घकालीन विकासलाई ध्यानमा राखेर सहकारी प्रणाली संचालन भएको पाइन्छ (पौडेल, सन् २०१८) ।

जसले महिला, किसान तथा सिमान्तकृत रुपमा रहेका ग्रामिण भेकका बासिन्दाको आर्थिक साक्षारता बढाउने, महिला सशक्तिकरण गर्ने र सहजरुपमा बैंक नपुगेका स्थानहरुमा ऋण उपलब्ध गराउने उदेश्यले सहकारीलाई राष्ट्रिय अभियान कै रुपमा विकास गरेर लागु गरिएको थियो । यस अभियान अन्तरगत नेपाल सरकारले विभिन्न संयन्त्र नै बनाएर काम गरेको थियो । त्यसका उदाहरणको रुपमा सहकारी, भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय, सहकारी बिकासबोर्ड जस्ता सरकारी संयन्त्रलाई लिन सकिन्छ । यसरी अगाडी बढाईएको सहकारी आन्दोलनले महिलाहरुको साक्षारता, राजनीतिक नेतृत्व विकास, आर्थिक साक्षारता र सामाजिक पुँजीको निर्माणमा महत्वपूर्ण भूमिका खेलेको ब्याख्या गर्ने गरिन्थ्यो । त्यसै अनुरुप नेपालको अर्थतन्त्रलाई तीन भागमा विभाजन गरेर तीन खम्बे अर्थतन्त्रको रुपमा पनि परिभाषित गरिँदै आईएको थियो । जसमा सरकारी, नीजि र सहकारी गरि सहकारी व्यवस्थालाई अर्थतन्त्रको एक महत्वपूर्ण पक्षको रुपमा लिँदै आईएको थियो ।

ती निश्चित सिद्धान्त सन् १९९५मा अन्तराष्ट्रिय सहकारी सञ्जालले अंगिकार गर्न भन्दा अगाडी सम्म छरपष्ट रुपमा रहेका थिए । सन् १९९५मा सहरकारीको अन्तराष्ट्रिय सञ्जाल (International Co-operative Alliance) ले सहकारीका विश्वब्यापी सिद्धान्त (universal principle of cooperatives) का रुपमा सात सिद्धान्तलाई अंगिकार गरको छ । जसमा, स्वइच्छा

र खुल्ला सदस्यता, सदस्यद्धारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरुको आर्थिक सहभागिता, स्वयत्त र स्वतन्त्रता, शिक्षा तालिम र सुचना, सहकारीहरुबिच सहकार्य र समुदाय प्रति चासोलाई समावेश गरेको थियो ।

सहकारी संस्था स्वतन्त्र तथा प्रजातान्त्रिक रुपमा नियन्त्रि तथा प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षा हरु परिपुर्ति गर्न  स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिको स्वायत संगठन हो, (वार्षिक प्रगति प्रतिवेदन २०६९/२०६०) । सहकारी क्षेत्रलाई सम्मानजनक, जवाफदेही र नाफामूलक बनाउनका लागि सन् १९८५ मा International CO-operative Alliance(CLA) को स्थापना भएको थियो । सिएलएले विश्व भरिका सहकारी संस्थाहरुलाई विश्वसनियता प्रदान गर्ने, सहकारी संस्थालाई आफ्ना सदस्यहरूको हितलाई सर्वोपरि राख्दै स्वतन्त्र दिर्घकालीन संस्थाको रूपमा संचालनको लागि केही मान्यता आदर्श विकास गरेको थियो । जसलाई सहकारिताको विश्वव्यापी सिद्धान्तको रुपमा लिने गरिन्छ ।

मूल्य : सहकारी संस्थाहरू स्वतन्त्र, स्वउत्तरदायित्व, प्रजातन्त्र समानता, न्याय र ऐक्यवद्धताका मुल्यमा आधाति छन् । आफ्ना संस्थाहरूको परम्परामा सहकारी संख्याका सदस्यहरूले इमान्दारिता खुलापन सामाजिक दायित्व र अरुको चासो राख्ने नैतिक मूल्यहरूमा विश्वास राख्छन । सिद्वान्तः सहकारी सिद्धान्तहरु सहकारी संस्थाहरूद्वारा आफ्ना मूल्यलाई व्यवहारमा उतार्न मार्गदर्शनहरु हुन् ।

**स्वेच्छिक र खुला सदस्यता** :  सहकारी संस्थामा प्रत्येक सदस्य आफ्नो इच्छा अनुसार प्रवेश गर्न र बाहिर निस्कन वा सदस्यता त्याग गर्न स्वतन्त्र हुन्छन् । यसको लागि उनिहरुले कुनै विशेष शुल्क तिर्नु पर्दैन । सहकारी संस्थाका सदस्यहरु स्वेच्छिक रुपमा संस्थामा संगठित हुन्छन् भन्ने मान्यता राखिन्छ । यी संस्थाहरुबाट प्राप्त हुने सेवा उपभोग गर्न सक्ने र सदस्यताको जिम्मेबारी वहन गर्न चाहने सबै व्यक्तिहरूको लागि सदस्यता खुला रहन्छ । त्यसैले सहकारीका सदस्यहरुलाई सहकारी भित्रका सम्पूर्ण विषयमा जानकारी साधारण सभामा दिईन्छ, त्यसै मार्फत नेतृत्व चयन हुन्छ भन्ने मान्यता पनि राखिन्छ ।

**सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रणः** सहकारीहरू आफ्ना सदस्यहरूद्धारा नियन्त्रित प्रजातान्त्रिक संगठन हुन । यी संस्थाका सदस्यहरु आफ्नो संस्थाको नीति तय गर्ने र  निर्णय

गर्नमा सक्रिय रूपमा सहभागि बन्छन् । निर्वाचित प्रतिनिधिको रुपमा सेवा गर्ने महिला तथा पुरुषहरु आफ्नो सहकारीका अन्य सदस्यहरु प्रति उत्तरदायि हुन्छन् । प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतको आधारमा सदस्यहरूको समान अधिकार हुन्छ भन्ने मान्यता राखिन्छ । त्यसै गरि अन्य तहका सहकारी संस्थाहरु पनि प्रजातान्त्रिक आधारमा गठन गरिन्छ ।

**सदस्यको आर्थिक सहभागिताः** सहकारी संस्थाका सदस्यहरु आफ्नो संस्थाको पुँजीमा न्यायिक रूपमा सहभागि हुन्छन् र यस पुँजी माथि नियन्त्रण राख्दछन् । कम्तीमा खासगरी यस पुँजीको केही भाग सहकारी संस्थाको साझा सम्पति हुन्छ । यस सस्थामा बचत (नाफा) भएमा सदस्यहरुले आफ्ना सदस्यताको लागि चुक्ता गरेको शेयर पुँजीमा सिमित बचत फिर्ता पाउँछन् भन्ने सिद्धान्तलाई सहकारीको अन्तराष्ट्रिय संगठनले व्याख्या गरेको छ ।

**शिक्षा, तालिम र सूचनाः** सहकारी संस्थाहरूले अति प्रभावकारी रुपमा योगदान दिन सकोस भनि आफ्ना साधारण सदस्यलाई, निर्वाचित प्रतिनिधि, व्यवस्थापक र अन्य कर्मचारीहरुलाई शिक्षा तालिम उपलब्ध गराउछन् । यस प्रकारका शिक्षा, तालिम तथा सूचना सहकारी कुन उदेश्यले खोलिएको हो भन्नेमा आधारित हुन्छन् । सहकारीताको प्रकृती र लाभबारे सामान्य जनतासँग खास गरेर तरुण पुस्ता र वैचारिक अगुवाहरुलाई सूचित गर्छन् भन्ने अर्को मान्यता अथवा सिद्धान्त रहेको छ ।

**स्वायत्तता र स्वतन्त्रताः** सहकारी स्वायत्त र सदस्यद्वारा नियन्त्रित संस्था हो । सरकारीले सरकार अन्य निकायहरुसँग आपसी हितका लागी सम्झौता गर्न सक्छ । तर, यस्तो सम्झौताले सदस्यको हकमा आच आउनु हुदैन भन्ने मान्यता राख्ने गरिन्छ । सरकारीहरुले आफूलाई आवश्यक पर्ने नीति नियमहरू राज्यको कानुनसँग नबाझिने हदसम्म तयार गरी परिचालन गर्न स्वतन्त्र रहन्छन् । यसर्थ स्वायत्तता र स्वतन्त्रता सहकारीको मर्म भएकाले अन्तराष्ट्रिय सहकारी महासंघले यसलाई पालना गर्नु आवश्यक ठानेको छ ।

**सहकारी बीच पारस्पारिक सहयोगः** सहकारीले अति प्रभावकारी रुपमा आफ्ना सदस्यहरुलाई सेवा पुऱ्याई स्थानिय, क्षेत्रिय, राष्ट्रिय अन्तराष्ट्रिय तहमै आ-आफ्ना कारोवारका दौरानमा प्राप्त गरेका अनुभवहरु आदान प्रदान मात्र नभई पारस्परिक लाभका लागि एक-अर्कालाई सघाउनु पर्छ । त्यसैले एक सहकारीका सदस्यले अन्य सहकारीका सदस्यहरुका कामबाट सिक्ने, एउटा सहकारीको बचत रकम अर्को सहकारीलाई ऋणको रुपमा दिने गरिन्छ ।

**समुदाय प्रतिको चासोः** प्रत्येक सहकारीले आफ्ना सदस्यलाई वार्षिक साधारण सभाद्वारा निर्धारण गरिएका नीति तथा कार्यक्रमहरुको आधारमा समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि काम गर्ने योजना बनाउछन् भन्ने मान्यता राखिएको हुन्छ। यसरि सहकारीले आफुहरुद्वारा निर्धारित नीतिका आधारमा आफ्ना समुदायको दिगो विकासको लागि कार्य गर्छन् भन्ने सहकारीको अर्को विश्वव्यापी सिद्धान्तको रुपमा लिने गरिन्छ ।

त्यसैले सहकारी व्यवस्था साझा आर्थिक, सामाजिक सांस्कृतिक लक्ष्य सहितको आफ्नै सदस्यहरुद्वारा संचालित र नियन्त्रित प्रजातान्त्रिक प्रणालीद्वारा स्वतन्त्र र ऐच्छिक रुपमा संचालित स्वायत्त संस्थाको रुपमा लिने गरिन्छ। जसले सामाजिक पुँजी भित्रको गतिशिलतसँग निकट सम्बन्ध राख्ने साझा सहकार्यमा आधारित, आफ्नै सदस्यहरू मार्फत प्रजातन्त्रिक प्रणिलीद्वारा संचालित सामूहिक संगठनको रूपमा रहेको सहकारी प्रणालीले सामाजिक पुँजी निमार्ण पनि गर्छ र सामाजिक पुँजी परिचालन पनि भनेर नेपाल राष्ट्रवैंकका पूर्व गभर्नर तथा अर्थ मन्त्री युवराज खतिवडाले आफ्नो लेखमा उल्लेख गरेका छन् (खतिवडा, २०२१) ।

तर, लोकतान्त्रिक अर्थ प्रणालीको रुपमा व्याख्या गरिएको सहकारी आन्दोलन विक्रम सम्वत् २०७१ मा आइपुग्दा १३० सहकारी संस्थाहरूले सदस्यको रु. ११ अर्ब ४१ करोड १४ लाख (जम्मा बचतको ५.६४५) फिर्ता गर्न नसक्दा ती संस्थाहरूलाई संकटग्रस्त घोषणा गरी तिनको व्यवस्थापनका लागि छुट्टै संस्था बनाउनुपर्ने सिफारिस समेत प्राप्त भयो। नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने उद्घोष गरेसँगै विद्यमान संगठनात्मक संरचना, कानूनी व्यवस्था र प्रणालीबाट समस्याको समाधान नहुने महसुस गरी सहकारी ऐन, २०७४ समेत जारी गऱ्यो।

त्यसै गरि सहकारी संस्था वचत रकम दुरुपयोग सम्वन्ध नेपाल सरकारले सहकारी संस्था बचत रकम दुरुपयोग सम्वन्धमा संसदिय विशेष छानविन समिति २०८१ समेत गठन गऱ्यो । उक्त संसदिय विशेष छानविन समिति २०८१ को प्रतिवेदनले सहकारी संस्था समस्याग्रस्त हुनुमा विभिन्न कारणहरु उल्लेख गरेको छ। जसमा कोभिड १९ महामारी र विश्वव्यापी आर्थिक मन्दीका कारण वित्तिय प्रणालीमा सिर्जित तरलताको समस्याले सहकारी क्षेत्रमा पर्न गएको प्रभावलाई थेग्ने बलियो संस्थागत प्रणालीको अभावको कारण सिर्जित अविश्वास, सहकारीमा आधारभूत मूल्य, मान्यता र सिद्धान्तको बुझाइमा एकरुपताको कमी र त्यसको माध्यमबाट गलत फाइदा उठाउनेतर्फ सरकारी लाई दुरुपयोग गर्ने तत्वको

सक्रियता । केही सहकारी संचालकबाट भएका गम्भीर गल्ती कमजोरी र लापरवाही, कारवाही गर्न नसक्ने नियमनकारी निकाय र स्वायत्तता स्वतन्त्रताको नाममा ढाकछोप गर्ने सहकारी अभियान आदि उल्लेख गरिएको छ ।

नेपालमा सहकारी प्रणालीले विभिन्न आरोह अवरोह पार गर्दै आएको पाइन्छ । कतिपय सवालमा सहकारी संस्थाका प्रशंसनिय कार्यहरु गरिरहेका छन् भने कतिपय विषयकमा गम्भिर कम्जोरीका घटनाहरु बाहिर आइरहेका छन् । नेपालमा सहकारी संस्थाका वचत रकम दुरुपयोग सम्वन्धमा विभिन्न समयमा र पटक-एक छानविन समिति गठन गर्ने र समितिले प्रतिवेदन पेश गर्ने कार्य पटक-पटक हुदै आइरहेको पाइन्छ । सहकारी संस्था बचत रकम दुरुपयोग सम्वन्धमा संसदिय विशेष छानविन समिति २०८१ ले आफ्नो प्रतिवेदनमा उल्लेख गरे अनुसार यो छानविन विशेष समिति १० औं समिति भएको उल्लेख गरेको छ ।

यसरी समुदायलाई केन्द्रमा राखि सिमान्तकृत समुदायको हक हितको लागि लोकतान्त्रिक विधिले स्थापना भएका सहकारीहरुमा कसरी समस्या आयो त भन्ने मुल प्रश्नमा रहेर यो सोधपत्र तयार गर्न खोजिएको छ । बचत तथा ऋण सहकारी संस्था भित्रको ब्यवस्थापकिय समस्या छ, भन्ने कुरा जान्दा जान्दै पनि, यसलाई सुधार्ने तर्फ आवश्यक कदम चालिएको पाइएन ।

## १.२ समस्याको कथन

नेपालको मौजुदा संविधान नेपालको संविधानले अर्थतन्त्रका तीन खम्बाको रूपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई लिएकोछ । जसको आधारमा नेपालको अर्थतन्त्रको एउटा खम्बाको रुपमा सहकारी ब्यवस्थालाई लिन सकिन्छ । जसले किसान, महिला तथा सिमान्तकृत समुदायको आर्थिक साक्षारता, सामाजिक सशक्तिकरणलाई जोड दिएको छ ।

नेपालमा सहकारीको इतिहास केलाउने हो भने, २०१० भदौमा योजना, विकास तथा कृषि मन्त्रालय मातहत सहकारी विभाग खडा गरिएपछि नेपालमा संस्थागत रूपमा सहकारी विकास सुरू भएको मानिन्छ । उक्त विभाग स्थापनाको पूर्वतयारीकै क्रममा २००९ सालमा कोलम्बो योजना अन्तर्गत दुईजना वरिष्ठ अधिकृतहरूलाई श्रीलङ्का पठाएर सहकारी विकासको आयामका बारेमा अध्ययन गर्न लगाईएको थियो । त्यस लगत्तै विक्रम सम्वत् २०११ सालको अन्त्यतिर

नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको सहायता नियोगको सहयोगमा राप्ती दुन बहुमुखी विकास आयोजना (Rapti Valley Multi–purpose Development Project) सन्चालन गरिएको थियो । राप्ती दुन चितवन उपत्यको वन क्षेत्र बाहेकको बाँझो तर उर्वर जग्गामा खेती गरी खाद्यान्न नपुग पंहाडी जिल्लामा आपूर्ति गर्ने, कृषि तथा वन पैदावारमा आधारित उद्योगधन्दा खोल्ने र गरिबीमा रहेका जनतालाई रोजगारी दिलाउने उद्देश्य उक्त आयोजनाले लिएको थियो । त्यसपछि प्रथम पञ्चवर्षीय योजना (२०१३/१४-२०१७/१८) को दस्तावेजमा छुट्टै अध्यायमा समावेश गरि उक्त आयोजना प्रमुख विकासको पहलमा राखिएको थियो ।

सहकारी संस्थाको गठन, दर्ता र कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्थाको अभाव पूर्ति गर्न विक्रम सम्वत् २०१३ साल मंसीरमा तत्कालिन नेपाल सरकारले कार्यकारी आदेश जारी गरिएको पाइन्छ । उक्त कार्यकारी आदेश बमोजिम सोही सालको चैत २० गते चितवन जिल्लामा १३ वटा सहकारी संस्था स्थापना भएका थिए । दर्ताको पहिलो क्रममा बखानपुर सहकारी ऋण समिति देखिएकाले शारदानगरमा विक्रम सम्वत् २०१३ जेठ १० गते निर्णय भई उक्त निर्णय प्रकाशन भएको सरदार भिमबहादुर पाण्डेको *त्यसबखतको नेपाल*मा उल्लेख पाईन्छ । उक्त निर्णयको तीन वर्षपछि २०१६ सालमा कृषक, कालिगढ र कम पुँजीवाला व्यक्तिहरूको आर्थिक विकास गर्ने उदेश्यले स्वावलम्बन, पारस्पारिक सहयोग र किफायतको वृद्धिको निमित्त सहकारी संस्थाहरूको गठनलाई अधिक सुविधाजनक गर्न भन्दै सहकारी संस्था ऐन २०१६ जारी भएको थियो ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धी विशेष छानबिन प्रतिवेदन २०८१ मा नेपालको कूल ग्राहस्थ उत्पादनको लगभग चार प्रतिशत सहकारीको क्षेत्रको हिस्सा रहेको उल्लेख गरेको छ। समग्र आर्थिक क्षेत्रको २० प्रतिशत योगदान सहकारी क्षेत्रको रहेको छ। नेपाल जीवनस्तर मापन सर्वेक्षण २०७८/०७९ का अनुसार ३० मिनेटभित्र यात्रा गरेर सहकारी संस्थामा पुग्ने जनसंख्याको ८३ प्रतिशतभन्दा बढी रहेको उल्लेख देखाउँछ। वि.सं. २०५१/०५२ मा गरिएको सोही सर्वेक्षणले २६ प्रतिशत जनसंख्याको हिस्सा ३० मिनेट हिडेर सहकारी संस्था पुग्ने गर्दथे । सोहि छानबिन समितिले उल्लेख गरे अनुसार २६.४ गरिब र ४३.८ प्रतिशत धनी घरधुरीहरू सहकारीका नजिक रहेका छन् । यसले बागमती प्रदेशमा सहकारीसँग आम नागरिकको पहुँच सहज देखिएको छ र धनीहरू गरीबको तुलनामा सहकारीका नजिक बसोवास गर्ने गर्दछ । नेपाल जीवनस्तर मापन सर्वेक्षण २०७८/०७९ मा उल्लिखित तथ्याङ्कअनुसार

सबैभन्दा बढी ऋण सापटी आफन्त (४२.५ प्रतिशत) बैङ्क तथा वित्तीय संस्थाबाट (२२.४ प्रतिशत) र सहकारीबाट १८.३ प्रतिशत ऋण सापटी लिने गरेको पाइएको पनि सोहि प्रतिवेदनमा उल्लेख छ ।

नेपालको संविधानले अर्थतन्त्रका तीन खम्बाको रूपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई लिएको देखिन्छ । अर्थतन्त्र र समग्र वित्तीय प्रणालीको महत्त्वपूर्ण खम्बा स्वीकारिएको सहकारी क्षेत्रमा समस्या देखिएको र सहकारीका सदस्यको बचत रकम अपचलन र दुरुपयोग भएको भनी संघीय संसद र सार्वजनिक रूपमा प्रश्न उठेपछि तत्कालीन प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस र अन्य विपक्षीहरूले संसदीय छानबिन समितिको माग राखी लामो समय सदन अवरूद्ध गरेका थिए । सदनमा उठेका मागका सम्बन्धमा अध्ययन, छानबिन गरी समाधानका उपाय सिफारिस गर्न प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम २०८१ जेठ १५ गते सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा सात सदस्यीय संसदीय छानविन विशेष समिति गठन भएको थियो । उक्त छानबिन विशेष समितिका अनुसार करिव २.५ खर्वको आर्थिक अपचलन, त्यसमा संलग्न करिव ५०० सहकारी संघ, संस्था र लाखौं सदस्यहरूका बचतको हिनामिना, १,७०० जना विरुद्ध पकाउ पूर्जी जारी भएको उल्लेख छ ।

स्वतन्त्र रुपमा तयार पारिएका विभिन्न लेख, रचना, अध्ययन अनुसन्धान मार्फत सहकारी व्यवस्था भित्र मौलाउदै भएको भ्रस्ट मानिसिकतामा आधारित गतिविधी तर्फ सम्बन्धित नियमनकारी निकाय उदासिन भएको समेत उल्लेख गर्दै आएको पाईन्छ । धेरै सहकारी संस्था कमजोर शासन प्रणली, आर्थिक पारदर्शिताको अभाव, र सिमित सदस्यता भएको अवस्थासँग संघर्ष गरिरहेको उल्लेख गरेका थिए (शर्मा, २०१६) । त्यसै गरि सहकारी संस्थामा ठगी/घोटाला समस्या आउनुमा आर्थिक व्यवस्थापनमा प्रयाप्त मात्रमा दक्ष जनशक्तिको अभाव र खराब व्यवस्थापकिय पक्ष नै हो, (पौडेल, सन् २०१८)। उनीहरुको अध्ययनमा ग्रामिण भेगमा धेरै सहकारीहरु अझै पनि पुँजी, प्रविधि र दक्ष जनशक्तिको अभावका कारण समस्यामा परेको उल्लेख गरेका छन् (भट्ट, २०१८) । साना तथा मध्यम खालका सहकारी संस्था नियमनकारी निकायको वेवास्ताका कारण समस्याग्रस्त भएको पनि अध्ययनले देखाएको छ । (उप्रेत्री, २०१९) । नेपालको सहकारी संस्था राजनीतिक क्षेत्रको प्रभावका कारण स्वतन्त्र रुपमा संचालनमा छैनन भन्ने विषयमा पनि यो भन्दा अगाडी अध्ययन भएको छ (आचार्य, २०१९) । तर, यी सबै अध्ययनले सहकारीहरु किन समस्यामा पर्दै आएका छन् भन्ने समग्र अध्ययन गरेको भन्दा पनि सुझावको एउटा पक्षको रुपमा मात्रै राख्ने गरेको पाईन्छ ।

सामाजिक सशक्तिकरणको लागि आन्तरिक लोकतन्त्र बल्लियो बनाउन सरकारको प्रत्यक्ष निगरानीमा निर्मित संस्थाहरुमा यो तहको संकट आउनुका पछाडीका कारणहरु नै यस सोधपत्रको समस्याको कथन हो । त्यसैले यस सोधपत्रमा सहकारीमा आएको समस्याका कारण खोज्ने, समस्या आउन भन्दा अगाडी राज्यले खेलेको भूमिका अध्ययन गर्ने र सहकारी भित्रको आन्तरिक लोकतन्त्रको अवस्थालाई मुख्य रुपमा हेर्ने उदेश्य राखेर यो शोधपत्र तयार गर्न खोजिएको छ ।

## १.३ अनुसन्धान प्रश्न

नेपालमा पहिलो पटक विक्रम सम्बत् २०१६मा सहकारी ऐन २०१६ जारि भएकै समयमा सहकारीलाई दर्ता गर्ने प्रावधान रहेको थियो । सहकारीको गठन सरकारको प्रत्यक्ष सहभागितामा भएको थियो । त्यसै गरि नेपालको तीन खम्बे अर्थ नीतिमा आधारित भएर सरकारको प्रत्यक्ष निगरानीमा अन्तराष्ट्रिय सहकारी सञ्जालले निर्माण गरेका सिद्धान्तका आधारमा चलेका सहकारी समस्याग्रस्त हुने अवस्थामा आउनको लागि के सहकारीहरुमा सहकारीको सिद्धान्तलाई पछ्याईएको थियो कि थिएनन् ? वा समस्याग्रस्त भएका सहकारीले सहकारीका अन्तराष्ट्रिय सिद्धान्तहरुको अध्यासहरुको अवस्था कस्तो थियो ? भन्ने प्रश्नलाई शोधपत्रको पहिलो प्रश्नको रुपमा राखेकि छु । त्यसै गरी शोधपत्रको दोस्रो प्रश्नको रुपमा सहकारीको सञ्चालक समितिको सदस्य बन्ने प्रक्रिया, सहकारी भित्रको आन्तरिक लोक तन्त्र र सूचना प्रणाली, सहकारी समस्या ग्रस्त भए पछि सञ्चालक समितिका सदस्यलाई ब्यक्तिगत रुपमा, पारिवारिक रुपमा र सामाजिक रुपमा परेको प्रभावलाई सम्रगमा सहकारीलाई सरकारले समस्याग्रस्त घोषणा गरे पछि त्यसका सञ्चालकलाई परेको प्रभावलाई राखेकि छु ।

त्यसै गरि सहरकारी समस्याग्रसत बन्ने बेला सम्म सरकारले किन हेर्न सकिरहेको थिएन भन्ने यस अध्ययनको अर्को मुख्य प्रश्न रहेको छ । त्यसै गरि सहकारी ब्यवस्था आफैमा लोकतन्त्रमा आधारित भएर संचालन पद्धतीलाई लिने गरिएको थियो । त्यसमा सहकारीका सातवटा सिद्धान्त लोकतन्त्रका मुल मान्यतामा टेकेर राखिएको थियो । तर, सहकारीका केहि उच्च पदस्त व्यक्तिहरुले सहकारीको बचत रकम दुरुपयोग गर्ने अवस्था के कति कारणले आयो, सहकारी संस्थाभित्रको लोकतन्त्रको अवस्था कस्तो थियो भन्ने अर्को अनुसन्धान प्रश्न रहेको छ । यस अनुसन्धानमा मूख्य अनुसन्धान प्रश्नहरु निम्न प्रकार छन् ।

१. बचत तथा ऋण सहकारी संस्था सञ्चालनको क्रममा सहकारीका राष्ट्रिय सिद्धान्तको अभ्यासको अवस्था कस्तो थियो ?

२. सहरकारीलाई सरकारले समस्याग्रस्त घोषणा गरेपछि सहकारी संस्थाका संचालकको सामाजिक समबन्धमा कस्तो प्रभाव पा रेको छ ?

## १.४ अध्ययनको उद्देश्यहरु

यस अध्ययनको मूख्य उद्देश्य यस प्रकार रहेका छन् ।

१. बचत तथा ऋण सहकारी संस्था सञ्चालनको क्रममा सहकारीका राष्ट्रिय सिद्धान्तको अभ्यासको अवस्था कस्तो थियो ?

२. सहरकारीलाई सरकारले समस्याग्रस्त घोषणा गरेपछि सहकारी संस्थाका संचालकको सामाजिक समबन्धमा कस्तो प्रभाव पारेको छ ?

## १.५ अध्ययनको औचित्य

पूर्व साहित्य अध्ययनको कममा सहकारी संस्था मार्फत महिलाहरुको आय आर्जनमा पहुँच पुगेको, निणर्य प्रकृयामा उनिहरुको सहभागिताको दरमा वृद्धि हुनाका साथै महिला शशक्तिकरणमा सहकारी संस्थाले उल्लेख्य भूमिका खेलेको कुरा पढन पाइन्छ । यसैगरी सहकारी संस्था मार्फत छरिएररहेका पूँजि एकतृत गरी आर्थिक विकासमा टेवा पुगेको विषयलाइ पनि धेरैले आफ्नो अध्ययनको विषयवस्तु बनाएको पाइयो । ग्रामिण कृषी तथा पशुपालनमा पनि सहकारीको सकारात्मक भूमिकाको कयौं लेखहरुमा पढन् पाइन्छ । सहकारी संस्थामा बचत कर्ताको बचत रकम दुरुपयोगको शन्दर्भले पनि थुप्रै शोधकर्ताको ध्यान तान्न सफल भएको देखिन्छ । यसरी सहकारी संस्थामा बचत कर्ताकोबचत रकम दुरुपयोग भइ समस्या देखिदा यस अध्ययनको चासो भनेको, के सबै सहकारी त्यो पनि विशेषगरी बचत तथा ऋण सहकारी संस्थाको सबै संचालकहरु बजारमा सुनिए जस्तै खराब र बचत रकम दुरुपयोग गर्ने मात्रै छन् त ? भनेर यसभित्रको अवस्थालाइ अध्ययन गर्न खोजिएको हो । र साथ साथै सहकारी संस्था संचालनको दौरानमा सहकारीको अन्तराष्ट्रिय मूल्य मान्यताको प्रयोगको अवस्था कस्तो छ भन्ने पनि यस अध्ययनको औचित्य रहेको छ ।

### १.६ शोधपत्रको संरचना

यस उप खण्डमा शोधपत्रको संरचनालाई केन्द्रमा राखेर त्यसको संरचनाको विवरण समावेश गरिएको छ । सोधपत्रको पहिलो खण्डमा परिचय राखिएको छ । जसमा सहकारीमा आएको समस्या, समस्या सँगै नेपाली समाजमा बढिरहेको विवाद, सोधपत्रको समस्याको कथन, उदेश्य, अनुसन्धान प्रश्न, अनुसन्धानको आवश्यकतालाई समावेश गरिएको छ । त्यसै गरी सोधपत्रको दोस्रो खण्डमा पूर्व साहित्यको समिक्षामा समाजशास्त्रका मुख्य सिद्धान्तसँग सहकारी आर्थिक व्यवस्थाको सम्बन्धलाई मार्क्सवादी, संरचनात्मक प्रकार्यवादका आधारमा व्याख्या गरिने छ । नीतिगत समिक्षामा नेपालको संविधान, सहकारीसँग सम्बन्धित ऐन कानुन कार्यविधि, संघिय सरकारले बनाएको सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदिय छानबिन बिशेष समिति, २०८१ले तयार पारेको प्रतिवेदन सहितको समिक्षा गरिने छ। त्यसै गरि पूर्व साहित्यको समिक्षामा नै सहकारीलाई केन्द्र बिन्दु मानेर गरिएका प्राज्ञिक अध्ययन, अनुसन्धान तथा सार्वजानिक बहसमा आएका विषयलाई अनुभव जन्य साहित्यको समिक्षामा समावेश गरेर वर्णन गरिएको छ। यस सोधपत्रमा गुणत्मक आनुसन्धान अर्न्तगत सहकारीमा आएको समस्या, समस्या आउन भन्दा अगाडी सरकारले खेलेका भूमिका र सहकारीको लोकतान्त्रिक अवस्थालाई विश्लेषण गर्न खोजिएको छ ।

सोधपत्रको तेस्रो खण्डमा अनुसन्धान विधिलाई समावेश गरिएको छ। जसमा अनुसन्धान ढाँचा, अनुसन्धानका लागि आवश्यक पर्ने तथ्य तथा सूचना संकलनका स्रोत, तथ्यांक संकलन विधि, अनुसन्धानको क्षेत्र, नमुना छनोट विधि र विश्लेषण विधिलाई समावेश गरिएको छ । त्यसै गरि सोधपत्रको चौथो खण्डलाई अनुसन्धानको तथ्य प्रतुती तथा विश्लेषणको खण्डका रुपमा राखिएको छ। वर्तमानमा नेपाली समाजको सरकारी ब्यवस्थामा आएको समस्याका कारणहरु, वर्तमान नेपाली समाजको सहकारी ब्यवस्थामा समस्या आउन भन्दा अगाडी राज्यले खेलेको भूमिकालाई फरक फरक खण्डमा राखिएको छ । भने सोधपत्रको पाँचौंसहकारी संस्थामा समस्या आएपछि संचालकको सामाजिक सम्बन्धमा पारेको प्रभाव, सहकारी संस्थामा बोर्ड सदस्य बन्नेप्रक्रिया, समस्याको पूर्वजानकारी विषय समावेश गरिएकोछ। छैंटौं खण्डमा अध्ययनबाट आएका सारांश र उक्त सारांशलाई पूर्व साहित्यको समिक्षाका क्रममा आएका विषयलाई तुलना गरेर सोधकर्ताको विचार सहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय दुई
# पूर्व साहित्यको समिक्षा

सोधपत्रको यस खण्डमा सहकारी संगठनको विषयमा यो शोधपत्र तयार गर्न भन्दा अगाडी गरिएका अध्ययन, अनुसन्धान, शोधहरुको समिक्षालाई समेटने कोशिस गरेकिछु । जसमा पहिलो उप खण्डमा सहकारी संगठन र त्यसमा आएका समस्यालाई समाजशास्त्रको सैद्धान्तक आलोकमा कसरी हेर्न सकिन्छ भन्ने कुरालाई समेटिएको छ । त्यसै गरि दोस्रो उप खण्डमा नेपालमा सहकाराको नीति गत व्यवस्थालाई विश्लेषण गर्ने कोशिस गरिएको छ । तेस्रो उपखण्डमा अनुभव जन्य समिक्षामा सहकारीको विषयमा भएका अध्ययन अनुसन्धान, सोधहरु, विज्ञका बिचारहरुलाइ समिक्षा गर्ने कोशिस गरिएकाे छ । यी तीन प्रकारका साहित्यको समिक्षाका अधारमा अनुसन्धान ग्याप पत्ता लगाउने कोशिस गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको अबलोकन

सैद्धान्तिक रुपमा सहकारीलाई विश्लेषण गर्न विभिन्न सिद्धान्तको आलोकमा हेर्न सकिन्छ । उदाहरणको लागि संरचनात्मक प्रकार्यवाद, विनिमय सिद्धान्त (Exchange Theory) सहभागितामूलक लोकतन्त्र, सामाजिक पुँजीको सिद्धान्त, आर्थिक लोकतन्त्र, सामुदायीक सशक्तिकरण ती मध्ये केहि हुन् । त्यसै गरि सहकारी प्रणाली आर्थिक ब्यवस्थाको एक सशक्त भागको रुपमा रहेको कुरालाई पनि यहाँ नेर जोड्न जरुरी छ । वर्तमान नेपालको आर्थिक ब्यवस्थालाई तिन खम्बे अर्थ नीतिको रुपमा परिभाषित गरिन्छ । अर्थात् अर्थतन्त्र सहज सञ्चालनमा आउनका लागि सरकारी, नीजि र सहकारीको सहकार्यलाई जोड दिएको छ । त्यसै गरि सहकारी सञ्चालनको संरचनाको लागि सात विश्वब्यापी सिद्धान्तहरु रहेका छन् । सहकारीको विषयमा मुलरुपमा ब्यवस्था संचालनको सवाल जोडिने भएको कारण यस सोधपत्र संरचनात्मक प्रकार्यवाद र सामाजिक पूजींको सैद्धान्तिक आलोक र कसीमा जोडेर ब्याख्या, विश्लेषण र अनुसन्धान गर्न खोजिएको छ ।

### २.१.१ संरचनात्मक प्रकार्यवाद

समाजशास्त्रको संरचनात्मक प्रकार्यवाद सुरुमा फ्रेन्च समाजशास्त्री इमाईल दुर्खेइमले विकास गरेका थिए । जसमा उनले समाजका विभिन्न अंगहरुको कार्यात्मक एकतामा जोड दिन्छन् ।

उक्त सिद्धान्तलाई रेडक्लिफ ब्राउन, टाल्कोट पार्सन लगायतका समाजशास्त्रीले अझै विश्वब्यापी बनाउन र सैद्धान्तिक बनाउनमा अहम भूमिका खेलेको पाईन्छ । संरचनात्मक प्रकार्यवादले हरेक ब्यवस्थाको समग्र, भाग र प्रणालीय अन्तर सम्बन्धको ब्याख्या गर्दछ। त्यसै गरि समाजका अंगहरुको बिचमा एकता, स्थिरता, सन्तुलन बिरुद्ध द्वन्द्ध, अस्थिरता र परिवर्तनको मान्यतालाई ब्याख्या गर्दछ । त्यसै गरि सामाजिक संरचना चल्नको लागि प्रकार्यात्मक पूर्व सर्तको आवश्यकतालाई जोड दिन्छ।

संरचनात्मक प्रकार्यवादले यस सिद्धान्त अनुसार, समाजलाई एक अर्कासँग जोडिएका भागहरू मिलेर बनेको जटिल प्रणालीको रूपमा हेरिन्छ, प्रत्येकले समग्रको सहज कार्य सुनिश्चित गर्न एक विशिष्ट कार्य गर्दछ । यसबाहेक, संरचनात्मक-कार्यात्मकता सिद्धान्तले सामुदायिक विकासलाई बढावा दिन सामाजिक एकता र एकीकरणको महत्वलाई जोड दिन्छ । यस परिप्रेक्ष्यका अनुसार, समुदायहरूले आफ्ना सदस्यहरू बीच उच्च स्तरको सामाजिक एकीकरण र एकता हुँदा अझ प्रभावकारी रूपमा काम गर्छन। सामाजिक पूँजी, साझा मापदण्ड, मूल्य र विश्वासको रूपमा, सामाजिक एकतालाई प्रवर्द्धन गर्न र समुदायहरू भित्र सामाजिक विखण्डन कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने मान्यता राखिन्छ। (टिम्सन,२०२४)

त्यसै गरि झा (२०१६) का अनुसार, आर्थिक विकासको कारणले अर्थतन्त्रमा संरचनात्मक रूपान्तरणको परिणाम मानिन्छ। विकासको लागि, आर्थिक वृद्धि मात्र महत्वपूर्ण हुने नभई आर्थिक वृद्धिलाई विकासमा रूपान्तरण गर्न अर्थतन्त्रमा पर्याप्त संरचनात्मक परिवर्तनहरू आवश्यक पर्दछ। ती संरचनात्मक परिवर्तन शिक्षाको स्तर, स्वास्थ्य सुविधा, मानव संसाधन विकास र देशहरूमा मानव अधिकारको स्थिति रहने कुरा उल्लेख गरेका छन् । विकासको स्तर निर्दिष्ट गर्न विकासशील राष्ट्रहरूको संरचनात्मक विविधताको चित्रणको लागि विभिन्न घटकहरू उनले उल्लेख गरेका छन्। जसमा देशको आकार, यसको ऐतिहासिक र औपनिवेशिक पृष्ठभूमि, भौतिक मानव स्रोत सम्पन्नता, जातीय र धार्मिक संरचना, यसको सार्वजनिक र निजी क्षेत्रहरूको सापेक्षिक महत्व, यसको औद्योगिक संरचनाको प्रकृति, बाह्य आर्थिक र राजनीतिक शक्तिहरूमा यसको निर्भरताको डिग्री र राष्ट्रमा शक्तिको वितरण र संस्थागत राजनीतिक संरचना यस्ता आर्थिक विकासको सन्दर्भमा निम्न घटकहरूलाई महत्वपूर्ण रुपमा हेर्न सकिने उल्लेख गरेका छन् ।[१]

[१] https://www.academia.edu/9561356/Master_program_in_Economic_History_STRUCTURAL_TRANSFORMATION_PROCES_OF_NEPALESE_ECONOMY_Structural_Transformation_Process_of_Nepalese_Economy

यो शोधपत्रलाई टाल्कोट पार्सन (१९३७) को सामाजिक व्यवस्थाका प्रकार्यात्मक पुर्वसर्त वा पूर्वाधारको कसिमा राखेर हेर्ने कोशिस पनि गरिएको छ । जसमा सामाजिक व्यवस्थाहरु अस्तित्वमा रहिरहनको लागि चार प्रकारका प्रकार्यात्मक पूर्वसर्तहरुको आवश्यकता पर्दछ । जसमा समायोजन, लक्ष्य पुरा गर्ने कार्य, इकाईहरु बिचको एकता, तनाव र स्वरुप व्यवस्गाथापन कार्य पर्दछ, (पार्सन, १९३७) । जसलाई सहकारीका सात सिद्धान्त स्वइच्छा र खुल्ला सदस्यता, सदस्यद्धारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरुको आर्थिक सहभागिता, स्वयत्त र स्वतन्त्रता, शिक्षा तालिम र सुचना, सहकारीहरुबिच सहकार्य र समुदाय प्रति चासोले कसरी सहकारी संरचनामा सञ्चालनमा राम्ररी काम गर्न सके कि सकेनन् भनेर यो शोधपत्रमा हेरिएको छ । नेपाल सरकारले लामो समय देखि नेपालको अर्थतन्त्रलाई तीन खम्बे अर्थतन्त्रको रुपमा परिभाषित गरिरहेको सन्दर्भमा यस थेसिसको सैद्धान्तिक आधार पनि संरचनात्मक प्रकार्यवादलाई मानिएको छ ।

### २.१.२ समावेशी लोकतन्त्रको सिद्धान्त

लोकतान्त्रिकरणको सम्बन्धमा नेपालको अनुभव प्रर्याप्त मात्रामा सैद्धान्तिकिकरण हुँदै नआएको समाजशास्त्री चैतन्य मिश्रको भनाई छ । नेपाली समाजको धेरै क्षेत्र अहिलेपनि लोकतान्त्रिक प्रणालीले कुन कुन पक्षलाई समेट्छ र कसरी आफ्नो दैनिक जिवनमा यसको प्रयोग हुन्छ भन्नेमा अनविज्ञ रहेको पाईन्छ । वास्तवमा समावेशी लोकतन्त्र व्यवहारीक रुपमा सामान्य जनताको दैनिक जिवनमा प्राप्त गर्नको लागी समाजिक, राजनैतिक र साँस्कृतिक संस्थाहरुमा धेरै सुधारको आवश्यकता छ । कानुनी रुपमा गरिब तथा सिमान्तृकत जनताको नाममा छुट्टाईएको आरक्षण सिमित परिवारले अझ भनौ भने विशेष गरी समुदाय भित्रको संभ्रान्त परिवारले नै फाईदा लुटिरहेको तथ्य श्रेष्ठ र पौडेल (२०१९) को जर्नल लेखमा उल्लेख छ ।

समावेशी लोकतन्त्रको बिषयमा चर्चा गर्दा यो एउटा सामाजिक गतिविधि, सामाजिक स्वरुप वा व्यवस्थाको रुपमा गर्नुपर्ने हुन्छ । जसले समाजका अर्थव्यवस्था, राजनितिक व्यवस्था र प्राकृतिक पर्यावरणलाई एक साथ जोडेर हर्ने गर्छ । समावेशी लोकतन्त्र परम्परागत प्रजातन्त्र र लोकतन्त्रको मिश्रित सामाजिक व्यवस्था हो । यसलाई मापन गर्ने यसका चार मुख्य संघटक तत्वहरु रहेको पाईन्छ ।

**१. सामाजिक क्षेत्र :**

यो क्षेत्र मानविय गतिविधिको त्यो क्षेत्र हो जहाँ निर्णय लिनु पर्दा सर्वसाधारण जनताको सामुहिकता र सहभागीताको अपेक्षा गरिन्छ ।

**२. राजनितिक प्रणाली :**

यो क्षेत्रमा समाजमा राजनितिक निर्णय कस्ले गर्छ र राजनितिक शक्तिको अभ्यास कस्ले गर्छ भन्ने कुरा समावेश छ ।

**३. आर्थिक क्षेत्र :**

आर्थिक क्षेत्रलाई यसरी परिभाषित गरिएको छ की, समाजमा आर्थिक गतिविधिको निर्णय कस्ले गर्छ र आर्थिक शक्तिको प्रयोग कस्ले गर्छ भन्ने कुरासँग सरोकार राख्दछ ।

**४. पारिस्थितिक क्षेत्र :**

यो क्षेत्रभित्र सामाजिक संसार र प्रकृति संगको सम्बन्धको चर्चा गरिएको छ ।

शासन प्रणालिको मुख्य मुद्धा भनेकै निर्णय प्रकृया, र सामाजिक सरोकारका सवालमा न्युन सहभागिता दर, न्युन संलग्नता र असहभागिताको अवस्थाका कारण प्राचिनकाल देखी नै समाजका बहुसंख्यक क्षेत्र सामुहिक शासन प्रणालिको मुल प्रवाहबाट बाहिरै रहेको कारण नेपाली समाजले शुसानको सट्टा गलत शासन प्रणालि भोग्दै आएको तथ्य लम्साल, थापा र कोईरालाको (२०२४) को लेखमा उल्लेख छ ।

हुन त सहकारीलाई आर्थिक लोतकतन्त्रको सिद्धान्तको आलोकबाट हेर्दा सहकारी भित्र हुने लोकतन्त्रको सवाल बल्लियो पक्ष रहेको छ । नेपाल सरकारले पनि आर्थिक लोकतन्त्रलाई बजबुत बनाउनको लागि सहकारी ब्यवस्थाको प्रवर्द्धनलाई राखेको छ । सिवाकोटी (२०२४)ले सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणाली विकास, अभ्यास तथा आगामी पाटो्मा उल्लेख गरे अनुसार जोखिमको खोजी, कारक तत्व आन्तरिक वा बाह्य्य मूल्यांकन गर्दाका प्रबलता, दोहोरिन सक्ने सम्भावना, जोखिम वहन गर्ने तहहरु, जोखिम सामना गर्ने उपायहरु र विकल्पहरुमा उत्तम जोखिम, जोखिम अन्त्य गर्ने, जोखिम मूल्यांकनको आधार विश्लेषणहरु उल्लेख गरेका छन् ।

जसमा सहकारीमा आन्तरिक नियन्त्रणका मुख्य जोखिमहरू समेत पहिचान गरिने गरिएको छ। सहकारी संस्थाले आन्तरिक नियन्त्रणका लागि सबल वातावरणको निर्माण नगर्नु, संस्थाका उद्देश्यहरूसँग सम्बन्धित एकिकृत जोखिमहरूको पहिचान र मूल्याङ्कनमा कमी, जोखिम न्यूनीकरण अभ्यास कमजोर हुनु र सस्थाका लक्ष्य प्राप्तिका लागि जोखिम व्यवस्थापन गर्न योगदान नगर्नु, आन्तरिक नियन्त्रणका सुचना तथा जानकारीको प्रबाह गर्ने प्रणाली कमजोर रहनु, आन्तरिक नियन्त्रण प्रणालिको प्रभावकारिताको अध्ययन र नियमित अद्यावधिकको कमीलाई औलाएका छन् ।

## २.१.३ समाजिक पुँजीको सिद्धान्त

आधुनिक समाजशास्त्रमा सामाजिक पुँजीको सिद्धान्त एक स्थापित सिद्धान्तको रुपमा रहेको छ । सामाजिक लचिलोपन सम्बन्धी केही साहित्यहरू पढेपछि, मैले सामाजिक पूँजी यसको सबैभन्दा महत्वपूर्ण विशेषताहरू मध्ये एक हो भन्ने पाएँ । समाजशास्त्रमा, मानिसहरूले फ्रान्सेली समाजशास्त्री पियरे बोर्डियु र अमेरिकी समाजशास्त्री जेम्स एस. कोलम्यानको विचार र १९९१ मा प्रकाशित उनीहरूको सामूहिक सम्पादन गरिएको पुस्तक *सोशल थ्योरी फर अ चेन्जिङ सोसाइटी*लाई उच्च रूपमा उद्धृत गर्छन् । बोर्डियुले पूँजीलाई आर्थिक पूँजी, सांस्कृतिक पूँजी र सामाजिक पूँजीको रूपमा वर्गीकृत गरेका छन् । आर्थिक, सांस्कृतिक र सिम्बोलिक पूँजीलाई बिर्सेर यो शोधपत्रमा सामाजिक पूँजीमा र सहकारी ब्यवस्थालाई एउटा पक्षको रुपमा राखेर अध्ययन गरिएको छ । बोर्डियुले सामाजिक पूँजीको बारेमा छोटो र अर्थपूर्ण उदाहरण दिए, “यो तपाईंले कसको बारेमा जान्नुहुन्छ नभई समाजिक पुँजी भनेको तपाईलाई कसले जान्नुहुन्छ भन्नेसँग जोडिन्छ” । यो एउटा वाक्यले सोच र विश्लेषणको धेरै ठाउँ दिन सक्छ । त्यसै गरि सामाजिक पूँजीको विषयमा १९९३ मा राजनीतिशास्त्री रोबर्ट पुतनामको कृति *मेकिङ डेमोक्रेसी*को प्रकाशन पछि अझ प्रचलित भएको हो । यसले सामाजिक पूँजीलाई “सुस्थापित, विश्वास, आदर्श र सञ्जाल भएको समाजमा बस्दा हुने अमूर्त फाइदाहरू” को रूपमा परिभाषित गरेका थिए (पुतनम १९९३) ।

“सुस्थापित विश्वास, आदर्श र सञ्जाल भएको समाजमा बस्दा हुने फाईदा” र “ तपाईको बारेमा कसलाई थाहा छ ?” कसलाई ? धरै भिन्नताहरू छन् । शैक्षिक क्षेत्रका अग्रणी व्यक्तित्वहरूका यी दुई फरक दृष्टिकोणहरूले सामाजिक पूँजीको बारेमा सोच्ने भिन्नता

देखाउँछन् । सामाजिक पूजीको बारेमा अष्ट्रेलियाली युवा समाजशास्त्री ट्रिस्टन क्लारिजले सामाजिक पूँजीलाई दुई दृष्टिकोणबाट वर्गीकृत गर्छन् । नेटवर्क दृष्टिकोण र सामाजिक संरचनात्मक दृष्टिकोण । ती दुई दृष्टिकोणबाट उनी सामाजिक पूँजीको भिन्नता बताउँछन् । नेटवर्क दृष्टिकोणमा तीन भिन्नताहरू छन् बन्धन सामाजिक पूँजीले परिवार र आफन्तहरू जस्तै जन्मद्वारा सम्बन्धलाई जनाउँछ; सामाजिक पूँजीलाई पुल बनाउने सामाजिक समूहको सदस्यलाई कुनै पनि संस्थाको सदस्यको रूपमा जनाउँछ र सामाजिक पूँजीलाई जोड्ने व्यावसायिक सम्बन्धमा प्रकट हुन सक्छ । सामाजिक संरचनात्मक दृष्टिकोणमा उनले तीन भिन्नताहरू पनि बनाए; एउटा संरचनात्मक सामाजिक पूँजीले समाजको राम्रोसँग स्थापित सञ्जाललाई जनाउँछ, संज्ञानात्मक सामाजिक पूँजी मानिसहरूको आदर्श, मूल्य र मनोवृत्तिमा आधारित जुन पार्टी सदस्य हुन मन पराउन सक्छ, धर्म र सम्बन्ध सामाजिक पूँजी सामाजिक सम्बन्धमा प्रकट हुन सक्छ व्यावसायिक, मित्रता र छिमेकीमा हुन सक्छ ।

यस शोत्रपत्रमा सामाजिक सम्बन्ध र सामाजिक सञ्जाल, परिवार, साथीहरू जानकारीको महत्वपूर्ण स्रोत हुन सक्छन्; तिनीहरूले सल्लाह र सहयोग दिन सक्छन् । सामाजिक पूँजीको रूपमा जागिर वा कामका अवसरहरू, सिफारिसहरू, मार्गदर्शन वा स्रोतहरूलाई पनि लिन सकिन्छ । समाजशास्त्री लालोन भन्छिन्

> “सामाजिक पूँजीले वस्तु, श्रम र अन्य प्रकारका सहयोगमा सम्भावित स्रोतहरूलाई जनाउँछ, जुन परिवार र छिमेकीहरूको स्थानीय-स्तरको सामाजिक सञ्जालमा जोडिएको हुन्छ, र स्थान-आधारित, कार्य-आधारित, र अन्तरक्रिया, विश्वास, पारस्परिकता र समर्थनको साझा रुचि-आधारित बन्धनहरू मार्फत बनाइएका अन्य समूहहरू, जुन मानिसहरूले विपद्को सामना गर्दा सामुदायिक लचिलोपनको लागि व्यक्तिगत र सामूहिक रूपमा प्रयोग गर्न परिचालन गर्न सक्छन्” (लालोन, २०१२ )।

यस शोधपत्रमा समस्याग्रस्त बनेका सहकारीमा समुदायका मूल्य मान्यताहरू, समुदाय पारस्परिकता, विश्वासको सम्बन्ध कस्तो थियो भनेर हेर्न खोजिएको छ । यस प्रकारको लचिलोपनको बारेमा यो भन्दा अगाडीका अध्ययनमा पनि सहकारी व्यवस्था साझा आर्थिक, सामाजिक सांस्कृतिक लक्ष्य सहितको आफ्नै सदस्यहरुद्वारा संचालित र नियन्त्रित प्रजातान्त्रिक प्रणालीद्वारा स्वतन्त्र र ऐच्छिक रुपमा संचालित स्वायत्त संस्था भएको कारण सामाजिक पुँजी

भित्रको गतिशिलतासँग निकट सम्बन्ध राख्ने साझा सहकार्यमा आधारित, आफ्नै सदस्यहरू मार्फत प्रजातन्त्रिक प्रणिलीद्वारा संचालित सामूहिक संगठनको रूपमा रहेको सहकारी प्रणालीले सामाजिक पूँजी निमार्ण पनि गर्छ र सामाजिक पूँजि परिचालन पनि गर्छ भन्नेकुरा युवराज खतिवडाले आफ्नो लेखमा उल्लेख गरेका छन् (खतिवडा, २०२१) ।

सामाजिक पुँजीले सहकारी प्रणाली र सहकारी प्रणालीले सामाजिक पुँजी निर्माण गर्न कत्तिको भूमिका खेलेको थियो त भन्नेमा यो अध्ययनको एउटा पक्ष रहको छ ।

## २.२ नेपालमा सहकारी व्यवस्थाको नीतिगत साहित्यको समिक्षा

सविधानको अनुसूची पाँच देखि नौ सम्मका कार्य जिम्मेवारीको कार्य विस्तृतीकरणबाट संघीयताको मर्मअनुरुप सहकारीको व्यवस्थापन र नियमन क्षेत्राधिकारलाई तीन तहमा विभक्त गर्दै यस क्षेत्रको व्यावस्थापन संघ, प्रदेश र स्थानीय तहलाई सुम्पिएको थियो । सहकारी क्षेत्र अझ व्यवस्थित होस् भनी सहकारी कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधीकरण, सहकारी प्रवर्द्धन कोष, स्थिरीकरण कोष लगायतका संरचना बनाउने व्यवस्था ऐनले गर्यो । सहकारी व्यवस्थापनको लागि सघन अनुगमन, संयुक्त अनुगमन, सम्पत्ति शुद्धीकरण लगायतको अनुगमन गर्न नेपाल राष्ट्र बैङ्क, सहकारी विभाग, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय र स्थानीय तह जिम्मेवार छन् । नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५को उपधारा २ मा सरकार, सहकारी र निजि क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने निति राज्यले अबलम्बन गर्ने उल्लेख गरि सरकारी विकासमा स्पष्ट दिशा निर्देश गरेको पाईन्छ । विक्रम संवत २०५७ मा ५,७७२ पुगेको सहकारी संस्थाहरुको संख्या २०७६ चैत्र मसान्त सम्ममा आईपुग्दा २२, ४४९ पुगेको पाइन्छ । सरकारी ऐन २०४८ र नियमावलि २०४९ बमोजिम मापदण्ड, निर्देशिका र कार्यविधिबाट सरकारी संस्थाहरु दर्ता र संचालनमा रहेका छन् । यी सहकारीहरुलाई नियमन गर्नका लागी सहकारी विभाग, सहकारी प्रशिक्षण केन्द्र, क्षेत्रीय र जिल्ला कार्यालय गरी ४० वटा निकायले कामगरिरहेका छन् । र, ती निकायहरुमा ६०० भन्दा बढी कर्मचारी कार्यरत देखिन्छ ।

सहकारीलाई नेपाल सरकारले दिएको महत्वलाई झल्काउन नेपाल सरकारका दुई अर्थमन्त्री भरतमोहन अधिकारी र बाबुराम भट्टराईले आफ्नो समयमा ल्याएको बजेट र त्यसको नाराबाट पनि बुझ्न सकिन्छ । तात्कालिन अर्थमन्त्री भरत मोहन अधिकारीले “गाउँ गाउँमा

सहकारी घरघरमा रोजगारी” नारा सहितको बजेट वि.स २०६१ सालमा जारी गरको पाईन्छ। यसै गरी तात्कालीन अर्थमन्त्री बाबुराम भट्टराईले वि.स २०६५ सालमा “गाउँ गाउँमा सहकारी घरघरमा भकारी” नारा सहितको बजेट ल्याई सहकारी मन्त्रालयको स्थापना गरेको पाइन्छ ।

वि.स २०४८ सालमा सहरकारी ऐन आएपछि राम्रो नियतको साथ सबैलाई सदस्यता दिने भन्ने थियो, त्यो भएपछि सहकारीको डेभिएसन सुरु भएको थियो । त्यो पनि जाने बुझेर भन्दा पनि प्रणाली ले नै त्यता लग्यो । राजनीतिक प्रणाली जसरी गयो त्यसले नियमन गर्दा अर्काको रकम लिएर दुरुपयोग हुन थाल्यो । सहकारीमा राजनितिक वर्ग, गाउँका ठालुहरुको प्रवेश भएर दुरुपयोग सुरु भयो । कस्तो खालको सहकारी कस्तो भयो भने ३५००० मध्ये १४००० सहकारी बचत तथा ऋणसहकारीमा रुपान्तरण भयो । कृषि सहकारी निस्कृय हुनु, बचत तथा ऋण सहकारी सक्रिय हुनु र उचित अनुगमन नहुँदा जता जानु पर्ने हो सहरकारी त्यता जान सकेन । प्रजातन्त्रको पुर्नस्थापना सँगै राजनितिक तथा आर्थिक दृष्टिकोणमा आएको परिर्वतन सँगै नियन्त्रित अर्थव्यवस्था उदार र खुल्ला अर्थव्यवस्थामा रुपान्तरित भयो । सहरकारी संचालनमा अन्तराष्ट्रिय मुल्यमान्यता र सिद्धान्तको अनुशरण आवश्यक ठानियो र सहकारी संचालनमा राज्य निर्देशितको सट्टा जनसहभागितामा आधारीत स्वायत्त रुपमा संचालन गर्न सुरु भएको कारण वर्तमानमा देखिएको सहकारी समस्याको उपज मान्न सकिन्छ, (महत, २०८१) ।

राज्य नियन्त्रित सहकारीको अभ्यासबाट खोलिएको साझा केन्द्रको खारेजी, तर्दथ राष्ट्रिय सहकारी बोर्डको स्थापना सँगै संगठनात्मक संरचनामा परिर्वतन सुरु भएर साझाका नाममा भएको सबै क्रियकलाप सहकारीको नाममा गर्ने निर्णय गरियो ।

बहुसंख्यक सहकारीहरुले आफ्नो सेयरधनिको अनुमति बिनानै वा साधारण सभाको स्विकृती विनानै बचतकर्ताको बचत रकमले कानुनी मापदण्ड भित्र रही लगानी गर्दा मुनाफा दिने नदेखिएपछि विलासीताका साधन लगायत घरजग्गामा लगानी गरेको कारणले सहकारी संस्थामा समस्या आउन पुगेको हो भनि यो भन्दा अगाडीका अध्ययनहरुले औलाएका थिए । सहकारी व्यवस्थामा संकट आउन नदिनको लागी नियमनकारी निकायको नियमित अनुगमन र निति नियमको प्रभावकारी कार्यान्वयन नै होर नियन्त्रण गर्नपनि आवश्यक थियो । त्यसका लागि सरकारका विभिन्न सम्यन्त्रले काम गर्न सक्ने अवस्था पनि रहेको थियो । तर, सहकारी

प्रणाली मार्फत आर्थिक रुपमा विपन्न र स साना छरिएर रहेको बचत रकम मार्फत पुँजी निर्माण गरी उनिहरुमै पुँजि परिचालन गर्ने सैद्धान्तिक मान्यताको विपरीत गएको जानकारीमा रहँदा रहँदै पनि नियमनकारी निकाय अनविज्ञ बसिरहेको पनि यस भन्दा अगाडीका अध्ययनले बताउँछन् । सहकारी प्रणलि भित्र देखिएको नियमनकारी प्रणालीको कमजोर पाटोलाई हतियार बनाएर सहकारी प्रणाली भित्र प्रवेश गरी ठुलो राशीको आर्थिक गतिविधिमा कब्जा जमाएको कुरा अर्जुन प्रसाद खनाल लगायतको टिमलेआफ्नो अनुसन्धान लेखमा उल्लेख गरेका छन् । (खनाल र उनका साथीहरु, २०२४)

## २.३ सहकारी व्यवस्था माथि व्यवहारिक साहित्यको समिक्षा

### २.३.१ सहकारी व्यवस्थाको अन्तर्राष्ट्रिय विकास

औद्योगिक क्रान्तिको समयमा श्रमिकहरूले भोगेका कठोर आर्थिक परिस्थितिहरू र शोषणको सम्बोधन गर्ने प्रयास स्वरूप १८औं शताब्दीको मध्यतिरबाट सहकारीको इतिहास सुरु भएको मानिन्छ । सहकारी आन्दोलन युरोपमा, अझ विशेषगरी बेलायतमा सुरु भएको पाईन्छ । पहिलो आधुनिक सहकारी अर्थात् रोचडेल सोसाइटी अफ इक्विटेबल पायनियर्स सन् १८४४ मा रोचडेल, इङ्गल्याण्डमै स्थापना भएको थियो । यस सहकारीले स्थापना गरेका लोकतान्त्रिक नियन्त्रण, स्वेच्छिक सदस्यता, र समुदायप्रति चिन्ता जस्ता मुख्य सिद्धान्तहरू अहिले विश्वभरिका सहकारीहरूको आधारका रूपमा रहेका छन् ।

युरोप र विश्वका अन्य भागहरूमा औद्योगीकरणसँगै आर्थिक र सामाजिक चुनौतिहरूको प्रतिक्रिया स्वरूप सहकारीहरू विकसित भएका हुन् । किसानले सामुहिक रूपमा खरिद गर्न, आफ्ना उत्पादनहरूको बजारीकरण गर्न र कर्जामा पहुँच बढाउनका निम्ति कृषिक्षेत्रमा सहकारीहरू गठन भएका थिए । त्यसैगरी सहरी क्षेत्रमा भने श्रमिक वर्गका परिवारलाई सस्तोमा वस्तु उपलब्ध गराउन उपभोक्ता सहकारी संस्थाको उदय भएको थियो । प्रारम्भिक रूपमा स्थापना भएका यस्ता सहकारीहरू प्रायः पूँजीपति र एकाधिकारवादीको शोषणकारी अभ्यासको विरुद्ध आर्थिक अस्तित्व र आत्मनिर्भरताका निम्ति सञ्चालित थिए ।

१९औं शताब्दीको उत्तरार्ध र २०औं शताब्दीको प्रारम्भमा सहकारी आन्दोलन विश्वव्यापी भयो जसले उत्तरी अमेरिका, एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा सहकारी अभियानलाई प्रभाव

पारेको पाईन्छ । विश्वका विभिन्न मुलुकले सहकारीलाई आफ्नो विशिष्ट सामाजिक र आर्थिक परिस्थितिका आधारमा अनुशरण गरे, जसले सहकारीका विविध रूपहरू जस्तै क्रेडिट युनियनहरू, श्रमिक सहकारीहरू र आवास सहकारीहरू लगायतका अन्य सहकारीहरूको समेत विकास भयो ।

२०औं शताब्दीसम्म आइपुग्दा सहकारी क्षेत्रले सरकार र अन्तर्राष्ट्रिय संस्थाहरूबाट थप मान्यता र समर्थन प्राप्त गरे र विशेषगरी कृषि र ग्रामीण विकासमा राष्ट्रिय विकास रणनीतिको अभिन्न हिस्सा बन्न पुगे । अन्तर्राष्ट्रिय सहकारी समूहहरूको गठन र विश्वव्यापी विकास एजेन्डामा समेत सहकारीहरूको समावेशिताले गर्दा परम्परागत पुँजीवादी उद्यमको विकल्पका रूपमा सहकारी उभिन सफल भयो ।

**बेलायत** अर्थात् संयुक्त अधिराज्यलाई आधुनिक सहकारी आन्दोलनको जन्मस्थल मानिन्छ, जहाँ उत्तर इंग्ल्यान्डको कपडा उत्पादन गर्ने सहरमा डिसेम्बर १८४४ मा रोचडेल सोसाइटी अफ इक्विटेबल पायोनियर्सको स्थापना भएको थियो । हिल्सनका अनुसार रोचडेल पायोनियर्सलाई प्रायः सहकारी आन्दोलनको सबैभन्दा सफल र विश्वव्यापी रूपमा फैलिएको संस्थापकको संस्करणका रूपमा चिनिन्छ ।

त्यसैगरी वाल्टनले रोचडेल सिद्धान्तहरूले विश्वभरका सहकारी अभ्यासहरूको आधारशीला राखेको उल्लेख गरेका छन् । रोचडेल पायोनियर्सलाई अक्सर उनीहरूका गुण र सहकारी आन्दोलनमा गरेका योगदानहरूको लागि सम्मान गरिन्छ । तर, उनीहरूको उपलब्धिहरूलाई राम्रोसँग बुझ्न उनीहरूको अद्वितीय सामाजिक, धार्मिक, र स्थानीय सन्दर्भलाई समेत ख्याल गर्न आवश्यक छ । ईस्यमले आफ्नो अनुसन्धानमा संयुक्त अधिराज्यका कृषि बजार सहकारीहरूले केही ठूला खेलाडीहरू भएको बजारमा शक्ति सन्तुलन गर्न कत्तिको राम्रोसँग काम गर्छन् भनेर अध्ययन गरेका छन् । उनको अध्ययनले सरकारद्वारा किसानका मूल्य बढाउनका निम्ति यी सहकारीहरूलाई समर्थन गरिए पनि, उनीहरू समयसँगै थप प्रभाव हासिल गर्न संघर्ष गरिरहेको भन्दै सहकारीहरू किसानहरूलाई अन्य महत्वपूर्ण लाभहरू प्रदान गर्ने र कृषि क्षेत्रलाई चलायमान राख मद्दत गर्ने कारणले टिकिरहेका हुन्छन् ।

**संयुक्त राज्य अमेरिकामा** पिटम्यान (१९९३) का अनुसार पहिलो अमेरिकी सहकारी व्यवसाय १७५२ मा बेन्जामिन फ्रयाइलिनद्वारा स्थापित एक पारस्परिक आगो बीमा कम्पनी थियो, जुन

आज पनि संचालनमा छ। कृषिमा प्रारम्भिक सहकारीहरू सन् १८१० मा दुग्ध र पनीर सहकारीहरूबाट सुरु भयो, त्यसपछि अन्य कृषि सहकारीहरू आए । यी प्रारम्भिक प्रयासहरू स्थानीय र स्वतन्त्र थिए, जसको उद्देश्य खरिद र लागत विक्री थियो । पश्चिमतर्फको उन्नाइसौं शताब्दीको विस्तारको क्रममा, किसानहरूले कम मूल्य र उच्च लागतजस्ता आर्थिक चुनौतिहरूको सामना गर्नुपर्यो । यी समस्याहरूलाई समाधान गर्नका लागि, किसानहरूलाई उनीहरूको उत्पादन व्यवस्थापन गर्न र आर्थिक अवस्था सुधार गर्न मद्दत गर्न मार्केटिङ सहकारीहरू स्थापना गरियो । महामन्दीको समयमा, सहकारीहरूले अधिक सङ्घीय सहायता प्राप्त गरे । सन् १९३३ मा फार्म क्रेडिट ऐनले खेतहरूलाई ऋण उपलब्ध गराउन र कृषि सहकारीहरूलाई सहयोग गर्न नयाँ बैङ्कहरू स्थापना गर्यो । सन् १९३४ को फेडेरल क्रेडिट युनियन ऐनले राज्यहरूमा आफ्नै कानून बिना क्रेडिट युनियनहरू स्थापना गर्न अनुमति दियो । सन् १९३० दशकको पूर्वसम्म, धेरै खेतहरूमा बिजुलीको अभाव थियो किनभने निजी उपयोगिताहरू ग्रामीण क्षेत्रमा लगानी गर्न अनिच्छुक थिए । सन् १९५७ को ग्रामीण विद्युतीकरण ऐनले ग्रामीण क्षेत्रमा बिजुलीको वित्त पोषण गर्न ऋण दिने एजेन्सी स्थापना ग-यो । यस कार्यक्रमको फाइदा लिन किसानहरूले छिट्टै ग्रामीण विद्युत् सहकारीहरू स्थापना गरे, जसले ग्रामीण जीवन र खेतीलाई उल्लेखनीय रूपमा सुधार गर्यो । सहकारीहरूको प्रति सहरी चासो पनि यस समयमा बढ्यो, आंशिक रूपमा नयाँ डील कार्यक्रमहरूमा उनीहरूको भूमिकाको कारण। कृषि सहकारीहरूले मल र फिड प्रदान गर्नदेखि पेट्रोलियम उत्पादन, बिमा र ऋण प्रदान गर्नसम्म विस्तार गरे ।

दोस्रो विश्वयुद्धपछि, सहकारीहरूले वढ्दो बिक्री र ठूला संस्थाहरूमा एकीकरणको अनुभव गरे । तिनीहरूले मूल्य-वर्धित प्रशोधनमा विस्तार गरे र थप व्यापार-उन्मुख दृष्टिकोण अपनाए । नागरिक अधिकार आन्दोलनले काला जातिका किसानहरूलाई सहयोग गर्न सहकारीहरूलाई प्रयोग गन्यो र उपभोक्ता खाद्य सहकारीहरूको पुनरुत्थानले जैविक खाद्य बजारमा प्रभाव पारेको थियो । अमेरिकाका आजका ठूला कृषि सहकारीहरू विश्व बजारका प्रमुख खेलाडीहरू बनेका छन् र राष्ट्रिय कृषि नीतिमा ठूलो भूमिका खेल्छन् ।

**चीनमा** नयाँ किसा सङ्गठन विश्लेषण र अधिकांश सरकारद्वारा सञ्चालित छन् र आर्थिक सहयोग र बजार एकीकरणमा ध्यान दिने गरेका छन् । धेरै सहकारीहरूले आर्थिक लक्ष्यहरूलाई प्राथमिकता दिन्छन् भने केही सहकारीहरूले कृषि-पारिस्थितिक र सामाजिक-साँस्कृतिक

कार्यहरूमा जोड दिन्छन् । चीनमा नयाँ किसान सहकारीको उदयलाई सरकारी नीति र २००७ को सहकारी कानूनले समर्थन गरेको छ । सुधार हुनुअघि सहकारीहरू धेरै हदसम्म किसानहरूको कम सहभागिताका साथ राज्यद्वारा नियन्त्रित थिए । सन् २००० को दशकमां औपचारिक र अनौपचारिक दुबै सहकारीको सङ्ख्या उल्लेखनीय रूपमा बढ्यो । सरकारले नीति, प्रविधि र आर्थिक सहायताका माध्यमबाट उनीहरूको विकासलाई सहयोग गरेको छ । यद्यपि, सहकारी कानूनले मुख्यतया आर्थिक पक्षहरूलाई सम्बोधन गर्दछ, दिगोपनमा कम ध्यान दिन्छ । अध्ययनले बिनमा किसान सङ्गठनहरूप्रति आफ्नो दृष्टिकोणलाई विविधीकरण गर्न, गैरमुख्यधाराका सहकारीहरूलाई सहयोग गर्ने, किसानहरूको संलग्नता बलियो बनाउन र दिगो कृषिलाई प्रवर्द्धन गर्न थप अनुसन्धान गर्न सिफारिस गरिएको छ । जबकि मुख्य सहकारी मोडेल आर्थिक दक्षतामा केन्द्रित छ. ।

सन् २०२३ मा चीनमा किसान सहकारीको विकासमा सरकारी हस्तक्षेपको प्रभावको जाँच अनुसार सरकारी सहयोगले सहकारी र सदस्यतामा उल्लेखनीय वृद्धि गरेको र यसले बजार विकृतिका कारण “सेल सहकारी“ को सिर्जना पनि गरेको थियो । चिनिया राष्ट्रिय सर्वेक्षणले सन् २०१४ सम्ममा तीनवटा प्रान्तमा ३७ प्रतिशत सहकारीहरू सेलसहकारीहरू रहेको उल्लेख गरेका थिए । विश्लेषणले पत्ता लगायो कि यी सेल सहकारीहरूको गठनमा प्रत्यक्ष प्रशासनिक हस्तक्षेप एक प्रमुख कारक थियो, जबकि कार्य-उन्मुख नीतिगत समर्थनले तिनीहरूको कार्यमा सीमित प्रभाव पारेको थियो । प्रत्यक्ष प्रशासनिक हस्तक्षेप किसान सहकारीको दिगो विकास प्रवर्द्धनका लागि प्रभावकारी रणनीति नहुन सक्ने अध्ययनले सुझाव समेत दिएको थियो ।

त्यसै गरि भारतमा सहकारीहरू कृषि, वित्त, स्वास्थ्य सेवा लगायत विभिन्न क्षेत्रहरूमा महत्त्वपूर्ण छन् । जसले आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकताहरूलाई पूरा गर्न लोकतान्त्रिक र सामुहिक स्वामित्वको दृष्टिकोण प्रदान गर्दछ । विकासशील देशहरूमा, सहकारीहरू विशेष गरी कृषि क्षेत्रमा प्रभावकारी छन्,जसले आर्थिक वृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने मान्यता राखिन्छ । भारत जहाँ ८५ प्रतिशत किसान साना र सीमित छन्, भारत्तीय किसान मल सहकारी लिमिटेड र कृषक भारती मल सहकारी लिमिटेड जस्ता सहकारीहरूले उत्पादनशीलता र आम्दानीमा सुधार गरेका छन् । अमूल डेरी सहकारी र स्व-सहायता समूहहरूले पनि महत्त्वपूर्ण भूमिका खेल्छन् । “समुदायको लागि चासो” जस्ता सात सिद्धान्त अन्तर्गत सञ्चालन हुने सहकारीहरूले दिगो विकासलाई प्रवर्द्धन गर्छन् । उदाहरणका लागि,

भारतीय कृषि वन विकास सहकारी लिमिटेडले कृषि वन कार्यक्रमहरू मार्फत पारिस्थितिकीय लचिलोपन र ग्रामीण जीविकोपार्जनलाई सुधार गरेको पाईन्छ । तिनका सफलताहरूको बाबजुद, सहकारीहरूले स्थानीय आवश्यकताहरूलाई राम्रोसँग सेवा दिन र ग्रामीण जीविकोपार्जनलाई सुधार गर्न अझै बढी समर्थन र लचकदार नियमहरूको अवलम्बन आवश्यक छ । भारतका सफल मोडेलहरूले अन्य विकासशील देशहरूको लागि उदाहरणका रूपमा काम गर्न सक्छन्, जसले प्रभावकारी सहकारी रणनीतिहरूको विश्वव्यापी रूपले व्यापक अपनत्वको सम्भावना बढाउँछ (सहकारी समाचार,२०८१) ।

नेपालमा परम्परागत रुपमा धेरै अगाडीबाट र आधुनिक रुपमा विक्रम सम्वत् २००७ सालको राजनीतिक परिवर्तनले ल्याएको प्रजातन्त्रको उदय पछि सहकारी विकासको आधुनिक युगमा प्रवेश गरेको मानिन्छ। तर, त्यस पछि विकास हुँदै परिमार्जन हुँदै आएको छ। यसरी सहकारीले आफ्ना दायरालाई बढाउने, परिमार्जन गर्ने क्रममा अन्तराष्ट्रिय रुपमा सहकारीमा आएको परिवर्तन र नेपाल राष्ट्रसँग तत तत राष्ट्रहरुको सम्बन्धले पनि प्रभावित गर्दै आएको छ । नेपालमा आम जनतालाई आर्थिक-सामाजिक उन्नति र प्रजातान्त्रिक अभ्यासको प्रक्रियामा साथसाथै सहभागी गराउने उदेश्यले सहकारी व्यवस्थालाई अगाडी बढाईएको पाईन्छ । सहकारी व्यवस्थाप्रति स्वभावतः राजनीतिक नेतृत्वको ध्यान पुगी सोको प्रवर्द्धनका लागि राज्यस्तरबाट नै पहल गरिएको थियो । अपेक्षाकृत ढिलै कार्यारम्भ भएको भएता पनि यसबीच सहकारी आन्दोलनमा धेरै आरोह अवरोह देखिनुका साथै विविधतापूर्ण सन्दर्भ र अभ्यासहरू रहे ।

### २.३.२ नेपालमा सहकारीता ब्यवस्थाका पारम्परिक रूपहरू

सहकारी शब्द सहकार्यकै परिमार्जित रूप हो । व्यक्तिको एक्लो प्रयासले कठिन हुने कार्य सामुहिक रूप वा सहकार्यबाट सहज हुन्छ भन्ने मानवीय चेतना नै आरम्भिक सहकार्य र पछिल्लो समयमा सहकारी निर्माण वा स्थापनाका आधार हुन् । यस्ता आधारहरू नेपालमा उत्तर-वैदिककालमा नै सुरूआत भएको पाउन सकिन्छ। हिन्दु मृत्यु संस्कारका भेटिघाटी, जनजाति समुदायका सहकार्यका अभ्यासहरू जस्तैः गुरुङ्ग समुदायको स्याई प्रथा, थकालीको ढिकुर प्रथा, धिमालको हाउलीपाका, कृषि कर्मका लागि मानव तथा पशु वस्तुको श्रमलाई दिनेलिने परम्परा अर्थात् पर्म, समान साधन र सीप भएकाहरूको परेली, ऐतिहासिक कालखण्डका सहकार्यहरू जस्तैः लिच्छवी र मल्लकालीन गोष्ठी आदिलाई सहकार्यका विभिन्न स्वरुप भनी विद्वानहरूले उल्लेख गरेको पाइन्छ ।

तर उल्लिखित प्रयासहरू सहकारीका आरम्भिक रूप हुन् कि होइनन् भन्न ती अभ्यासमा साझा स्वामित्वको आर्थिक प्रायोजनसहितको व्यवसाय विद्यमान छ वा छैन भनेर हेर्नु पर्ने हुन्छ । आर्थिक प्रायोजनसँगै सामाजिक प्रायोजन पनि हुन सक्छ। सामाजिक प्रायोजन मात्रको आपसी सहयोग सहकारी अभ्यासमा पर्दैन । नेपालका केही सहकारी अभियानसँग सम्बन्धित प्रथा परम्पराहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

**गुठी अर्थात् मंकाज्याः** नेवारी भाषाका दुई शब्द मंका र ज्या मिलेर मंकाज्या बनेको हो। मंकाको अर्थ समूह र ज्याको अर्थ कार्य हुन्छ । तदनुसार मंकाज्या भनेको सामुहिक कार्य हो । यो प्रथा काठमाडौं उपत्यकाका ज्यापु समुदायका कृपकहरूमा आफ्नो खल (अर्थात् सदस्यहरू) भित्र रोपाई, बाली कटाई आदि सहज गराउन चलेको बुझिन्छ । सदस्यहरूलाई गुठियार र समुच्चामा मंकाखल भनिन्छ । मंकाज्याको रेखदेख गर्ने प्रमुख व्यक्तिलाई थाकुलो भन्ने चलन छ । गुठीको कुनै सदस्यले खेतीपातिसम्बन्धी कार्य गर्न अरू सदस्यहरूलाई बोलाउँदा ज्याला दिनु पर्दैन, खानेकुरा मात्र दिए पुग्दछ । बोलाउँदा उपस्थित नहुने सदस्यले जरिवानास्वरूप में तिर्ने गर्दछ। वर्षेनी भोजको आयोजना गरी गुठियारहरूको सभा राखिन्छ। त्यसबखत वर्षभरीका कामकुरा, आम्दानी-खर्च आदि विषयमा छलफल हुन्छ । कसैले सापटी लिएको भए सावा-व्याज उठाइन्छ । वार्षिक हिसाबकिताब गर्दा आम्दानी भए सदस्यहरूमा बाँडिन्छ भने घाटा परे सो सदस्यहरूबाटै पूर्ति गरिन्छ । गुठीमा प्रशस्त पैसा जगेडा रहे सामुहिक हित तथा धार्मिक कार्यमा खर्च गर्ने व्यवस्था मिलाइन्छ ।

**खेतबारीमा गरिने पर्मः** पर्मको अर्थ परकर्म हो । पर्म नेपालको उत्तर पश्चिमी पहाडी भागमा प्रचलित छ। पर्मपातमा छिमेकीहरू एक-अर्काबीच कृषि तथा गैरकृषि कार्यमा सहयोग लिनेदिने गरिन्छ । यो प्रथाले गर्दा मानिसहरू रोपाइँजस्तो निश्चित समयभित्र अथवा घर छाउने जस्तो एकैपल्ट सम्पन्न गर्नुपर्ने कार्य पारस्परिक सरसल्लाहबाट सहजैरूपमा गर्न सकिन्छ। पर्म गर्न आउनेहरूलाई खानेकुराको व्यवस्था गरिन्छ, ज्याला दिनु पर्दैनं तर जुन घरबाट जति दिन पर्म आएको हो सोको हिसाब सम्झी उक्त घरको काम पर्दा जानुपर्ने अलिखित समझदारी रहन्छ । मुद्राबिनाको आर्थिक कारोबारका रूपमा पनि पर्मलाई लिन सकिन्छ ।

**थकालीको ढिकुटीः** ढिकुटी नेपालमा पाइने एक अर्को प्रकारको सहकारी संस्थाको प्रारूप हो। पश्चिम नेपालको हिमाली जिल्ला मुस्ताङ्ग र अन्यत्र पनि यो प्रथा पाइन्छ। यो यकाली समुदायको मौलिक चलन हो। थकाली समुदायमा ढिकुटीलाई दिगुर भनिन्छ। दिगुरका सदस्यहरूले बर्षेनी

निश्चित रकम आफुहरूका माझ जम्मा गर्दछन् र खनखाँचो पर्दा त्यसबाट सापटी लिन्छन्। पछि-पछि भने ढिकुरो सिको अन्य समुदायमा पनि भएको देखिन्छ। खास गरी व्यापार-व्यवसायमा ढिकुटीमा सहभागी हुने कार्यलाई ढिकुटी खेल्ने भनिन्छ। ढिकुटी खेल्ने व्यक्तिहरू प्रत्येकले निर्धारित अवधिमा जम्मा गरेको निर्धारित रकम पालैपालो प्राय एकमुष्ट झिकेर काम चलाउँछन् । त्यसरी व्यवसाय गर्न वा गरिरहेको व्यवसाय बढाउन चाहने तर चाहिने जति पुँजी नभएका सदस्यका लागि सहज जोहो हुन्छ ।

**धर्मभकारी:** धर्मभकारी अन्नको सामुहिक भकारी हो। साझा अन्नकोष वा अन्न बैङ्कका रूपमा पनि यसलाई लिन सकिन्छ। खासगरी ग्रामीण क्षेत्रमा अन्नं स्याहारिसकेपछि घर-घरले आफ्नो गच्छेअनुसार निश्चित परिमाणको अन्न बनाइएको भण्डारमा जम्मा गर्दछन् । धर्मभकारीको रेखदेख गर्ने जिम्मा प्रायः गाउँको याकुलोलाई दिइन्छ । विकल्पमा समिति नै बनाउने चलन पनि छ । धर्मभकारीमा अनाज जम्मा गर्ने सदस्यहरूले आवश्यक पर्दा अनाज सापटी लिन पाउँछन् । त्यस्तो सापटी लिएको खाद्यान्न र सोको निश्चित व्याज पुनः नयाँ बाली स्याहारेपछि जिन्सीमा नै फिर्ता गरिन्छ। धर्मभकारीले गर्दा खडेरी परी वा अन्य कारणले अन्नाभाव भएमा पनि अनिकालले कोही मर्नु पर्ने हुँदैन। जतन नपुगेर घरमा राखेको वीउ गतिलो नभएको खण्डमा विकल्प हुन्छ। कसैलाई कुनै कार्जे गर्नु पर्दा धेरै अन्न चाहिए पनि अन्त खोज्नु पर्दैन। हाल, गाउँ-गाउँमा भएको सडक सञ्जाल एवं बजार विस्तारपछि यो चलन लोप हुँदै गएको छ ।

### २.३.३ सहकारी र महिला सशक्तिकरणको सवाल

नेपालमा सहकारीलाई महिला सशक्तिकरणको एउटा आधारको रुपमा पनि लिने गरिएको छ । विशेष गरी कृषि सहकारीहरू महिला र ग्रामीण महिलाहरूको विकासको लागि विशाल सम्भावना बोकेका एजेन्सीहरू हुन् । ग्रामीण महिलाहरू खाद्य उत्पादन, प्रशोधन र बजारीकरणको प्रक्रियामा सक्रिय रूपमा संलग्न छन् । उनीहरूको परिवार र समुदायमा कमजोर स्थिति छ जसले गर्दा उनीहरूलाई ऋण, शिक्षा र प्रविधिमा पहुँच गर्न निषेध गरिएको छ ।.यस्ता अवस्थामा सहकारी संस्थाहरूले आफ्नो संगठनात्मक र व्यावसायिक गतिविधिहरूमा महिलाहरूको विकास र सहभागिताको प्रक्रियालाई तीव्र बनाउन मद्दत गर्न सक्छन् । अन्तर्राष्ट्रिय सहकारी गठबन्धन [ICA] र एसिया-जापानमा कृषि सहयोग विकास संस्थान

[IDACA] जस्ता संस्थाहरूले अन्य अन्तर्राष्ट्रिय संस्थाहरू र राष्ट्रिय स्तरका संस्थाहरूको सहयोगमा ग्रामीण महिलाहरूको जीविकोपार्जन सुधार गर्ने उद्देश्यले कार्यक्रमहरू विकास र प्रायोजन गर्न सक्छन् ।

त्यसैले महिला सशक्तिकरण आवश्यक छ जसको लागि सहकारीले गरिबी सम्बोधन गर्न मात्र नभई समाजमा महिलाको स्थान उकास्न पनि महत्वपूर्ण भूमिका खेल्छ । सहकारीले महिलाहरूमा विभिन्न सम्भावित प्रभावहरू पार्न सक्छ जसमा; महिलाको आय स्तर बढाउन मद्दत गर्नका साथै र आर्थिक स्वतन्त्रताको उच्चतम स्तरमा आय तथा ऋण परिचालन गर्न मद्दत गर्छ । घरायसी आय र परिवार कल्याणमा महिलाको योगदानको धारणा विकास गर्न मद्दत गर्न सक्छ ।. आय र खर्च र अन्य मुद्दाहरूको बारेमा घरायसी निर्णयहरूमा महिलाको सहभागिता बढाउन र महिला कल्याणमा बढी खर्च गर्न ऋण दिन मद्दत गर्न सक्छ र, घरपरिवार र समुदायमा महिलाको भूमिकाप्रतिको दृष्टिकोण सुधार गर्न सक्छ भन्ने मान्यता राखिन्छ (थापा मगर, २००८)।

तर, महिला सशक्तिकरणको सवालको विषयमा पहिला नै भएका अध्ययनहरुले महिलाको सशक्तिकरणको नाममा खोलीएका सहकारीले महिला सशक्तिकरण नभएको औलाएका थिए । उदाहरणको लागि अनुसन्धानकर्ता मदन लामाले (२०१२) मा मकवानपुर जिल्लाको हाडीखोलामा गरेको अनुसन्धानमा सहकारी संस्थामा श्रीमतीको नाममा ऋण लिइ सो रकम श्रीमानले श्रीमतीलाई जानकारी नै नगराई अन्यत्र आफू खुसी नै लगानी गरेको तथ्यबाट के कुरा देखिन्छ भने सहकारी संस्थाबाट महिलाको निर्णय क्षमतामा वृद्धि हुन पुगेको, महिलाले आर्थिक गतिविधीहरुमा आफ्नो स्वतन्त्र निर्णय गर्न उसको सामाजिक सांस्कृतिक पृष्टभूमि, पारिवारिक अवस्था कस्तो छ भन्ने विषयसँग पनि अभिन्न रूपमा गासिएको कुरा उल्लेख छ ।

यसैगरी हालसम्म भएका अध्ययनहरू सहकारी, व्यवस्थाका कारणले महिलाको निर्णय क्षमतामा आएको वृद्धिको पाटो, आर्थिक सशक्तीकरण वचत तथा ऋण लगानी, रोजगारीको संभावनामा वृद्धि, पुँजी निर्माण जस्ता विषयहरूमा मात्रै केन्द्रीत रहेको देखिन्छ । महिलाको नाममा ऋण लिएर त्यसको भोगचलन श्रीमान लगायत अन्य पुरुष सदस्यले गर्ने र ऋणको दायित्व नलिने गर्दा, बचत रकम लगानी जोखिममा समेत परेको तथ्य अनुसन्धानमा उल्लेख गरिएको थियो ।

चितावनमा गरेको अनुसन्धानमा आधारित जर्नल लेखले नेपालमा सहकारी संस्थामा वेइनमानी र घोटलाहरुको संख्या बढ्दै गएको तथ्य अर्जुन प्रसाद खनाल, सुमन खनाल र ओम प्रकाश सिंहका रचनामा पनि उल्लेख गरिएको थियो । अध्ययनले अहिले राज्यद्वारा समस्या ग्रस्त घोषित सहकारी संस्थाहरुको लिस्टमा नाम रहेको सहकारी संस्थाको कार्यशैली अध्ययन गरी नामै समेत किटान गरेर सहकारी संस्थामा आर्थिक अपचलनको समस्या बढ्दै गए तर्फ ध्यानआकर्षण गराएको थियो । उक्त लेखमा, “सहकारी क्षेत्र नेपालमा आर्थिक विकासका लागि एउटा महत्त्वपूर्ण पिलरको (खम्बाको) रूपमा रहेता पनि दिन प्रति दिन यसमा बेइमानी बढ्दै जानुको पछाडी राज्यको कमज़ोर नियन्त्रण र नियमनकारी (भूमिका) कार्यशैली रहेको निश्कर्ष निकालिएको छ” (खनाल लगायत, २०२४) ।

त्यसै गरि सुजाता शर्मा (२०१७) ले ग्रामिण विकास विषयमा रुपन्देहीको कोलियो को-अपरेटिभ माथिको सोधपत्र तयार गरेकि थिईन । उक्त सोधपत्रमा पनि सहकारी संस्थामा महिलाको सहभागिता उल्लेख रहेको, महिला सशकिकरणका लागि सामाजिक आर्थिक पृष्ठभूमी तयारपारेको शोधपत्रमा संस्था भित्र लोकतान्त्रिक अभ्यासको अवस्थाले पनि भूमिका खेल्ने उल्लेख छ । तर, आम्दानीमा मात्र वृद्धि भएर महिलाहरूको सामाजिक हैसियत माथि उठ्न नसक्ने कुरा पनि उल्लेख गरिएको छ । उनले सहकारी संस्थाको विकासले ग्रामिण भेगमा आर्थिक विचौलियाको अवस्था साहु मार्फत महंगो व्याजदरमा लिइने ऋणमा नियन्त्रण र विकासका लागि पूजी निर्माणमा सहयोग पुगे पनि सहकारी विभाग तथा मातहतका संस्थाहरूबाट परिणाम विचारै नगरी सहकारी संस्थाको सेवा केन्द्र विस्तार गर्ने स्वीकृति प्रदान गरिनु यसको कमजोर पाटोको रूपमा लिन सकिने उल्लेख गरिएको छ ।

त्यसै गरि नेपाल सरकारको मन्त्रीपरिषदको वि.स २०७० कार्तिक १४ को निर्णय बमोजिम तात्कालीन उच्च अदालतका न्यायधिश गौरी बहादुर कार्कीको अध्यक्षतामा शुसिलराम माथेमा र सिताराम उप्रेती सदस्य रहने गरी गठित बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरुको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७० ले वि.स २०७१ सालमा बुझाएको प्रतिवदेनमा सहकारी संस्थाहरुको संचालकबाट बचत रकम दुरुपयोगको घटना सार्वजनिक गरेको थियो । जसमा १३० सहकारी संस्थाहरुको सदस्यको रु ११ अर्ब ४१ करोड १४ लाख फिर्ता गर्न नसक्दा संस्थाहरुलाई संकटग्रस्त घोषणा गरी तिनिहरुको व्यवस्थापनको लागी छुट्टै संस्था बनाउनु पर्ने सिफारीस गरेको थियो ।

नेपालमा सहरकारी क्षेत्रले नक्कली दृष्टान्तको महामारी भोगीरहेको कुरा बिशेष प्रतिवेदन २०८१ मा उल्लेख छ । प्रतिवेदनका अनुसार साधरण सभा नक्कली, प्रतिवेदन नक्कली, सेयर सदस्य र ऋणी नक्कली, लेखा परिक्षण प्रतिवेदन नक्कली बचत कर्ता र सिंगो कार्यप्रणाली नक्कली भएको प्रतिवेदन पेश गरिरहँदा कतै पनि संचालक समिति नै नक्कली भएको कुरा प्रतिवेदनमा उल्लेख छैन । विशेष समितिको प्रतिवेदनका अनुसार समितिले विभिन्न सहकारी संस्थामा रहेका बचतकर्ताको बचत रकम दुरुपयोग र अपचलनमा आरोपित ४७ जना सहकारी संचालक र ५ जना सहकारी नियामक निकायमा कार्यरत निजामति कर्मचारीहरु सँग सोधपुछ गरी समितिले सहकारी संस्था संचालन गर्ने क्रममा संचालकको नियतजन्य, परिस्थिति जन्य र कानुनी वा अन्य कारणले सहकारी संस्था समस्यामा परेको निस्कर्ष निकालेको छ ।

## २.४ अनुसन्धान अन्तर

सैद्धान्तिक रुपमा सहकारीको अवधारणा अनुसार साना साना छरिएर रहेका बचत रकम मार्फत् पुँजी निर्माण गरि बचतकर्ता तथा सेयर धनिहरुमा नै पुजी लगानी गरेर आर्थिक रुपले सिमान्तकृत, ग्रामिण भेगका आम सर्वसाधारणको आयस्तर उकास्ने, आर्थिक लोकतन्त्र सुदृढ गर्दै गरिबी निवारणमा टेवा पुऱ्याउने एउटा प्रणालीको रुपमा लिने गएिको छ । उक्त सिद्धान्तलाई ब्यवहारिक बनाउन नेपाल सरकारले तीन खम्बे अर्थनिति समेत लागू गरेको अवस्था छ । नीतिगत रुपमा लागू गर्नको लागि नेपाल सरकारले भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, सहकारी विकास बोर्ड, सहकारी ऐन, सहकारी सञ्चालन कार्यविधि समेत लागु गरेको छ। तर, प्रचलनगत सय वर्ष भन्दा लामो र औपचारिक प्रत्यक्ष सरकारको सहभागितामा पनि ६८ वर्ष देखि कामगरिरहेको सहकारी ब्यवस्थामा आएको संकटको तालमेल भने मिलेको पाईन्न । त्यसैले यस अनुसन्धानमा सहकारी भित्रको लोकतान्त्रिक अभ्यासको अवस्था हेर्ने प्रयास गरेकिछु ।

यस भन्दा अगाडीका अध्ययनमा सहकारी मार्फत सर्व साधरण व्याक्तिहरुमा आर्थिक हैसियतको विकास, निर्णय प्रकृयामा, विशेष गरि महिलाहरुको सहभागिताको पक्ष सकारात्मक रहेको र आर्थिक क्षेत्र र महिला सशक्तिकरणको सवाललाई जोडेर हेरिएको पाइन्छ (लामा, २०२१), ( पराजुली, २०२३), (मिश्र, २०२१), (शर्मा, २०१७),र (खत्री, २०२३), । त्यसै गरी, सहकारी संस्थामा भएको आर्थिक अपचलन, राज्यको नियामक निकायको नियन्त्रण र अनुगमनमा

भएको त्रुटिका कारण, आर्थिक रुपमा पिछडिएको ग्रामिण भेगमा सहकारी संस्थाको भुमिका सकारात्मक हुँदा हुँदै पनि शहरी क्षेत्रका सहकारी संस्थामा नवसम्भ्रान्त परिवारको प्रवेश भई बचत कर्ताको बचत रकम दुरुपयोग हुन पुगि सहकारी क्षेत्रमा समस्या उत्पन्न भएको उल्लेख छ (जोशी,२०२४), (खनाल, २०२४) ।

सहकारीसँग सम्बन्धित केहि अध्ययनहरु कृषि क्षेत्रसँग सम्बन्धित रहेको पाइन्छ । कृषि क्षेत्रमा साना किसानहरुमा पुँजी लगानि तथा परिचालन गरी उनिहरुको उत्पादनलाई बजारिकिकरण गरी आर्थिक विकास गर्न कृषि सहकारीको योगदान रहेको चर्चा गरिएको छ । कृषि सहकारीमा सहकारीको विश्वव्यापि मान्यता तथा सिद्धान्तको प्रयोगको सवालका आधारित भई गरेको अध्ययनमा सहकारी मार्फत सामान्य जनताको वित्तीय क्षेत्रमा पहुँच पुगेको साथै गैर वित्तीय सेवाहरु मार्फत आफ्ना सदस्यहरुको आर्थिक सामाजिक अवस्था उकास्न मदत पुगेको अध्ययनमा उल्लेख छ (लुइटेल,२०१०), (नेपाल,२००९), (ढकाल,२०२४), (पाण्डे, २०२४) ।

यस अध्ययनको मुख्य चासो भनेको पनि सहकारीको विश्वव्यापि सिद्धान्त र मुल्य मान्यताको प्रयोग काठमाडौ उपत्यका भित्र आफ्नो कार्यक्षेत्रमा बनाई ऋचत तथा ऋण कारोबार गरि वर्तमानमा समस्याग्रस्त भई उपत्यका प्रहरी परिसर काठमाडौले छानबिन चलाईरहेको र समस्यामा परेको सहकारी संस्था संचालको समयमा र त्यसभित्र सहकारीको विश्वव्यापि सिद्धान्त र मुल्य मान्यताको अभ्यास कस्तो थियो भन्ने नै हो ।

# अध्याय तीन
# अनुसन्धान पद्धति

यस सोधपत्रमा गुणत्मक आनुसन्धान विधिमा रहेर सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीलाई समस्याग्रस्त घोषणा गर्न भन्दा अगाडी सहकारीका सिद्धान्तको कार्यान्वयनको पाटो र सहकारीलाई सरकारले नै संकटग्रस्त भनेपछि सहकारीको सञ्चालक समितिमा रहेका सदस्यको जीवनमा साथै उनिहरुको सामाजिक सम्बन्धमा परेको प्रभावलाई अध्ययन गर्न खोजिएको छ। यस अध्ययनलाई तथ्यगत बनाउन ब्याख्यात्मक अनुसन्धान दर्शनमा आधारित भएर, तथ्यहरूलाई गुणात्मक अनुसन्धान बिधिबाट अन्वेषणात्मक ढाँचामा आधारित भएर तथ्यांकहरु संकलन गरिएको छ । अनुसन्धानमा तथ्य तथा सूचना संकलनका गर्नका लागि प्राथमिक र द्वितिय दुवै स्रोतबाट तथ्यहरु संकलन गरिएको छ । द्वितिय स्रोतमा पूर्व साहित्य तथा सन्दर्भ सामग्रीको अध्ययन गरिएको छ। जसमा नेपाल सरकारको संघिय संसदले समिति नै गठन गरेर सहकारी माथि तयार पारेको प्रतिवेदन, सहकारी विभाग, भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले निकालेका बुलेटिन, लेख रचना, तथा सहकारी ऐन २०७७को ब्यवस्थालाई केन्द्रमा राखेर अध्ययन गरिएको छ । साथै, प्राथमिक तथ्यांक संकलन गर्नका लागि समस्याग्रस्त घोषणा गरिएका सहकारीको सञ्चालक समितिमा रहको ब्यक्तिसँग गहन अन्तरवार्ता, सरकारीको विषयमा विज्ञ, सहकारीहरु संकटग्रस्त भएपछि त्यस विषयमा काम गरिरहेका सरकारी पदाधीकारीहरुसँग मुख्य सूचनादाता गरिएको छ। अन्तर्वार्ताका लागि छनौट गरिएका सहभागि र उत्तरदाताको छनौट उदेश्यमूलक छनौट विधिका आधारमा लिईएको छ ।

## ३.१ अन्वेषणात्मक अनुसन्धानको ढाँचा

अन्वेषणात्मक अनुसन्धान भनेको समस्याको सही प्रकृतिलाई समाधान गर्नको लागि प्रारम्भिक अनुसन्धान हो । यो प्रयोगको क्रममा थप अनुसन्धानलाई ध्यानमा राखी अनुसन्धानका प्राथमिकताहरू निर्धारण गर्न, तथ्य तथा सूचना सङ्कलन गर्न र खोजी अनुसन्धान बिना नोट गर्न गाह्रो हुन सक्ने निश्चित विषयहरूमा सम्मान गर्न प्रयोग गरिन्छ । अन्वेषणात्मक अनुसन्धान ढाँचालाई साङ्गठनिक सरचनाको विकासमा मानव व्यवहारका विविध क्षेत्रलाई उजागर गर्नका लागि अनुसनधान क्षेत्रमा प्रयोग गरिन्छ। अन्वेषणात्मक अनुसन्धान पद्धतिको प्रयोग त्यस्तो प्रकारको अनुसन्धान क्षेत्रमा गरिन्छ, जुन क्षेत्रमा सामाजिक घटना वा सामाजिक

समस्याको पहिचाान स्पष्ट वा प्रयाप्त मात्रामा भएको पाइदैन भनेर इसिरामेन भन्छन्, ( इसिरामेन, २०२१) । त्यसै गरि अन्वेषणात्मक अनसन्धान ढाँचा अपरिभाषित समस्याको अध्ययन गर्नका लागि गरिन्छ । यो अनुसन्धाान ढाँचा वर्तमानमा भएका समस्याका बिषयमा अझ गहिरो बुझाइ राख्नका लागि प्रयोग गरिन्छ (आसिका, २००४) । अनवेषणात्मक अनुसनधान ढाँचा एउटा व्यवस्थित अनुसन्धान पद्धति हो । जुन कुनै पनि समस्याको गहन वुझाइका साथै प्रयाप्त अध्ययन नभएका कुनै पनि बिषयवस्तुलाई स्पष्ट रुपमा परिभााषित गर्न यो ढाँचाको प्रयोग गरिन्छ । यसलाई गराउन्डेड थ्योरीका रुपमा पनि लिने गरिन्छ । यो ढाँचा कुनै निश्कर्षमा पुग्नुभन्दा भावि अनुसन्धानको लागि एउटा मार्ग प्रसस्त गर्नको लागि प्रयोग गरिन्छ, (सोहन शाह, २०२४) । यस ढाँचाको अनुसनधान एउटा निरन्तर प्रक्रिया पनि हो जसले विषय नविन, तथ्याङ्क संकलनमा चुनौति तथा पूर्वअध्ययन नभएको अवस्थामा यो ढाँचाको प्रयोग गरिने भएको कारण सहकारी समस्याग्रस्त बन्ने कारण र त्यसले सञ्चालक समिति सदस्यको जीवनमा, उनिहरुको सामाजिक सम्बन्धमा पारेको प्रभावलाई अध्ययन गर्न यो ढाँचा उपयुक्त छ भन्ने आधारमा यस शोधपत्रका लागि अन्वेषणात्मक अनुसन्धान ढाँचामा रहेर काम गरिएको हो ।

## ३.२ अध्ययन क्षेत्रको छनौट

समस्या ग्रस्त भएका तथा समस्याग्रस्त भएका सहकारीको विषय माथि संघिय सरकारले दुईवटा प्रदेशमा कार्यक्षेत्र भएका २२ वटा सहकारीलाई समस्या ग्रस्त घोषणा गरेर छानबिन गरिरहेको छ । साथै स्थानिय तहको हकमा काठामाडौं नगरपालीकाले दुईवटा र नेपाल प्रहरीले संख्या नतोकेर छानबिन गरिरहेको छ । ती सहकारी मध्ये  नेपाल प्रहरीले छानबिन गरिरहेका र समस्यामा परेका सहकारी जो काठमाडौं उपत्यका भित्रका नगरपालिकामा रहेका आठवटा समस्याग्रस्त घोषणा गरेका सहकारीलाई छनौट गरी अध्ययन गरिएको छ ।

## ३.३ तथ्य तथा सूचनाका स्रोत

तथ्य तथा सूचना संकलनका लागि प्राथमिक र दितिय दुवै स्रोतबाट सूचना तथा तथ्यहरु संकलन गरिएको छ । प्रथमिक स्रोतका रूपमा समस्याग्रस्त सहकारीका व्यवस्थापक र लगानी कर्तालाई प्रत्यक्ष भेटेर घटना अध्ययन, अन्तरवार्ता गरिएको छ, भने मुख्य सूचनादाता अन्तर्वार्ता सहरकारी व्यवस्थाको बारेमा जानकारी राख्ने विज्ञ, समस्याग्रस्त सहकारी माथि छानबिनमा सहभागी प्रहरी प्रसाशनका व्यक्तिलाई अन्तरवार्ता गरिएको छ । त्यसैगरी द्वितिय

स्रोतको रुपमा समस्याग्रस्त भएका सहकारीहरुको वार्षिक साधारण सभा, बैठकको माईन्युट, सरकारले गरेका अनुसान्धान, सहकारी मन्त्रालयले गरेका अध्ययन तथा सामाग्रीलाई समेटिएको छ ।

### ३.४ समग्र र नमुना

यस अनुसन्धानका नेपाल सरकारका सबै निकाय (संघले हेर्ने, नेपाल प्रहरीले छानबिन गरिहेका र काठमाडौं नगरपालिकाले छानबिन गरिरहेका गरेर) संसदिय विशेष छानबिन विशेष समितिका अनुसार करिव २.५ खर्वको आर्थिक अपचलन, त्यसमा संलग्न करिव ५०० सहकारी संघ, संस्था र लाखौं सदस्यहरूका बचतको हिनामिना, १,७०० जना विरुद्ध पकाउ पूर्जी जारी भएको उल्लेख छ। संसदिय विशेष छानबिन समितिले उल्लेख गरेका ५०० सहकारीका १,७०० जनालाई लाई समग्र मानिएको छ। भने ती मध्ये **८ वटा** सहकारीलाई नमुनाको रुपमा छनौट गरेर अनुसन्धान गरिएको छ। नमुनाको रुपमा छनौट गरिएका सहकारीका १३ जना सञ्चालक समितिका पदाधिकारी र २ जना व्यवस्थापक गरि १५ जना सँग अन्तरवार्ता गरिएको छ । शोधकर्ताको उत्तरदातासँगको पहुँच र सहजता आधारमा उदेश्यमुलक छनौट विधि अपनाईएको छ ।

### ३.५ तथ्याङ्क संकलन बिधि

समस्याग्रस्त सहकारीहरुमा आएको समस्याका कारणहरुको पहिचान, सहकारी ब्यवस्थामा समस्या आउन भन्दा अगाडी राज्यले खेलेको भूमिका र सहकारी ब्यवस्था भित्र समस्या आउन भन्दा अगाडी सहकारीको आन्तरिक लोकतन्त्रको अवस्थालाईलाई अध्ययन गर्नको लागि निम्न अनुसार तथ्य तथा सुचना संकलन गरिएकोछ ।

#### ३.५.१ बिस्तृत अर्न्तवार्ता

यस सोधपत्रको निम्ती प्रथामिक तहको तथ्याङ्ककहरु संकलनको लागी समस्याग्रस्त सहकारीका संचालककहरु र सहकारीका बचत कर्तालाई प्राथमिक उत्तरदाताको रुपमा लिएर बिस्तृत अन्तरवार्ता गरिएको छ । यसका लागि समस्याग्रस्त घोषण गरेका र समस्याग्रस्त भएका सहकारीका संचालक सदस्य तथा व्यबस्थापकहरुलाई लिइएको छ ।

### ३.५.२ मुख्य सुचना दाता अन्तरवार्ता

यस अध्ययनलाई प्रभावकारी बनाउन सरकारी निकाय, सहकारी विज्ञ, समस्याग्रस्त घोषणा भएका सहकारी संस्थालाई हेरिरहेका नेपाल प्रहरीका अधिकृतसँग मुख्य सुचनादाता अन्तरवार्ता गरिएको छ । यस प्रकारको अन्तवार्ता काठमाडौं महानगरपालिकाको निर्देशक नवराज ढकाल, सहकारी विभागका रजिष्टार रघुनाथ महत, संसदिय छानविन विशेष समिति सम्योजक सुर्य थापा, नेपाल प्रहरीका अधिकृत (नाम उल्लेख नगर्ने सर्तमा) गरी चार जना ब्यक्तिसँग गरिएको थियो ।

## ३.६ तथ्यांकको प्रस्तुति र बिष्लेषण विधि

बचत तथा ऋण सहरकारीको सञ्चालनको क्रममा सरकारीका सिद्धान्तलाई कार्यान्वयनमा लगिएको थियो कि थिएन । के कसरी काम गर्ने गरिएको थियो भन्ने प्रश्नमा रहेर र सञ्चालक समितिमा सदस्यको प्रवेश, बोर्डमा रहेका सबै ब्यक्तिको बिचमा जानकारीको आदान प्रदान, साथै सहकारीलाई समस्या ग्रस्त भनेर घोषणा गरेर सरकारले पकाउ पुर्जी समेत काटे पछि उक्त ब्यक्तिलाई ब्यक्तिगत रुपमा, पारिवारिक रुपमा र सामाजिक रुपमा परेका समस्याहरुलाई सम्बन्धित विषयमा प्राप्त भएको तथ्य र जनकारीहरुलाई शब्दमा टिपोट गरिएको छ । उक्त टिपोटलाई विभिन्न उपशिर्षक दिई ब्याख्या र आवश्यक परेको खण्डमा विश्लेषण गरिएको छ । भने सबै खण्डमा आएका विश्लेषणको आधारमा सारांश र पूर्व साहित्यको समिक्षा सित के कति कुरा मिल्छन् वा के कति करा फरक आए भनेर निष्कर्ष प्रस्तुत गरिएको छ । सबै तथ्यांक विबरणात्मक रुपमा राखिएका छन् ।

## ३.७ अध्ययनको सिमा

यस अध्ययन विषय बस्तुको आधारमा यसमा केही सीमितता रहेको छ । यस अनुसन्धानमा समावेश गरिएका तथ्य तथा सुचनाहरु अनुसन्धानकर्तालाई उत्तरदाताले अन्तरवार्ताका क्रममा दिएका उत्तरलाई नै अन्तिम सत्य मानिएको छ । उत्तरदाताका उत्तर बाहेक उहाँहरुले दिनुभएको उत्तर सत्य हो कि होईन भनेर अन्य विधिबाट परिक्षण गरिएको छैन । दोस्रो, यस प्रकारको अनुसन्धान काठमाडौमा रहेका र सरकारले नै समस्याग्रस्त घोषणा गरिएका बचत तथा ऋण सहकारी सहित समस्याग्रस्त सहकारी संस्थामा गरिएको हो । संकटग्रस्त नभएका र सामान्य रुपमा संचालनमा रहेका सहकारीमा, र मूल्य मान्यतामा चलिरहेका सहकारीको हकमा भने यस शोधपत्रले निकालेका निष्कर्षलाई सामान्यिकरण गर्ने मिल्दैन ।

# अध्याय चार

# सहकारी संस्था संचालनमा अन्तराष्ट्रिय सिद्धान्तको अभ्यास

शोधपत्रको यस खण्डमा अन्तरवार्ताका क्रममा आएका तथ्यहरुलाई प्रश्न सोधिए अनुसार उपशिर्षकमा राखेर प्रस्तुत गरिएको छ । जसमा बचत तथा ऋण सहरकारीको सञ्चालनको क्रममा सहकारीका सिद्धान्तलाई कार्यान्वयनमा लगिएको थियो कि थिएन । के कसरी काम गर्ने गरिएको थियो भन्ने प्रश्नमा रहेर र सञ्चालक समितिमा सदस्यको प्रवेश, बोर्डमा रहेका सबै व्यक्तिको बिचमा जानकारीको आदान प्रदान, साथै सहकारीलाई समस्या ग्रस्त भनेर घोषणा गरेर सरकारले पकाउ पुर्जी समेत काटे पछि उक्त व्यक्तिलाई व्यक्तिगत रुपमा, पारिवारिक रुपमा र सामाजिक रुपमा परेका समस्याहरुलाई सम्बन्धित विषयमा प्राप्त भएको तथ्य र जनकारीहरुलाई शब्दमा टिपोट गरिएको छ। उक्त टिपोटलाई विभिन्न उपशिर्षक दिई ब्याख्या र आवश्यक परेको खण्डमा विश्लेषण गरिएको छ । जसमा सहकारी सञ्चालनको क्रममा सहकारीका अन्तराष्ट्रिय सिद्धान्तको अभ्यासको अवस्थालाई पहिलो खण्ड र सहकारी समस्याग्रस्त हुँदा सहरकीका संचालकहरुको जिवनमा पारेको प्रभावलाई दोस्रो खण्डमा राखेर ब्याख्या गरिएको छ । ब्यख्या गर्ने क्रममा उपखण्डहरुमा विभिन्न उपशिर्षकमा सम्बन्धीत विषयलाई अन्तरवार्ताका क्रममा आएका तथ्य सहित व्याख्या गरिएको छ ।

## ४.१ सहकारी भित्र सिद्धान्तको पालनाको अवस्था

शोधपत्रको यस उपखण्डमा सन् १९९५मा सहरकारीको अन्तराष्ट्रिय सञ्जाल (International Co-operative Alliance) ले सहकारीका विश्वब्यापी सिद्धान्त (universal principle of cooperatives) का रुपमा स्वीकार गरेका स्वइच्छा र खुल्ला सदस्यता, सदस्यद्धारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरुको आर्थिक सहभागिता, स्वयत्त र स्वतन्त्रता, शिक्षा तालिम र सुचना, सहकारीहरुबिच सहकार्य र समुदाय प्रति चासोलाई केन्द्रमा राखेर सोधिएका प्रश्नमा उत्तरदाताले दिएका उत्तरलाई प्रसतुत गरिएको छ ।

### ४.१.१ सदस्यता प्राप्तीको अवस्था

सहकारीको सिद्धान्तको पहिलो नम्बरमा रहेको छ, स्वेइच्छामा आधारित खुल्ला सदस्यता । तर, अध्ययनको क्रममा काठमाडौं उपत्यका जस्तो घना बस्ती भएको सहरमा र विशेष गरी बचत

तथा ऋण सहकारीमा सदस्य बन्ने बनाउने प्रकृयामा कसैले सहकारी संस्था चलाउने उदेश्य राखेर त कोहि श्रीमानले सदस्य बनाईदिएर, कोहि साथीको मन राखिदिन, कोहि ब्यापारबाट आएको थोरै थोरै रकम दैनिक रुपमा जोगाउनको लागि, कोहि युवा पुस्ताका ब्यक्तिलाई अगाडी बढ्न सहयोग गरौं भन्ने मनसायले सहकारीको सदस्य बनेको पाईयो । शोधपत्रका लागि अध्ययन गरिएका अधिकांश सहकारीका सञ्चालक समितिका सदस्यलाई सहकारीमा आफु किन बसेको भन्ने स्पष्ट जवाफ समेत नभएको पाईयो । समस्याग्रस्त घोषणा भएको एक सहकारीकि सह सचिव आशा भण्डारी भन्छिन्:

> संस्थामा नयाँ सदस्यको प्रवेशको प्रकृया त के हो थाहा भएन, मरो प्रवेश चाँही यसरी भएको हो सहकारी संस्थाको अफिसको अर्को घरमा हाम्रो पार्टी भेन्यु थियो । सहकारीको सर हाम्रोमा वार्षिक साधारण सभाको लागि हल बुक गर्न आउनुभयो र पछि वहाले हामीलाई नियमित वचतको लागि म कर्मचारी पठाइदिन्छु,थोरैथोरैभएपनि बचत गर्नुहोला भन्नुभयो । हाम्रो आफ्नै पार्टी भेन्यू हो, म र मेरो श्रीमान दुवै त्यहि भेन्यूमा काम पनि गर्थ्यौं । पछि सहकारीको अध्यक्षले वचत गरेको रकमबाट शेयरधनिको रुपमा रहेको भन्दै प्रमाण पत्र पनि दिनु भयो । पछि, एउटा साधारण सभामा, जुन हाम्रो पार्टी भेन्यूमा भएको थियो साधारण सभाले पुरानो कार्य समिति परिवर्तन गर्ने कुरा उठाएपछि के के कुरा नमिलेको हो हामीलाई थाहा भएन । मेरो श्रीमान्लाई भाउजुलाई उप-सचिव  पोस्टमा राख्नु पऱ्यो म नयाँ कार्य समिति प्रस्ताव गर्छु भन्नुभए पछि मेरो श्रीमानले मलाई थाहा नै नदिइ मेरो नामको प्रस्ताव स्वीकार्नु भएछ ।

आशा भण्डारीको भन्दा केहि फरक कथा छ काजीमान श्रेष्ठको । काजीमान श्रेष्ठलाई पनि सहकारी संस्थामा नयाँ सदस्य भर्नाको प्रकृयाको वारेमा त्यति थाहा थिएन । सहरकारीको अध्यक्षले पहिला उनको घर सहरकारीको अफिस राख्नको लागि भाडामा मागे । खाली रहेको घर राम्रो भाडा पाउँदा उनले पनि नाई भन्ने कुरा थिएन । सहकारी भाडामा बसे पछि कुराकानी गर्दै जाँदा “त्यसो भए दाई पनि सहकारीको सञ्चालक समितिमा बस्नु” भनेर अनुरोध गरे पछि उनि सहकारीको सदस्य र सञ्चालक समितिको सदस्य एकै पटकमा बने । उनि भन्छिन्, “सदस्यता लिनको लागि मैले केहि पनि गर्न परेन । त्यहि भाईले सबै कुरा मिलायो, मेरै घरमा सहकारी पनि राख्यो” (अन्तरवार्तामा आधारित) ।

| सहकारीको सदस्य बन्नुको कारण | जम्मा संख्या |
|---|---|
| साथीको अनुरोधलाई अस्वीकार गर्न नसकेर | ४ |
| बचत गर्नकोलागि | १ |
| सहकारी सञ्चालन गर्ने उदेश्यले | ८ |
| सहकारी छोडेको ब्यक्ति | १ |
| श्रीमानले नसोधी सदस्य बनाईदिएर | १ |
| जम्मा | १५ |

स्रोतः स्थलगत र्सेक्षण, २०२५

त्यसै गरी कुनै बचत तथा ऋण सहकारीको साधारण सदस्य बन्नको लागि बचत गर्दा मात्र हुने गरेको पाइयो ।उक्त बचत दैनिक गर्दा पनि हुन्थ्यो, मासिक पनि हुन्थ्यो, कसैले बार्षिक निक्षेप जम्मा गरेर पनि राखेर सदस्य बन्न सक्नु हुन्थ्यो भनेर अर्को सहकारीका ब्यवस्थापक उत्तम श्रेष्ठले बताउनु हुन्छ । त्यसै गरि सहकारी संस्थालाई व्यवस्थित रुपमा सञ्चालन गर्दा पनि समस्या आएको पाईएको छ । तर, शोधका लागि लिएका पन्ध्र जना उत्तरदाता मध्ये सात जना सहकारी सञ्चालन गर्ने उदेश्य राखेर, सहकारीलाई राम्ररी सञ्चालनमा ल्याएका ब्यक्तिहरु पनि हुनुहुन्थ्यो । राम्ररी सहकारी सञ्चालन गर्दा गर्दै पनि समस्या आएका कारणहरु अर्को उप(खण्डमा उल्लेख गरिने छ ।

शोधपत्र लेख्नको लागि अन्तरवार्ता गरिएका उत्तरदाताहरु कोहि सहकारी सञ्चालन गर्ने उदेश्यले, कोहि आफुले जानकारी नै नपाई, कोहि आफन्तले गर्दा, चिनजानका ब्यक्तिको विश्वास वा जानकारी नै नभई पनि सहकारी संस्थाको सदस्य तथा सहकारीको सञ्चालक समितिको सदस्यको तथा सचिव, सह-सचिव महत्वपूर्णपदमा स्वइच्छामा आधारित कम र अरुको करकाप वा जानकारी बिना नै सदस्य बनेको पाईयो । जसलाई सहकारीका अन्य सदस्यको बारेमा नत त चासो नै रहेको पाईयो, नत जानकारी नै रहेको पाईयो ।

### ४.१.२ संस्था भित्रको लोकतन्त्रको अवस्था

सहकारीको दोस्रो विश्वव्यापी सिद्धान्तको रुपमा सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण प्रणालीलाई लिने गरिन्छ । सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित प्रजातान्त्रिक संगठन हुन् । यी संस्थाका सदस्यहरु आफ्नो संस्थाको नीति तय गर्न र  निर्णय गर्नमा सक्रिय

रूपमा सहभागि बन्छन् भन्ने विश्वास गर्ने गरिन्छ । निर्वाचित प्रतिनिधिको रुपमा सेवा गर्ने महिला तथा पुरुषहरु आफ्नो संस्थाको सदस्यहरु प्रति उत्तरदायी रहने र प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतको आधारमा सदस्यहरूको समान अधिकार हुन्छ भने विश्वास राखिन्छ ।

तर, यस शोधपत्र तयार गर्ने क्रममा भेटेका सहकारीका सञ्चालक तथा ब्यवस्थापक समस्याग्रस्त भएका सहकारीहरुका सञ्चालक समितिका सदस्यहरुको बिचमा नै आम रुपमा जानकारीको आदानप्रदान, स्पष्ट कार्यविभाजन, नभएका कारण सहकारीमा समस्या आएको पाईएको छ । त्यसै गरि सहकारीको सञ्चालक समितिमा रहे पनि आफ्नो जीम्मेवारीलाई टोकनको रुपमा मात्रै प्रयोग गरेको कारण सहकारीमा समस्या आएको पाईएको् छ । यसको उदाहरणको रुपमा काजीमान श्रेष्ठलाई लिन सकिन्छ । उनी भन्छन्, “सबै संचालक नै जिम्मेवारी विहिन भएर आफ्नो काम र कर्तव्य पूरा नगरेकोले सहकारी संस्था समस्यामा परेको हो, यसको मुख्य जिम्मेवारी संस्थाको अध्यक्षले लिनु पर्छ । वहाँले आफ्नो भूमिक राम्रोसँग निवार्ह नगरेर यो अवस्थामा पुगेको हो” ।

आफु सहकारीको सदस्य वा सञ्चालक समितिको सदस्य थाहा नै नभएका ब्यक्तिलाई त आफ्नो काम कर्तब्यको बारेमा थाहा हुने कुरा भएन । तर करकाप वा दवाव जे मा परेर भए पनि सहकारीको सञ्चालन समितिको सदस्य वा पदाधिकारी बसेका ब्यक्तिलाई पनि आफुले सञ्चालक समितिमा बसेर गर्नु पर्ने काम कर्तब्यको बारेमा समेत सामान्य जानकारी समेत नभएको पाईयो । शोधपत्रका लागि लिईएका पन्ध्र जना उत्तरदाता मध्ये दुई जनालाई आफु पदाधिकारी भएको समेत थाहा थिएन भने, अरु सात जनालाई पनि आफु यहाँ बसेर के हुने भन्ने जानकारी नभएको पाईयो ।

अमृत भट्टराई विगत चार वर्ष देखि आर्टिजन्स बचत तथा ऋण सहकारीमा सञ्चालक समितिको अध्यक्षको पदमा काम गरिरहेका थिए ।

> सहकारीमा सदस्यमा प्रवेश हुनका लागि अनिवार्य रूपमा शेयर सदस्य हुनु पर्ने र घरदैलों कार्यक्रममा सहभागि र दैनिक रुपमा बचत गर्नु पर्ने, बोर्ड सदस्यका बन्नका लागि सदस्य भित्रवाट कार्य सदस्य तयार गरेर पुरानो संचालक समितिले अर्कोको नयाँ संचालक समिति प्रस्ताव गरी साधारण सभाबाट नै चुनिएर आउनुपर्ने प्राब्धान रेहेको थियो र ब्यवहारमा कार्यान्वयन पनि गरिएको थियो । साधरण सभा आवाहन

> गर्ने, सबै शेयर सदास्यहरुलाई ३५/३० दिने मिति तयार गरेर सूचना दिने साधाण सभामा लेखा समितिको आर्थिक हिसाव किताब, कार्य प्रगति र भावि योजना पास गर्ने गरिएको थियो (अमृत भट्टराईसँग गरेको अन्तरवार्तामा आधारित) ।

सहकारीले गर्ने साधारण सभामा नत पदाधिकारीले नत अन्य साधारण सदस्यले नै सहकारीको साधारण सभा भनेको साथी भाई, परिवार सहित जाने, खादा माला लगाउने र भोज खाने दिनको रुपमा मात्रै लिएको पाईयो । न कि साधारण सभा भनेको प्रजातन्त्रीक विधिबाट नेतृत्व छनौट, भावि योजनाको विषयमा छलफल गर्ने थलोको रुपमा ।

### ४.१.३ सदस्यहरुको आर्थिक सहभागिता

सहकारीको अर्को सिद्धान्त भनेको सहकारीका सदस्यहरुले आफ्नो सहकारीमा रहेको पुँजीमा न्यायिक रूपमा सहभागि हुन्छन् र यस पुँजी माथि नियन्त्रण राख्दछन् भन्ने रहेको छ। खासगरी यस पुँजीको केही भाग सहकारी संस्थाको साझा सम्पति हुन्छ भन्ने मान्यतामा काम गर्ने गरिन्छ । यस सस्थामा बचत (नाफा) भएमा सदस्यहरुले आफ्ना सदस्यताको लागि चुक्ता गरेको शेयर पूँजीमा सिमित बचत फिर्ता पाउँछन् । नेपालका बचत तथा ऋृण सहकारी संस्थामा सामान्यतया दुई तरिकारले आर्थिक कारोबार गर्ने गरिन्छ । अर्थात् सहकारीमा दुई प्रकारका ब्यक्तिहरुको आर्थिक सहभागिता रहने गरेको छ। सर्वसाधारणले गरेको दैनिक बचत रकमबाट अर्थात् वचतबाट मात्र लगानी गर्न मिल्छ। अन्य संस्थाहरुबाट ऋृण लिएर लगानी गर्ने पनि गरिन्छ । तर, नियमित ऋृण लगानी चाहि शेयर धनीलाई नै हो । पहिला बैठक, मुद्धतिखाता, फिक्स डिपोजिटबाट कोष बनाएर जग्गामा लगानी गर्न चाहि मिल्छ ।

तर शोधपत्र तयार गर्ने क्रममा अन्तरवार्ता गरेका अधिकांश सहकारीको सञ्चालक समितिको बैठकमा कसरी फिक्स डिपोजिट बढाउने भन्ने कुरालाई केन्द्रमा राखेर छलफल हुने गरेको पाइयो । त्यसै गरि भएको आम्दानी कसरी, कहाँ कहाँ लगानी भएको छ भन्ने विषयमा खासै थाहा पनि नहुँने र बोर्ड सदस्यहरुले चासो पनि नराख्ने गरेको अध्ययनको क्रममा पाईएको छ । यूनिफाइड साकोस सहकारीका संस्थाका वर्तमान सचिव भन्छन्:

> हाम्रो सहकारी संस्थाको प्रत्येक पटकको सञ्चालन समितिको बैठकमा सहकारीमा पैसा कसरी भित्र्याउने (फिक्स डिपोजिट), कसरी वृद्धि गर्ने भन्ने मात्र हुन्थ्यो । संस्थाको नाफाबाट अर्जित रकम कहाँ कसरी खर्च भएको छ, भन्ने बारेमा सहकारी सञ्चालन

> समितिको बैठकमा न त कसैले चासो नै राख्नु भयो, न त त्यो विषयमा छलफल नै भयो । तर वचत कर्ताको रकम व्यापार व्यवसायमा लगानी भएको भन्ने जानकारी मात्र छ (मधुशुधन खनालसँगको अन्तरवार्तामा आधारित) ।

त्यसै गरि अर्को सहकारीमा पनि बैठक नियमित नै बस्ने गर्थ्यो । तर, नियमित बैठक बस्दा पनि सहकारी समस्यामा पर्दै गएको विषयमा भने छलफल नहुने गरेको पाईएको छ । उदाहरणको लागि कोषाध्यक्षको भूमिकामा रहेका काजीमान भन्छन्:

> साधाराण सभाबाट नै म सहकारी संस्थामा प्रवेश गरेको हो । आवश्यक पर्ने सबै फारम भरेर सहकारी संस्थाको कोषाध्यक्षको पदमा पुगेको हो । साधारण सभाको प्रकृया मात्र मिलाएर संचालकको भुमिकामा प्रवेश गरेको हुँ । म गएपछि पनि सञ्चालक समितिको नियमित बैठक गर्ने चलन थियो । बैठकमा बचत कसरी उठाउने, सदस्य कसरी बढाउने, सदस्यहरुलाई कसरी सेवा दिने, व्याजदर कसरी बढाउने लगानी कुन कुन ठाउँमा गर्ने भन्ने सम्बन्धमा बैठकमा छलफल हुने गर्थ्यो ।

समस्याग्रस्त भएका सबै सहकारी भित्र आर्थिक सहभागीता एकै प्रकारको भने थिएन । शोधपत्रमा अध्ययन गरिएका आठ वटा सहकारी मध्ये चारवटा सहकारीले राम्ररी काम गर्दा गर्दै पनि समस्याग्रस्त बन्न पुगेको पाईएको छ । त्यसरी काम राम्ररी गरिरहँदा पनि समस्या ग्रस्त भएको सहकारीका ब्यवस्थापकको रुपमा रहेका उत्तम श्रेष्ठ भन्छन्:

> सस्थाको बैठकमा काम कसरी गर्ने, नयाँ कार्यविधिहरुको बारेमा नै छलफल हुन्थ्यो । अरु साधारण बैठकहरु बसे जस्तै हो सहकारीको बैठक बस्ने पनि यसमा त्यस्तो खासै केहि हुन्न थियो । अलिक धेरै पैसा होल्ड भयो भने उक्त पैसालाइ नयाँ तरिकाबाट कहाँ लगानी गर्ने भन्ने बिषयमा छलफल हुने गर्थ्यो । कहिले काँही बचत कर्ताको रकमको ब्याज हेरफेर गर्ने बिषय पनि उठान हुने गरेको थियो ।  हाम्रो लगानी बाढी जसो व्यापारिक क्षेत्रमा हुन्थ्यो । केहि लगानीकर्ताहरुले जमिनहरु पनि किनेको थियो भने सदस्यहरुलाई ब्याज ऋण दिने चलन पनि थियो । धेरै जसो ब्याजमा लगाएको र ब्यापारिक क्षेत्रमा लगानी गरेका थियौं । सहकारी पसलहरु खोल्ने उधोग हरु खोल्ने अरुले लगानी गरेको उधोगहरुमा थप लगानी गर्ने चलन थियो (उत्तम श्रेष्ठसँग अन्तरवार्तामा आधारित)।

त्यसैले समस्या ग्रस्त सहकारीमा कुनै सहकारीमा सहकारी फर्जी सञ्चालक समिति, फर्जि साधारण सभा समेत हुने गरेको पाईयो जसको कारण सहकारीको आर्थिक आर्थिक कारोबारको बारेमा आम साधारण सदस्य मात्रै होईन सञ्चालक समिति तथा सञ्चालक समितिका पदाधिकारीलाई समेत जानकारी नभएको पाईयो भने, कतिपय शोधपत्रमा अध्ययन गरेका ८ मध्ये चार समस्याग्रस्त सहकारीमा राम्ररी सञ्चालक समितिको बैठकमा पनि आर्थिक क्रियाकलाप पारदर्शी रुपमा हुने गरेको र साधारण सभामा आर्थिक विषयमा छलफल हुने गरेको पाईयो ।

### ४.१.४ सदस्यहरुले प्राप्त गर्ने शिक्षा, तालिम र सूचनाको प्रवाहको अवस्था

शिक्षा, तालिम र सूचनाको बिस्तारलाई सहकारीको विश्यव्यापी सिद्धान्तमा एक महत्वपर्ण सिद्धान्तको रुपमा मान्दै आएको पाईन्छ । त्यसै अनुरुप नेपाल सरकारका सहकारी, भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय र यस अन्तर्गतका निकायहरुले विभिन्न प्रकारका तालिम तथा प्रकाशन गर्ने आएका छन् । जसको मुख्य उदेश्य सहकारी मार्फत प्रभावकारी रुपमा योगदान दिन सकोस भनि आफ्ना साधारण सदस्य, निर्वाचित प्रतिनिधि, व्यवस्थापक र अन्य कर्मचारीहरुलाई शिक्षा तालिम उपलब्ध गराउने उदेश्य राखिएको हुन्छ । र यस्ता सहकारीले गरिरहेका कामको प्रकृती र लाभबारे सामान्य जनतासँग खास गरेर तरुण पुस्ता र वैचारिक अगुवाहरुलाई सूचित गर्ने समेत उदेश्य राखेको पाईन्छ ।

यो सिद्धान्तलाई फुटाएर शिक्षा र तालिमको एउटा पाटो र सूचना प्रवाहको अर्को पाटो गरेर हेर्न पर्ने हुन्छ । शिक्षा र तालिमको हकमा कुरा गर्दा शोधपत्र तयार गर्ने क्रममा अध्ययन गरिएका आठ वटा सहकारी मध्ये चार वटामा सहकारी संस्थामा मात्रै सञ्चालक समिति तथा साधारण सदस्यहरुलाई लागि तालिम दिईएका पाइयो । सहकारी संस्था राम्ररी सञ्चालन गर्दा गर्दै संकटग्रस्त भएको सहकारीका कार्यकारी उत्तम श्रेष्ठ भन्छन्:

> हाम्रो सहकारीले विभिन्न खालका तालिमहरु दिने गरेको थियो । त्यसमा धेरै भनेको सिपमुलक तालिमहरु गरेको थियो । उदाहरणको लागि सदस्यहरुलाई सिलाई बुनाईको तालिम, व्युटिपार्लर, अचार बनाउने तालिम दिएका थियौँ । हाम्रो सहकारी भएको क्षेत्र बजार क्षेत्रमा भएको कारणले सदस्यहरुलाई सिप सिकाउने खालका तालिम व्यापारमा

> सहयोग हुने खालका तालिमहरु दिने गरेको थियो । त्यो बाहेक मान्छेलाई कसरि आफैँ सक्षम हुन सकिन्छ भन्ने खालका पनि तालिम हरु दिने गरेको थियो । (उत्तम श्रेष्ठसँग कुराकानीमा आधारित)।

तर, बाँकी चारवटा सहकारीमा भने कर्मचारीहरुलाई कसरी डिपोजिट बढाउने भन्न्ने विषयलाई केन्द्रित गरेर अभिमूखी करणलाई नै तालिमको रुपमा लिने गरिएइको पाईएको छ ।

अर्को तर्फ सहकारीलाई प्रवद्धन गर्न सरकाले निर्माण गरेका विभिन्न निकायहरुले पनि बेला बेलामा विभिन्न प्रकारका तालिमहरु दिँदै आएको थियो । नानीमाया थापा भन्छिन्, "हाम्रो संस्थाले, सहकारी वोर्ड महासंघहरूले आयोजना गरेको तालिममा सहभागिताको लागि पठाएका छौ । हामी आफै पनि सहभागि भएका छौ । संस्था भित्र त अभिमुखीकरण तालिम मात्रै पाएका छौ" ।

त्यसै गरि कतिपय सहकारीमा समस्या आउने अर्को एउटा कारणको रुपमा सहकारीले गर्ने भव्य साधारण सभा र अनावश्यक तालिमलाई लिन पर्ने विश्लेषण गर्छन् अर्को सहकारीको व्यवस्थापकको रुपमा रहेका सन्तोष कर्मचार्य । यसरी गरिने भव्य साधारण सभा कतिपय बेलामा त्रिभुवन पार्कमा पिकनिकको ढाँचामा वा पार्टी प्यालेसहरुमा भोजको जस्तै गरी गरिने गरेको पनि सहकारीका सञ्चालकहरुले बताएका छन् । साथीलाई अगाडी बढाउन सहकारीको सञ्चालक समितिको सचिवका रुपमा रहेका मधुशुधन काफ्ले भन्छन्:

> सहकारी संस्थाका साधारणसभा कहिले थानकोट पार्कमा त कहिले पार्टी भेन्युहरुमा हुन्थ्यो । हाम्रो मात्रै सहकारीकोसंस्थाको होईन अन्य सहकारी संस्थाको पनि यस्तै प्रकारले साधारण सभाहरु हुने गरेका थिए । साधारण सभाको पूर्व जानकारी दिएर सबैको माझमा कुरा राखेर नै हुने गरेको हो । अब त्यो कुरा कति सबैको माझमा राखेको कति लुकाएको भन्ने विषय फेरि फरक फरक छ । लगभग सबै सहकारीको साधारण सभा विदाको दिन पारेर राख्ने चलन जस्तै छ । हाम्रो सहकारीको साधारण सभा पनि सनिवार नै राख्ने चलन थियो । सदस्यहरु छलफल गर्ने, उदेश्यमा केन्द्रित हुने, केहि सिक्ने जान्ने भन्ने भन्दा पनि सहकारी चल्दै गर्छ, हामी त साथीभाई भेट्ने, गफगाफ खान पिन गर्ने भन्ने सोचबाट कतिले त छोराछोरी समेत बोकेर आउने गरेको हुन्थे । साधारण सभाको कार्यक्रम भित्र छलफल पनि चलिरहेको हुन्थ्यो । बाहिर भोज पनि चलिरहेको हुन्थ्यो ।

त्यसै गरि सूचनाको पक्षमा कुरा गर्दा धेरै प्रकारका विषयलाई समेट्न सकिन्छ । साधारणसभाको सूचना, सञ्चालक समितिको बैठकमा सहरकारीको वर्तमान अवस्थाको विषयमा जानकारी दिने देखि लिएर सहकारी संस्था समस्या ग्रस्त बन्दै जाँदा आफ्ना बचतकर्तालाई त्यसको जानकारी दिने सम्मको पक्षलाई यसमा समेट्न सकिन्छ। आम रुपमा साधारण सभा गर्ने विधि सम्बभन्दा पहिला संचालक समितिको बैठक वस्छ र साधारण सभाको मिति तय गर्छ। सञ्चालक समितिको बैठकले १५ देखि ४५ दिन अगाडी नै सबै १५ शेयर सदस्यहरुलाई सूचना दिनु पर्ने हुन्छ । यो साधारण सभा मार्फत वर्षभरिको आर्थिक गतिविधीलाई अनुमोदन गराउने गरिन्छ। साधारण सभाले पास गरेन भने त्यो वर्षको अडिट रिपोर्ट नै निस्काशन हुन सक्दैन। र साधारण सभाबाट नयाँ संचालक समिति चयन गर्ने गर्छ । सञ्चालक समितिको निममित बैठक वस्दा मासिक रूपमा कति निक्षेप संकलन भयो, कति शेयर धानी बढ्यो, कति सदस्य बढ्यो, त्यो महिना भित्र ऋण असुल भयो र दिर्घकालिन योजनाका विषयमा पनि छलफल हुने गर्थ्यो। लगानीको सम्बन्धमा भन्नु पर्दा, यदि सहकारी विधि अनुसार नै चल्ने हो भने आफ्नै सेयर सदस्य हरुको व्यवसाय र पसलहरुमा लगानी मा लगानी गर्नु पर्छ। अर्को धेरै पूँजी भएकाहरूले घर जग्गा र शेयरमा लगानी गरेको अवस्था छ भने मात्र सहकारी डुब्न पुग्छ। (सन्तोष कर्माचार्यसँगको कुराकानीमा आधारित)

समस्याग्रस्त भएको एक सहकारीको सहसचिवको रुपमा रहेकि आशा भण्डारी भन्छिन्।

> म उप-सचिव पोस्टमा भएको भनि पछि थाहा पाए मिटिङको लागि अफिसबाट फोन आयो, म आफ्नो काम सकेर (त्यतिवेला म शिक्षक पदमा जागीरमा थिए) बैठकमा जादा माइन्युट पहिला नै तयार थियो । मलाई एक जना ऋणीको साक्षिको रुपमा हस्ताक्षर गर्न भनियो, मैले नमाने पछि अध्यक्ष स्वयम्ले केही फरक पर्दैन हस्ताक्षर गर्न म जिम्मा भाए भन्नु भयो। बैठक यतिकैमा सकिएको थियो। मलाई सहकारीको अरु आर्थिक क्रियाकलाको विषयमा केही थाहा छैन, जग्गामा लगानी छ भन्ने सुनेको हो। अल्लि पछि जग्गाको बेच किनबेचमा मन्दी आएकोले समस्यामा परेको छ भन्ने सुनेको मात्र हो । पछि मलाई सहकारी संस्था लगायत अन्य ठाउँबाट तपाई साक्षि भएको लोन तिर्नका लागि दबाव स्वरूप फोनहरु आएका थिए । सहकारी संस्था समस्याग्रस्त हुनुमा संचालक वा मुख्य गरेर अध्यक्षको भूमिका बढी देख्छु म अनि शेयरधनि पनि जिम्मेवार छन्, साधारण सभामा गयो चिया, विस्कुट र खाना खायो

> फक्यो । केही अरु विषयमा मतलव नै छैन हामीले मात्र के बोल्नु भन्यो तै चुप मै चुपको अवस्थाले यस्तो हुन पुगेको हो । फेरी साधारण सभाको मुख्य कार्यक्रम आर्थिक आयव्यय र भावि कार्यक्रम संचालनको समयमा सबै जना खाना खान लाइनमा पुगीसकेको हुन्छ कसले के सुन्ने, कसैलाई पनि मतलब नभएको जस्तो, खाना खायो गयो वस यत्तिनै (अन्तरवार्तामा आधारित, २०२५) ।

तर, सञ्चालक समितिमा आफु यत्तिकै बसेका मानिसलाई सहकारी संस्थाको कारोबार, आम्दानी खर्चको बिषयमा चासो हुने कुरा पनि भएन । चासो राख्न पर्छ, थाहा पाउन पर्छ भनेर तालिम दिए पनि कति जानियो, त्यो विषयमा सम्बेदनशिल भयो कि भएन भनेर नाप्ने कुनै माध्यम पनि छैन । जसले गर्दा सञ्चालन समितिका सदस्यलाई नै सामान्य जानकारी समेत चारवटा सहकारीमा नभएको पाईयो । त्यसै गरि आम सर्व साधारणलाई सहकारीले गरेको आर्थिक प्रगती, लगानीको बारेमा पनि खासै चासोको विषय नहुने गरेको पाईयो ।

### ४.१.५ स्वयत्त र स्वतन्त्रताको अवस्था

स्वायत्तता र स्वतन्त्रता सहकारीको अर्को महत्वपूर्ण सिद्धान्तको रुपमा रहेको छ। जस अन्तरगत सरकारी संस्थाले सरकार वा सरकारका अन्य निकायहरु वा अरु संघसंस्थासँग मिलेर आपसी हितका लागी सम्झौता गर्न सक्छ। तर, यस्तो सम्झौताले सदस्यको हकमा आच आउनु हुदैन भन्ने मान्यता राख्ने गरिन्छ । सहकारी संस्थाहरुले आफूलाई आवश्यक पर्ने नीति नियमहरू देशको कानुनसँग नबाझिने हदसम्म तयार गरी परिचालन गर्न स्वतन्त्र रहन्छन् । यसर्थ स्वायत्तता र स्वतन्त्रता सहकारीको मर्म भएकाले अन्तराष्ट्रिय सहकारी महासंघले यसलाई पालना गर्नु आवश्यक ठानेको हो । तर, शोधपत्र निर्माणको क्रममा भेटेका उत्तरदाता मध्ये धेरैले सरकारको नियमनकारी प्रणाली र राज्यमा आएको संकटका कारण सहकारीमा समस्या आएको कुरालाई जोड दिएकाछन् । सहकारीकोसंस्थाकोसञ्चालकको रुपमा रहेका गोविन्द प्रजापती भन्छन्:

> सहकारीको लगानी भने पनि वचत कर्ताको वचत नै लगानीका रुपमा बजारमा हुने हो । बजारमा चरम आर्थिक तरलता छ ऋणी स्वयमले पनि चाहेर पनि ऋण तिर्न सकिरहेको छैन् । यसका लागि गासिएका अन्य क्षेत्र पनि जिम्मेवार छन् । राज्यले जुन

> हिसाबमा सहकारी संस्था भाग्न खोज्यो भन्ने विषयमा वजारमा हल्ला फिजाउने वातावरण बनायो त्यसले समस्या जन्माएको हो । राज्यले पैसा ऋण लगानी गरेको रकम फिर्ता गर्न मद्धत गर्नु नपर्ने, वचत रकम मात्र फिर्ता गर्न जवरजस्ती गर्दा यस्तो अवस्था आएको हो । डिभिजन सहकारी कार्यालयबाट आउदा सहकारी संस्थाको व्यालेन्स सिट हेरेरे खाममा पैसा लिएर जाने हो, संस्थाको आर्थिक गतिविधीसँग वहाहरुको खासै चासो नरहेको कारण पनि यो अवस्था आएको हो । विग्रनु भन्दा अगाडी नियमन र नियन्त्रणकारी भुमिका यती धेरै तह र तप्काका कार्यालय र कर्मचारीले के गर्नु भयो भन्ने प्रश्न पनि महत्वपूर्ण रुपमा रहेको छ । अब सहकारी संस्था भत्केपछि नियन्त्रण गरेर केहि हुन्छ जस्तो पनि लाग्दैन । सहकारी संस्थालाई नियन्त्रण र नियमन गर्न वनाइएको सबै कार्यालय कार्यकर्ता भर्ना भर्ने भर्ति केन्द्र जस्तो भएको छ (गोविन्द प्रजापतीसँग गरिएको अन्तरवार्तामा आधारित) ।

कतिपय अवस्थामा स्वयत्तता र स्वतन्त्रतालाई सहकारीका सञ्चालकले आफ्नो मनलाग्दी तरिकाले कारोबार गर्नेसँग जोडेर लिएको पनि पाईन्छ । तर, सहकारीले गर्ने नीति नियम तथा क्रियाकलापको स्वन्त्रता तथा स्वयत्तता सहकारीका सम्पूर्ण सदस्यहरुको सामूहिक निर्णयका आधारमा संस्थाको स्वयत्तता र स्वतन्त्रता हो भन्ने कुरालाई बे वास्ता गरिएको पाईएको छ ।

### ४.१.६ सहकारीको अर्को सहकारीसँगको सम्बन्ध

सहकारी बीच पारस्पारिक सहयोग सहकारीको अर्को महत्वपूर्ण सिद्धान्तको रुपमा लिने गरिएको छ । यसले अति प्रभावकारी रुपमा आफ्ना सदस्यहरुलाई सेवा पुऱ्याई स्थानिय, क्षेत्रिय, राष्ट्रिय अन्तराष्ट्रिय तहमै आ-आफ्ना कारोवारका दौरानमा प्राप्त गरेका अनुभवहरु आदान प्रदान मात्र नभई पारस्परिक लाभका लागि एक-अर्कालाई सघाउने उदेश्य राखेको हुन्छ । तर, सहकारी संस्थाहरुको बिचमा सहकार्य, समन्वयन, सिकाईको आदान प्रदान जस्ता क्रियाकलाप शोधपत्रमा अध्ययन गरिएका सहकारी संस्थाहरुमा  कम भएको पाईयो । अध्ययन गरेको जम्मा चारवटा सहकारीले अन्य सहकारीसँग सहकार्य गरेको पाईयो । साथ साथै उक्त सहकारीहरु अन्य सहकारीसँग सहकार्य गरेको कारण अर्को सहरकारी संस्थामा समस्या आउँदा आफ्नो सहरकारी राम्ररी चलाउँदा चलाउँदै पनि समस्याग्रस्त बन्न पुगेको अध्ययनमा पाईएको छ । एक सहकारी संस्थामा सहसचिवको पदमा रहेर काम गरिरहेकि आशा भण्डारी भन्छन्:

> हाम्रो सहकारी संस्थाको अन्य सहकारी वीच राम्रै सम्बन्ध थियो । एउटा सहकारीको फिक्स डिपोजिट अर्को सहकारी संस्थामा लैजाने पनि गरिन्थ्यो । हामीले पनि आफ्नो बचत अर्को सहकारीलाई ऋणको रुपमा पनि दिएका थियौं । र अर्को सहकारीको बचतलाई ऋणको रुपमा पनि लिएका थियौँ । फेरी अर्को कुरा सहकारी संस्थाको बचत र ऋण अर्को सहकारी संख्यामा पनि र उक्त संस्थाले समयमै बचत तथा ऋण भुक्तानी दिन नसक्दा पनि यो समस्या थपिन पुगेको छ । लहरो ले पहरो तान्ने जस्तो भयो । अर्को कुन कुन सहकारीसँग हाम्रो कस्तो कस्तो सहाकार्य छ भनेर अध्यक्ष र व्यवस्थापकले नभनि दिदाँ समस्या आयो (अन्तरवार्तामा आधारित)।

एउटा सहकारी संस्थाले अन्य सहकारी संस्थामा पनि खाता संचालन गरेको हुन्छ लक्वीडीटी मेनेज गर्नका लागि । यस्तो अवस्थामा एउटा सहकारी संस्थाको अर्को सहकारी संस्थामा बचत रहेको हुन्छ, उक्त सहकारी संस्था समस्यामा पऱ्यो भने त्यसले अर्को सहकारी संस्थालाई पनि असर पुऱ्याउँछ । सहकारी संस्था समस्यामा पर्नुको एउटा कारण यो पनि रहको शोधपत्र निमार्ण गर्ने क्रममा थाहा भएको् छ ।

### ४.१.७ समुदाय प्रतिको चासो

समुदाय प्रतिको चासोः प्रत्येक सहकारी संस्थाले सदस्य सभाद्वारा निर्धारण गरिएका नीति तथा कार्यक्रमहरुको आधारमा समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि काम गर्ने योजना बनाएका हुन्छन् । यसरि सहकारी सस्थाले आफुहरुद्वारा निर्धारित नीतिका आधारमा आफ्ना समुदायको दिगो विकासको लागि कार्य गर्छन् ।

सहकारीको सिद्धान्तामा समुदाय प्रतिको चासोलाई मान्ने गरिएको छ । जसमा आफ्ना सदस्यहरुको हकहितको चासोलाई पहिलो प्राथमिकता मान्ने गरिन्छ । तर, बचत तथा ऋण सहकारी सञ्चालनको क्रममा भने सहकारीमा संस्थामा आवद्ध भएका ब्यक्तिहरुलाई आम रुपमा समुदाय नमानेर समग्र समाजलाई समुदायको रुपमा हेर्ने गरिएको र त्यसै अनुसार गरिएका केहि क्रियाकलाप पनि केन्द्रीत हुने गरेको पाईएको छ । कतिपय सहकारी संस्थाले आफ्नो सामुदायिक क्षेत्रसंग कुनै उल्लेखनिय कार्य नभए पनि, सामान्य सरसफाई, रक्तदान, तिज कार्यक्रम जस्ता कार्यक्रम भने धेरै नै गरको पाईएको छ ।

# अध्याय पाँच

# सहकारीका संस्थाका संचालक कोसामाजिक सम्बनधमा परेको प्रभाव

## ५.१ सरकारले समस्याग्रस्त घोषणा गरेपछि सहकारीका संस्थाका संचालकको ससामाजिक सम्बन्धमा परेको प्रभाव

आम दिन जस्तै २०८१ सालको बैसाखमा काठमाडौं महानगरपालिकाका डाइरेक्टर नमराज ढकालका आफ्नो कार्यकक्षमा काम गरिरहेका थिए । महानगरपालिकाको कार्यालयमा चार जना मानिसहरु रुँदै कराउँदै, “सर लौन बरबाद भयो हाम्रो मान्छेलाई प्रहरीले प्रकाउ गरेर लग्यो । उसलाई फुकवा गरिदिनु पर्‍यो हाम्रो मान्छेले केहि रकम खाएको पनि छैन, वहाँ कुन सहकारीमा हुनुहुन्थ्यो थाहा पनि छैन” । पछि कुरा गर्दै जाँदा थाहा भयो कि, स्वयम् व्यक्तिलाई समेत थाहा नै नदिइकन विगत ४/५ वर्ष वहाको श्रीमानलाई एक जना साथिले अर्को साथीको पनि साथिलाई नागरिकता र फोटो उपलब्ध गराइदिएको भरमा सहकारीको सञ्चालक समिति सदस्यमा राखिदिएको रहेछ । सरकारी प्रतिनिधिले रेकर्ड हेर्दा तीन महले फारम पनि भरेको छ । सबै लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको मान्इन्यूटमा पनि उहाँले हस्ताक्षर गरेको छ । वहाँ स्वयम् र तर उहाँको परिवारलाई यस विषयमा कुनै जानकारी नै छैन । यस्ता घटना पछिल्लो एक वर्षमा नेपाल प्रहरीमा, काठमाडौं महानगरपालिकामा बेला बेलामा देख्न पाईन्छ । शोधपत्रको यस उपखण्डमा अध्ययनको दोस्रो उदेश्य अनुसार सञ्चालक समितिमा सदस्यको प्रवेश, बोर्डमा रहेका सबै ब्यक्तिको बिचमा जानकारीको आदान प्रदान, सहकारीलाई समस्या ग्रस्त बन्दै गरेको विषयमा सहकारी सञ्चालक समितिमा जानकारी, सकारले समस्याग्रस्त भनेर घोषणा गरेर सरकारले पकाउ पुर्जी समेत काटे पछि उक्त ब्यक्तिलाई ब्यक्तिगत रपमा, पारिवारिक रुपमा र सामाजिक रुपमा परेका समस्याहरुलाई सम्बन्धित विषयमा प्राप्त भएको तथ्य र जानकारीहरुलाई प्रस्तुत गरिएको छ ।

### ५.१.१ बचत तथा ऋण सहकारीमा बोर्ड सदस्य बन्ने प्रक्रिया

सहकारीको सञ्चालक समितिको सदस्य वा त्यो भन्दा माथिको पद वा भूमिकामा प्रवेश प्रकृयाको विषयमा अध्ययन गर्दा, व्यक्तिलाई जानकारी नै नदिई सञ्चालक समितिको सदस्य बनाईएको, सञ्चालक समितिमा बसिदिन अनुनय विनय गरेपछि मन राखिदिनको लागि सञ्चालक समितिमा बस्ने गरेको पाईएको छ । त्यसै गरि सामुहिक भावनाको कमजोरीका कारण पनि सहकारी संस्था संकट ग्रस्त भएको पाईएको छ ।

जमुना श्रेष्ठ एक नियमित (जसलाई दैनिक बचत कर्ता पनि भन्ने गरिन्छ) बचतकर्ता थिईन । एक सहकारीमा । त्यसका प्रवन्धकमा उनका दाईका छोरा, भदा भाइको प्रवन्धक रहेको थिए । जसको कारण उनको नागरिकता, फोटो, तीनपुस्ते विवरण जानकारी पनि थियो । यसै पनि सहकारीको सदस्यको हैसियतले उनको नागरिकता, फोटो र तीन पुस्ते विवरण सहकारी संस्थामा बचत कर्ताको रूपमा नै रेकर्डमा थियो । त्यहि रेकर्डको आधारमा उनलाई नै जानकारी नदिई कोषाध्यक्षको पदमा साधारण सभाबाट निर्वाचित भएको किर्त गरेको उनी बताउँछिन् । उनी भन्छिन्:

> सबै विवरण लिएर मलाई कुनै जानकारी नै नदिइ कोषाध्यक्षको पदमा विशेष साधारण सभाबाट निर्वाचित भएको भन्दै आफैंले किर्ते दस्तखत गरेर नियम बमोजिम फारम भरेर सहकारी विभागमा विवरण अपडेट गर्न लागेको खबर यसरी नै म जस्तै गुमराहमा पारी उपाध्यक्षको पदमा निर्वाचित गराइएको दाई रघुनाथ श्रेष्ठले खबर गर्नुभए पछि हामी सबै मिलेर यो कार्य गर्नबाट रोक्यौं । विशेष साधारण सभाबाट निर्वाचित नयाँ कार्य समितिका पदाधिकारी तथा सदस्यको विवरण तथा दस्तखत, फारममा सबै विवरण झुटो भरेर कसरी सहकारी संस्थानले वचतकर्तालाई नै समस्यामा पार्न पनि सक्ने रहेछ (स्रोत फिल्ड अन्तरवार्ता, २०२५) ।

जमुना श्रेष्ठको भन्दा अल्लि फरक छ मधुशुधन काफ्ले बोर्ड सचिव बनेको प्रक्रिया । मधुशुधन काठमाडौंका एक स्थापित ब्यवसायी हुन् । उनले आफ्ना विभिन्न व्यवसायमा धेरै युवाहरुलाई अवसर दिँदै आएका थिए । नेपालमा नै बस्न पर्छ, नेपालमा केहि गरौं भनेर युवाहरुलाई सम्झाउने पनि गर्थे । यस्तै एक युवाले एक दिन उनलाई आफ्नो सहकारीको बोर्डमा सचिव बसिदिन अनुरोध गरे । जसलाई मधुशुधनले टार्न सकेनन् । मधुशुधन भन्छन्:

> संचालकको भूमिकामा एउटा युवा साथीले पुरानो संस्था लिई संचालन गर्न लागेको र त्यसमा सहकारी मापदण्ड पुरा गर्न मात्र वोर्डको सचिव पदमा वस्न पुगेको हो । जुन प्रक्रियाको लागि मात्र थियो । पछि छोड्छु भन्दा खासै समस्यामा म पर्दिन र तपाइहरुलाई पनि पार्दिन, म गरिखान्छु भनेर अनुरोध गरेपछि मात्र वसेको हो, छोड्छु भन्दा छोड्न दिएन (स्रोतः अन्तरवार्तामा आधारित)।

मधुशुधनको जस्तै कथा छ जय नारायण अग्रवालको पनि । जय नारायण अग्रवाल खाद्यान्नको ब्यापार गर्ने मानिस हुन्, खाद्यान्नमा नै व्यापार गरिरहेका अर्का साथीले ‘‘दाई मेरो सहकारीमा अध्यक्ष बनिदिन पर्‍यो’’ भनेर अनुरोध गरे । जयनारायणले साथीलाई त्यसको लागि के गर्न पर्छ भनेर सोध्दा, ‘‘कहिले काहि बैठकमा आउने, ब्यापारीहरुको फिक्स डिपोजिट ल्याउने’’ भनेपछि साथी हो बेला मौकामा चाहिन्छ भन्ने लागेर उनी सहकारीमा सिधै उपाध्यक्षमा बस्न राजी भएको बताउँछन् । उनि भन्छन्:

> मलाई त सहकारीको विषयमा केहि पनि जानकारी थिएन । साधारण सभाको बारेमा पनि मलाई थाहा थिएन । कार्यक्रममा गएको थिए शुरू शुरुमा, त्यो पनि अध्यक्षले पटक पटक फोन गरेर बोलाएको भएर गएको । बैठकमा गयो चिया खाजा खायो । अध्यक्षले “दाई फिक्स ल्याउन पर्‍यो भन्नु हुन्थ्यो व्यापारीहरुको”, मैले पनि १/२ जनालाई भनिदिएको थिए । व्यापारीलाई ऋण दिएको होला, जग्गामा लगानी गरेको छ भन्थ्यो । अब होला त भन्ने लाग्यो सहकारी संस्थामा श्रीमान अध्यक्ष र श्रीमती कार्यकारी (सिइयो) मिलेर चलाएको हो सहकारी । हामीलेत वचत ल्याउन मात्रै सहयोग गरेको हो । म व्यापारी भयो नि त, धेरै व्यापारीलाई चिन्छ मैले उसले “दाई तपाई सहकारीमा बस्न पर्छ । तपाई राम्रो मान्छे भन्यो” म पनि बसेँ । किन भने अध्यक्ष पनि खाद्यान्नको पनि व्यापारी हो नि । एउटै फिल्डको भयो मैले हुन्छ भने अहिले यसरी डराएर वस्न भाग्न परेको छ (अन्तरवार्तामा आधारित) ।

अमृत भट्टराई विगत चार वर्ष देखि एक सहकारीको अध्यक्षको जिम्मेवारीमा थिए । उनलाई सहकारीमा समूहिकताको भावना घट्दै गएको कारण सहकारीमा समस्या बढ्दै गएको भन्ने लाग्छ । उनी भन्छन्:

> व्यक्तिगत रुपमा सबैले आफ्नो मात्र फाइदालाई ध्यानमा राख्दा संस्था समस्यामा पर्‍यो । सामुहिक उत्तरदायित्व कमजोर भएर सामुहिक जिम्मेवारीबाट टाढा हुँदा संस्था समस्याग्रस्त हुन पुग्यो । प्रक्राउ पुर्जि जारी गर्नु सरासर गलत हो । तर नियतवस गर्नेलाई चाँहि सही पनि हो । पक्राउ पुर्जि हतारमा जारी गर्दा सही/निर्दोष मान्छे पनि परे (स्रोत फिल्ड अन्तरवार्ता, २०२५)।

सिद्धान्ततः सहकारी संस्थाको साधारणसभाबाट सञ्चालक समितिको सदस्य बन्ने प्रक्रिया भए पनि कतिपय व्यक्तिलाई सञ्चालक समितिको सदस्यमा आफु रहेको जानकारी सम्म नभएको

पाईएको छ । त्यसै गरि कतिपय व्यक्तिहरु थोरै नाम, केहि सम्मान र साथीभाईको सम्बन्ध नटुटोस भन्ने लोभले पनि सञ्चालक समितिको सदस्य बन्ने गरेको पाईएको छ । उनीहरुले आफ्नो जिम्मेवारीको थाहा नपाउँदा, थाहा पाए पनि सहरकारी संस्था भित्र त्यस विषयमा आवाज उठाउन नसक्दा सहकारी व्यवस्था धारासायी भएको पाईएको छ ।

### ५.१.२ सहकारी संकट ग्रस्त हुदै छ भन्ने जानकारी वा पूर्व जानकारी

संकटग्रस्त घोषणा गरिएका सहकारीका सञ्चालक तथा पूर्व सञ्चालकहरुलाई अदालतले पकाउ पुर्जी काटेको छ । यसरी पकाउ पुर्जी काटिएका सहकारीका सञ्चालक तथा पूर्व सञ्चालकलाई सहकारी समस्याग्रस्त बन्दै छ भन्ने विषयमा पर्व जानकारी नै नभएको पाईएको छ । संकटग्रस्त भएको एक सहकारी संस्थाका सचिव पदमा रहेका मधुशुधन काफ्ले भन्छन्:

> हाम्रो सहकारी संस्था बाहिरबाट हेर्दा राम्रै गरी चलिरहेको थियो । तर, भित्र भित्र समस्याग्रस्त बन्दै गएको रहेछ । यो विषयमा व्यवस्थापकलाई जानकारी रहेछ जस्तो मलाई अहिले लाग्छ । सहकारी संस्थामा समस्या आउँदै गरेको कुरा व्यवस्थापकले बोर्ड सदस्यलाई जानकारी नै नदिइ यस्तो अवस्थामा पुग्यो । वोर्ड सदस्यहरु भन्दा व्यवस्थापकको भूमिका प्रमुख भएको कारण यस्तो अवस्थामा पुग्यो । अर्को कारण भनेको बजारमा सहकारीको माहोल जसरी अगाडी वढ्यो यसको पनि असर हो ।

चार वर्ष अगाडी.बचत तथा ऋण सहकारी संस्था कोषाध्यक्ष पदमा २०७६ बाट छोडेका महादेव वर्माका बिरुद्धमा अदालतले २०८१ सालमा पकाउ पुर्जी जारी गर्यो । जब कि उनले छोड्ने बेला सम्मको सहकारीमा साधारणसभा गर्ने विधि- मिति तोक्ने, चुनावी प्रक्रियाबाट चार चार वर्षमा सञ्चालक समिति परीवर्तन गर्ने, सदस्यहरुलाई दैनिक पत्रिका वा म्यासेज मार्फत सूचना गर्ने गरिन्थ्यो । संचालकको बैठक मासिक रुपमा बस्ने सवालमा भने बचत संकलनको सन्दर्भमा, ऋण लगानी, मासिक रुपमा बैठकमा छलफल सदस्यता विस्तार, वचत प्रकृया, सवै छलफल गरेर गरिन्थ्यो । उनले छोडे पछि सहकारीमा के के समस्या भएको थियो भन्ने विषयमा उहाँलाई केहि पनि थाहा नभएको उनले बताएका छन् । यसरी सहकारी संस्थामा समस्या आउँदै गरेको विषयमा पनि उनलाई थाहा थिएन ।

त्यसै गरि आफु ब्यवीस्थापक तथा सञ्चालक समितिको सदस्य भएको सहकारीमा समस्या आउँदै गरेको जानकारी भए पनि उक्त संकटलाई आफैले मात्रै टार्न नसकिने रहेछ भन्ने अनुभव राम्ररी सहकारी चलाउँदा चलाउँदै संकटमा परेका व्यवस्थापक र सञ्चालन समितिका सदस्यले अन्तरवार्तामा बताएका छन् । एक सहकारीका सञ्चालक नानीमाया थापा भन्छिन्:

> सबैजना साथिहरु मिलेर सहकारी संस्था संचालन गर्ने छलफल भएर नै शुरु गरेको हुनाले विधि र प्रकृयाबाटै संचालकको भूमिकामा आएको हो । सहकारी ब्यवस्थामा संकट आउँदै गरेको बारेमा पूर्व जानकार त थियौ । साथै त्यसले आफ्नो सहकारीलाई प्रभाव पार्ला भन्ने डर पनि थियो । तर यसलाई कसरी रोक्ने भन्ने कुनै योजना बनाउन संभवनै भएन किनभने ऋृणी ऋृण तिर्न आउदैन, वचत कर्ता वचत झिक्न आउँछ । हाम्रो जस्तो सानो स्केलको सहकारीले समेत एकै दिनमा १ करोड ५० लाख रकम बचतकर्ताको बचत फिर्ता गरेको अवस्था छ (नानीमाया थापासँग गरेको अन्तरवार्तामा आधारित) ।

कतिपय अवस्थामा सहकारीका सञ्चालकलाई आफ्नो सहकारी समस्याग्रस्त बन्दै छ भन्ने विषयमा थाहा नै नभएको पाईयो । यसरी थाहा नै नभएका सञ्चालकहरु रहेका सहकारीका अन्य सञ्चालक तथा व्यस्थापकलाई भने त्यसको बारेमा जानकारी भएर आफ्नो कारोबार मिलाएको पनि पाईयो भने । कतिपय सञ्चालकलाई सहकारी ब्यवस्थामा संकट आउँदै गरेको बारेमा थाहा भएको भए पनि हाम्रो सहकारी त राम्ररी चलिरहेको नै छ नि हामीलाई के असर पर्छ र भन्ने ढुक्क पनले गर्दा पनि सहकारी संकटग्रस्त भएको पाईयो ।

### ५.१.३ प्रहरीले पक्राउ पुर्जी जारि गरेपछि व्यक्तिगत र पारिवारिक जीवनमा पारेको असर

सहकारीको सञ्चालन समितिमा रहेको र उक्त सहकारी डुब्नको लागि आफु जिम्मेवार पनि नरहेका ब्यक्तिको नाममा जब प्रहरीले पकाउँ पुर्जी जारी गर्यो । त्यस पछि उहाँहरुको दैनिकी लुकिछिपि र पारिवारिक कलह वा तनावमा वितिरहेको छ । जमुना श्रेष्ठ, जो सहकारीमा बचतकर्ताको रुपमा थिईन । तर, सहकारीका अध्यक्ष र कार्यकारीले उनलाई पहिला कोषाध्यक्ष र पछि उपाध्यक्षको रुपमा राखेर सहकारी सञ्चालन गर्दै आएको आफ्नो नामबाट किर्ते हस्ताक्षर गरेर कारोबार गरेको उनले सहकारी संकटग्रसत भएर प्रहरीले पुर्जी काटेपछि थाहा पाईन । जमुना श्रेष्ठ भन्छिन्:

जीवनमा कहिल्यै प्रहरी केस परेको थिएन । आफ्नो सामान्य व्यापार व्यवसाय गर्दै आएकि थिएँ । मेरो नाम, फोटो र तीन पुस्ते विबरण सहकारीले प्रयोग गरेर मलाई त पहिला कोषाध्यक्ष र पछि उपाध्यक्ष पनि बनाएको रहेछ । म त साधारण दैनिक पसलमा भएको कारोबारबाट बचाएर बचत गर्ने मान्छे मात्रै थिएँ । पहिला सुन्दा त ओहो म पनि ठूलो मान्छे भएछु, कसले पो मलाई बनाएछ जस्तो पनि लाग्यो । फेरि त्यहि भन्ने मान्छेले सुनाउँछ, मेरो नाममा पनि पक्राउ पुर्जी पनि काटेको छ भनेर । कहिल्यै परिवारमा कसैलाई प्रहरी केस नभएको म त पसल पनि बन्द गरेर तीन महिना देखि घरमा नै छु । फोन पनि चेन्ज गरैं । ट्याक गरेर पुलिसले लैजाला भनेर सामान्य नन्एनोईड फोन प्रयोग गरिरहेकि छु । घरबाहिर कोहि मानिसले मेरो नाम लियो भने पनि म त पुलिस नै आयो कि भनेर तर्सन्छु । दुई महिना सम्म त श्रीमानलाई भन्न पनि सकिन । जहिले पनि श्रीमानले पसल किन नखोलेको भन्दै झगडा गर्दै गर्यो । म अहिले केहि थाहा नपाएको जस्तो गरेर बसकोछु। (अन्तरवार्तामा आधारित) ।

जमुनाको भन्दा अलिकति फरक तरिकारले सञ्चालक समितिमा पुगेका थिए विष्णु श्रेष्ठ । सहकारीको अध्यक्षले घरमा सहकारीको कार्यलय पनि राख्ने र विष्णुलाई सञ्चालक समितिमा बस्न अनुरोध गरे पछि विष्णु सहकारीको सञ्चालक समितिमा बस्न राजी भएका थिए । उनी बसेको सहकारीको अध्यक्ष उनका साथी र सिईयो उनीका साथीकि श्रीमती थिए । सामान्य ब्यापारी उनलाई खासमा सहकारीको निति नियम पनि थाहा थिएन, सहकारी चलाएर के गर्ने पनि थाहा थिएन । उनीहरुको सहकारीलाई सरकारले संकटग्रस्त घोषणा गर्न भन्दा अगाडी नै उनको सहकारीका अध्यक्ष र कार्यकारी अर्को कुनै व्यापार ब्यवसायमा आएको समस्याका कारण सम्पर्कमा रहन छोडेपछि पनि सञ्चालक समितिका सदस्यहरुले सहकारीको दैनिक क्रियाकलापलाई अगाडी बढाएका थिए । पछि पकाउ पुर्जी जारी भए पछि सञ्चालक समितिका साथीहरु पनि फोन अफ गरेर तितर बितर भए । विष्णु भन्छन्:

व्यापार ब्यवसाय त श्रीमतीले धानेकि छन् । तर घरमा सहकारी भएको कारण न सहकारीबाट आउने भाडा आउँछ, नत घर खाली भएर भाडामा नै गएको छ । जसले गर्दा आम्दानी पनि घटेको छ । घरमा सहकारी भएको कारण बिहान पाँचै बजे उठेर घरबाट निस्कन्छु । कहिले मन्दिर तीर जान्छु, कहिले डाँडा तिर जान्छु । घरबाहिर बाहिर भए पछि खानपिनको पनि चासोपाँजो मिल्दैन । पेट खराब भईरहन्छ । बेलुका

> घरमा सुत्न भने आईपुग्छु । बेला बेला कुन दिन मैले के को पाप गरेछु जस्तो लाग्छ, कुनै दिन त्यो अध्यक्ष र उनको श्रीमतीले सहकारी डुबाएर भागेको रहेछ भन्ने सोच्छु, यो दिनदिन राती घर जाने दिन भरि बाहिर बाहिर बस्ने भएर बस्न भन्दा जेलै गैदिम जस्तो पनि लाग्छ । फेरि घरमा बा आमा छन्, परिवारको धेरै थोरै इज्जत छ भन्ने सोच्छु । दुई जना साथी त मलाई जस्तै समस्या परेर विदेश पनि जानु भयो । म त के गर्ने के गर्ने भएको छु (अन्तरवार्तामा आधारित) ।

पक्राउ पुर्जि भन्ने नै गलत हो । परिवारिक आर्थिक सबै ठाउँमा समस्या, पुग्यो, परिवारमा बालक, वृद्ध लगायत परिवारका सबै सदस्यलाई मानसिक पिडा, सहकारी संस्था समस्याग्रस्त हुदाँ शेयर धनीकै जिम्मेवारी बढी हुनु पर्ने हो र गल्ती सबै राज्य देखि सबै निकाय जिम्मेवार हुनु पर्ने, लाइसेन्स दिदानै नियन्त्रणको मेकानिजम बनाउनु पर्ने,बनाएको थियोहोला नि त, उल्टै प्रतिप्रश्न गर्छन् उनिहरु ।

### ५.१.४ प्रहरीले पक्राउ पुर्जी जारी गरेपछि पेशा/व्यवसायमा परेको असर

सहकारी संस्था समस्या ग्रस्त भएपछि सबै भन्दा ठूलो प्रभाव विना अपराध प्रहरीको पकाउ पुर्जी पाएका सहकारी सञ्चालकको पेशा व्यवसाय र सामाजिक जीवनमा परेको छ। काजीमान श्रेष्ठ भन्छन्:

> प्रक्राउ पूर्जी जारी गरेपछि पारिवारिक, सामाजिक सबै क्षेत्रमा असर परेको छ। यो त एउटा मानसिक यातना हो, मानिसलाई ल अब मर भनेर भनेको जस्तै हो । आफ्नो श्रीमती बुढा भएको वा, आमा र छोरा छोरीले के भन्ला कस्तो अवस्था हुन्छ होला भन्नु त ? मलाई आफ्नै साथीले समेत "तँ त जुन ठाउँमा काम गर्छस् सबै ठाउँ नै ध्वस्त हुन्छ । तँ मान्छे नै खराब (मनहुस) होस ।" समेत भन्यो । यस्तो अवस्थामा यदि पारिवारको साथ नहुने हो भने मान्छे डिप्रेसनको शिकार भई आत्महत्या सम्म गर्न पुग्छ । अन्तिम विकल्प भनेको नै आत्महत्या हो, सबैलाई स्पष्टिकरण दिदा नसकेपछि के गर्ने आफ्नो मनलाई थाहा छ । तर कति जनालाई स्पस्टिकरण दिने, समस्या तब बढि समस्याग्रस्त बन्छ, जब समाजमा त्यसको बारेमा जानकारी हुन्छ । समाजमा जवाफ दिँदै हिड्न पर्ने अवस्था आउँछ तब त्यो झन ठुलो समस्या बन्छ ।

> मैले मात्र होइन, बुढा भएको वा आमाले समेत कति जनाको प्रश्नको जवाफ दिने कहिले के कुरा सुन्नु पर्ने अवस्था छ । खाएको भए सुन्दा पनि, भोग्दा पनि वरु ठिकै हुन्थ्यो होला तर अब के गर्नु, धेरै गाह्रो अवस्था छ ।

काजीमानको भन्दा अझ दयनिय अवस्था छ मधुशुधन काफ्लेको । मधुशुधन काफ्ले आफ्नो ब्यापार ब्यवसाय राम्ररी गरिरहेका थिए । युवालाई अगाडी बढाउन पर्छ भन्ने मान्यता भएका उनी सहकारीको विषयमा धेरै जानकारी नै नराखी सञ्चालक समितिमा बस्न राजी भएका थिए । तर, उनका बिरुद्धमा पकाउ पुर्जी जारी भएइ पछि काठमाडौंको सम्पूर्ण ब्यापार ब्यवसायलाई चटक्कै छोडेर उनी भारतको बाटो हुँदै अर्को (नाम नखुलाउने सर्तमा अन्तरवार्ता लिएको कारण उनी रहेको देशको नाप पनि गोप्य राखिएको छ) देशमा बस्दै आएका छन् । मधुशुधन काफ्ले भन्छन्,

> आज संकटग्रस्त घोषणा भएका धेरै सहकारीका सञ्चालक सदस्य र मेरो अवस्था एउटै छ । सहकारीका केही वोर्ड सदस्यको मनोमानिका कारण धेरै जनाले दुःख पाउनु परेको छ । आज जीवनको एउटा दैनिकी छाडेर लुक्न भाग्न परेको छ । जसको कारण सामाजिक, पारिवारिक अवस्था अप्ठ्यारोमा पुगेको छ । आफ्नो कारण परिवारले दुःख भोग्न परेको छ । दुःख गरेर संचालनमा आइ रहेको व्यवसाय लथालिङ छाडेर भाग्दै भारतको बाटो भएर बिदेशमा लुकेर बस्न परेको छ । सहकारीको सञ्चालक समितिमा रहे बापत बैठक भत्ता र चिया कुकिजको खाएको दण्ड सामाजिक रुपमा नै बहिस्कार कै जस्तो अवस्थामा पुगेको छ । जीन्दगी भर दुःख गरेर खडा गरेको आफ्नो ब्यापार ब्यवसायको संरचना त्यतिकै छाडेर हिड्नु पर्दा भएको सबै सकिएर मर्नु न बाँच्नुको अवस्थामा पुग्नु परेको छ । हामीले गरेको गल्ती छोरा, छोरी श्रीमतीले पनि सामाजिक रूपमै भोग्नु परेको छ । क्यान्सर पिडित बुबालाई भेटन पाएको छैन । श्रीमती एकातिर, छोरा छोरी अर्कातिर र म अर्कोतिर बिना सम्पर्क बस्नु परेको छ । प्रक्राउ पूर्जि र व्यक्तिगत र व्यवसायिक दुबै प्रकारको बैंक खाता रोक्का भएपछि मैले संचालन गर्दै आएको सानो भएपनि २ वटा कम्पनी बन्द भइ सकेको छ ।

सहकारी संकटग्रस्ट भए पछि केहि महिना अगाडी आफुले लामो समयमा चिनेका सहकारीका सञ्चालकले आत्महत्या गरेको सहकारीका अर्का सञ्चालक नानीमाया थापाले बताउनु भएको

छ । आत्महत्या नै गर्ने व्यक्तिहरु धेरै नभए पनि आफुँले नेतृत्व गरिरहेको सहकारीमा समस्या आए पछि डिप्रेसनमा परेका, आफ्नो पेशा अरु पेशा व्यवसायबाट हात निकालेर धोएर हिड्न पर्ने अवस्था आएको सबै जना उत्तरदाताहरुले बताएका छन् ।

## ५.२ सरकारको भूमिका

सहकारीहर संकटग्रस्त बन्दै गए पछि सरकारले सुरुका दिनमा सहकारीका सञ्चालकहरुका बिरुद्धमा पकाउ पुर्जी नै जारी गरेको थियो (पछिल्लो समय देखि प्रहरीले चतावनी दिने गरेको छ, तर पकाउ पुर्जी नै भने जारी गरेको छैन) । तर, समस्यामा परेका सहकारीका सञ्चालकहरु सबै सहकारीको अपलचन गर्ने, अपचलनमा सहभागि भएका व्यक्तिहरु मात्रै छैनन् । कतिपय अवस्थामा सहकारीमा नाम र पदको लोभमा, कसैको अनुरोधलाई अस्वीकार गर्न नसकेर वा कोहि आफन्तले सहकारीको साधारण सदस्य तथा सञ्चालक समितिको सदस्य बनाईदिएको भरमा सञ्चालक समितिमा रहेका मानिसहरुका बिरुद्धमा पनि पकाउ पुर्जी जारी भएको छ । यसरी पकाउ पुर्जी जारी गर्न भन्दा सरकारले काम गर्ने वातावरण बनाउन पर्थ्यो भनेर अधिकांश उत्तरदाताले भनेका छन् । काजीमान श्रेष्ठ भन्छन्:

> सरकारले अदालत मार्फत पक्राउ पुर्जि जारी गरेर झन काम गर्ने वातावरण वनेन । संचालक समितिले नियोजित गरेर चाहेर यो अवस्था आएको होइन । काम गर्ने मान्छेलाई पक्राउ पूर्जी जारी गरेर कसरी वचत कर्ताको वचत रकम फिर्ता गर्न सक्छ त ? त्यसको उत्तर सरकारसँग छैन । संचालकलाई पनि काम गर्ने वातावरण बनाइदिएको भए राम्रो हुन्थ्यो । अटेरी हुने संचालकलाई कसरी सही ठाउँमा ल्याउने भन्ने विषयमा कदम चाल्नु भन्दा सिधै पक्राउ पुर्जि जारी नगरेको भए काम गर्ने वातावरण बन्थ्यो होला । जवकी वचत रकम फिर्ता गर्ने संचालकलाई नै थुनेर त कसरी समस्याको समाधान हुन्छ भनेर सरकार नै गलत निष्कर्षमा पुगेकोबताउँछन् ।

काजीमान श्रेष्ठको जस्तै सहकारी संस्थामा संकट आए पछि सहकारीका सम्पूर्ण सदस्यलाई पकाउ पुर्जी काट्न भन्दा सहकारी कसका कारणले समस्यामा आएको हो भन्ने विषयमा सरकारले अध्ययन गरेर दोषीलाई मात्रै पकाउ पुर्जी काट्न पर्ने सोचिरहन्छन्, मधुशुधन काफ्ले पनि । उनी भन्छन्:

> संचालक सदस्य भएको कारण बचतकर्ताको उजुरीले पक्राउ पूर्जी जारी भयो होला । तर, कुन सहकारीमा कस्को वद्मासीको कारणले गर्दा समस्या हुन पुग्यो, सहकारीको बचत र लगानीको अवस्था के कस्तो छ भन्ने नहेरी सिधैसंचालकको नाममा पक्राउ पूर्जी जारी हुन दुःखको कुरा हो । यसमा सरकारले लिएको तीन खम्बे अर्थनीति अनुरूप, सहकारी बोर्ड जो अनुगमन गर्ने निकाय हो। उसको कारण आज धेरै संस्थाको व्यवस्थापकिय कमजोरीले गर्दा आजको अवस्था आएको हो । तपाईले अझै राम्रो अध्ययन गर्ने हो भने हालका ८० प्रतिशत सहकारीका सञ्चालकलाई सहकारीको अवस्था थाहा छैन । नाम मात्रको वोर्ड सदस्यको रूपमा वसेकाहरु पिडित भएको अवस्था छ ।

त्यसै गरि सहकारी संस्था राम्ररी सञ्चालन गरेर मात्रै नहुने र सहकारीमा संकट आउनुका पछाडी सरकारको अर्थनीति, नियमनकारी निकायको भूमिकारहने बताउँदै । अमृत भट्टराई भन्छन्:

> नियममित बैठकको सम्बन्धमा सबै संचालक समितिलाई मासिक, त्रैमासिक, अर्धवार्षिक बैठक बोलाउने, निर्णय गर्नुपर्ने, नियम संसोधन गर्नुपर्दा, संचालक समितिको छलफलबाट नै गर्ने गरिन्छ र उपसमितिको बैठक बोलाउने पनि गर्छौ । सहकारी संस्था समस्याग्रस्त हुनुमा शेयर धनिको बढि जिम्मेवारी रहेको, नियमनकारी निकाय, अर्थ सम्बन्धि नीति बनाउने क्रममा त्रुटी, बिनियमहरु नै समस्या जन्माउने खालको छ । सहकारी संघहरुको प्रत्यक्ष भुमिकामा कमि रहेको छ (अमृत भट्टराई, २०२५)

तर सरकारले सहकारीहरुलाई संकटग्रस्त घोषणा गर्न थाले पछि, सहकारी प्रति मानिसको विश्वास घट्न थाल्यो, बचत कर्ताहरुले बचत गर्न छोडे तर, पहिला गरेको बचत फिर्ता माग्न थाले । लगानी उठाउन गाह्रो भयो, नयाँ बचत पनि भएन त्यो कारणले पनि सहकारी समस्यामा पर्न थालेको हो । हाम्रो सहकारी यसप्रकारको समस्यामा पऱ्यो (अमृत भट्टराईसँग गरेको अन्तरवार्तामा आधारित) ।

त्यसै गरि सहकारीमा संकट आउँदै छ भन्ने हल्लाका कारणले पनि सहकारीहरु डुब्न थालेको अर्को एक सहकारीका सञ्चालक नानीमाया थापाले बताउँछिन् । उनि भन्छिन्:

> सहकारी संस्था समस्यामा पर्नुमा धेरै पक्ष जिम्मेवार छन् । शेयरधनि, ऋण, राज्यको नियामक निकाय, बचतकर्ता, संचालक एउटा पक्ष मात्र कमजोर भएको भए यी सबै समस्या आउने नै थिएन । हाम्रो सहकारी संस्थाको एउटा घटना म तपाईलाई सुनाउछु । दुर्गा प्रसाइले लघु वित्तको ऋण मिनाह गर्न पर्छ भन्ने आन्दोलन शुरू गरेपछि सहकारी संस्थाको ऋणीमा पनि त्यो मनसायले घर गरेको छ । अनि अर्को कुरा सहकारी संस्था २०प्रतिशत लिक्वीडिटीमा वसेर काम गर्नु पर्छ बाँकी ८०प्रतिशत ऋण लगानी गरेको हुन्छ संस्थाले एकै पटक वजारको हावाले गर्दा सबै रकम झिक्न आए पछि के हुन्छ ? हाम्रो जस्तो सानो संस्थाले १ दिनमा १ करोड भन्दा बढि वचत रकम फिर्ता गरेको छ, त्यस्तो कसरी संभव हुन्छ । अनि सहकारी संस्था समस्यामा नपरे के मा पर्छ त ? ऋणी ऋण तिर्न आउदैन, वचत कर्ता पैसा झिक्न आउँछ ( नानीमाया थापासँग गरेको अन्तरवार्तामा आधारित)।

त्यसैले सहकारी संस्थामा आएको संकटको एउटा कारण सरकारले आफ्ना निकायहरुलाई राम्ररी परिचालन पहिला पनि गर्न नसकेको र पछि पनि सहकारी कस्को कारणले संकटमा आयो भन्ने पत्ता लागाउन छोडेर भएका सबै सञ्चालकको बिरुद्धमा लाग्नाले समस्या बढेको पाईएको छ ।

त्यसै गरी सहकारीहरु समस्या ग्रस्त बन्दै गए पछि टाठा बाठा बचतकर्ताले आफ्नो आफ्नो बचतको सावाँ व्याज सहरकारीबाट लिईसकेका छन् । आफ्ना सावा व्याज गुमाउने सोझा साझा बचतकर्ताहरुको आफ्नै समस्या छ । तर सहकारी समस्यामा परेपछि सहकारीका ठूला ऋणीहरु मध्ये धेरै जना अहिले पनि बिलासिताले भीरएको जिवन बिताईरहेका छन् । त्यसैले संकटग्रस्त सहकारीका व्यक्तिहरुले भन्ने एउटा थेगो नै निर्माण भएको छ । “ऋणीहरु महँगा गाडी र फाईभ स्टारमा, सञ्चालकहरुको जेल वा भागाभाग” । अहिले थोरै नामको, साथीभाईको सहयोगको लागि सञ्चालक बसेका सहकारीका सञ्चालक समिति सदस्यहरु भागाभाग गरिरहेका छन् भने त्यसका ठूला ऋणीहरु खुलेआम निस्फीक्रि हिडिरहेका छन् ।

# अध्याय छ
# सारांश तथा निष्कर्ष

शोधपत्रको यो खण्डमा अध्ययनबाट आएका तथ्यहरु पहिलो उपखण्डमा सारंश र दोस्रो उपखण्डमा पूर्व साहित्य समिक्षाका क्रममा अध्ययन गरिएका सिद्धान्त, नीति र अनुभव जन्य पूर्व अध्ययनसँग जोडेर विश्लेषण गरी निष्कर्षको रुपमा समावेश गरिएको छ ।

## ६.१ सारांश

कोहि सहकारी सञ्चालन गर्ने उदेश्यले, कोहि आफुले जानकारी नै नपाई, कोहि आफन्तले गर्दा, चिनजानका ब्यक्तिको विश्वास वा जानकारी नै नभई पनि सहकारीको सदस्य तथा सहकारीको सञ्चालक समितिको सदस्यको तथा महत्वपूर्णपदमा स्वइच्छामा आधारित कम र अरुको करकाप वा जानकारी बिना नै सदस्य बनेको पाईयो । त्यसै गरि सदस्यहरुद्धारा प्रजातान्त्रिक निर्वाचनः सहकारीले गर्ने साधारण सभामा नत पदाधिकारीले नत अन्य साधारण सदस्यले नै सहकारीको साधारण सभा भनेको साथी भाई, परिवार सहित जाने, खादा माला लगाउने र भोज खाने दिनको रुपमा मात्रै लिएको पाईयो । न कि साधारण सभा भनेको प्रजातन्त्रीक विधिबाट नेतृत्व छनौट, भावि योजनाको विषयमा छलफल गर्ने थलोको रुपमा ।

अन्तरवार्ता गरेका अधिकांश सहकारीको सञ्चालक समितिको बैठकमा कसरी फिक्स डिपोजिट बढाउने भन्ने कुरालाई केन्द्रमा छलफल हुने गरेको पाइयो । त्यसै शोधपत्रका लागि अध्ययन गरिएका ८ वटा समस्या ग्रस्त सहकारी मध्ये चार वटा सहकारीमा भएको आम्दानी कसरी, कहाँ कहाँ लगानी भएको छ भन्ने विषयमा खासै थाहा पनि नहुँने र बोर्ड सदस्यहरुले चासो पनि नराख्ने गरेको अध्ययनको क्रममा पाईएको छ । बाँकी चार वटा  चारवटा सहकारीले राम्ररी काम गर्दा गर्दै पनि समस्याग्रस्त बन्न पुगेको पाईएको छ । समस्याग्रस्त भएका सबै सहकारी भित्र आर्थिक सहभागीता एकै प्रकारको भने थिएन भन्ने पाईयो ।

सहकारीको अर्को महत्वपूर्ण सिद्धान्तको रुपमा शिक्षा र तालिमलाइ लिने गरिन्छ । सिद्धान्तलाई फुटाएर शिक्षा र तालिमको एउटा पाटो र सूचना प्रवाहको अर्को पाटो गरेर हेर्न पर्ने हुन्छ । शिक्षा र तालिमको हकमा कुरा गर्दा शोधपत्र तयार गर्ने क्रममा अध्ययन गरिएका आठ वटा सहकारी मध्ये चार वटामा सहकारीमा मात्रै सञ्चालक समिति तथा साधारण सदस्यहरुलाई

लागि तालिम दिईएका पाइयो । बाँकी चारवटा सहकारीमा भने कर्मचारीहरुलाई कसरी डिपोजिट बढाउने भन्ने विषयलाई केन्द्रित गरेर अभिमूखी करणलाई नै तालिमको रुपमा लिने गरिएइको पाईएको छ । त्यसै गरि सूचनाको पक्षमा हेर्दा सहकारीहरुको साधारणसभा र सञ्चालक समितिको बैठकहरु नियमित नै भईरहेका तर, यसरी भएका बैठकमा तथा सभाहरुमा सञ्चालक समिति सदस्य र आम साधारण सदस्यले सहकारीले गरिरहेको काम, प्रगती वा अवनतिको विषयमा चासो, सरोकार नै नराख्ने गरेको पाईयो । जसको कारण सञ्चालक समिति सदस्य र आम साधारण सदस्यको पनि काम बैठक सभामा जाने, चिया खाजा, खाना खाने, पाए खादा माला लगाउने र साथी सर्कलका मानिसलाई भेट्नेमा सिमित भएको पाईयो ।

सहकारीको एउटा सिद्धान्त अर्को सहकारीसँग पारस्पारिक सहयोगलाई लिने गरेको पाईन्छ । जसले प्रभावकारी रुपमा आफ्ना सदस्यहरुलाई सेवा पुऱ्याई स्थानिय, क्षेत्रिय, राष्ट्रिय अन्तराष्ट्रिय तहमै आ-आफ्ना कारोवारका दौरानमा प्राप्त गरेका अनुभवहरु आदान प्रदान मात्र नभई पारस्परिक लाभका लागि एक-अर्कालाई सघाउने उदेश्य राखेको हुन्छ । शोत्रपत्र तयार गर्ने क्रममा अध्ययन गरिएका आठ वटा सहकारी मध्ये चारवटा सहकारीले अन्य सहकारी संस्थासँग सहकार्य गरेको पाईयो । तर, सहकारीको सिद्धान्तले अपेक्षा राखेको विपरित ती सहकारीहरु अन्य सहकारीसँग सहकार्य गरेको कारण अर्को सहरकारी संस्थामा समस्या आउँदा आफ्नो सहरकारी राम्ररी चलाउँदा चलाउँदै पनि समस्याग्रस्त बन्न पुगेको अध्ययनमा पाईएको छ ।

स्वायत्तता र स्वतन्त्रता सहकारीको अर्को महत्वपूर्ण सिद्धान्तको रुपमा रहेको छ । जस अन्तरगत सरकारी संस्थाले सरकार वा सरकारका अन्य निकायहरु वा अरु संघसंस्थासँग मिलेर आपसी हितका लागी सम्झौता गर्न सक्छ । तर, यस्तो सम्झौताले सदस्यको हकमा आच आउनु हुदैन भन्ने मान्यता राख्ने गरिन्छ । सरकारी संस्थाहरुले आफूलाई आवश्यक पर्ने नीति नियमहरू देशको कानुनसँग नबाझिने हदसम्म तयार गरी परिचालन गर्न स्वतन्त्र रहन्छन् । यसर्थ स्वायत्तता र स्वतन्त्रता सहकारीको मर्म भएकाले अन्तराष्ट्रिय सहकारी महासंघले यसलाई पालना गर्नु आवश्यक ठानेको हो । तर, शोधपत्र निर्माणको क्रममा भेटेका उत्तरदाता मध्ये धेरैले सरकारको नियमनकारी प्रणाली र राज्यमा आएको संकटका कारण सहकारीमा समस्या आएको कुरालाई जोड दिएका छन् कतिपय अवस्थामा स्वयत्तता र स्वतन्त्रतालाई सहकारीका

सञ्चालकले आफ्नो मनलाग्दी तरिकाले कारोबार गर्नेसँग जोडेर लिएको पनि पाईन्छ । तर, सहकारीले गर्ने नीति नियम तथा क्रियाकलापको स्वन्त्रता तथा स्वयत्तता सहकारीका सम्पूर्ण सदस्यहरुको सामूहिक निर्णयका आधारमा संस्थाको स्वयत्तता र स्वतन्त्रता हो भन्ने कुरालाई बे वास्ता गरिएको पाईएको छ ।

संचालक समिति गठन गर्दा आफूखुशी गठन गरेको देखिन्छ । कसै कसैलाई भने बाध्यताले समितिमा राखेको पनि पाइएको छ । यसमा सामुहिक भावना कमजोर भएका कारण पनि सहकारीमा समस्या  भएको देखिन्छ । पारिवारिक सदस्यहरुलाई नै जानकारी नदिइकन किर्ते गरेर समितिमा राखेर फसाएको पनि छ । त्यो पनि बिशेष समितिमा राखेको पाइएको छ । केहि व्यक्तिहरुको छुट्टै सामाजिक जीवनले गर्दा पनि समस्यामा परेको पाइएको छ । जस्तै ब्यापारीहरुलाईव्यापार व्यवसाय संचालनमा सहज वातावरण बनाउने हिसाबले समितिमा बस्न बाध्य भएको पाइन्छ । उनीहरुलाई समस्या पर्न दिन्न भन्ने जस्ता प्रलोभनमा परेर पनि समितिमा राखेको पाईएको छ । साथि भाइहरुको भनाइलाई नकार्न नसकेर पनि यो क्षेत्रमा होमिएको देखिएको छ । कुनै कुनै अवस्थामा  समितिमा किन बसेको भन्ने पनि थाहा नैनभइ प्रमुख पदमा बसेको पनि पाइएको छ । व्यक्तिगत रुपमा सबैले आफ्नो मात्र फाइदालाई ध्यानमा राख्दा संस्था समस्यामा परेको देखिन्छ  ।

कति संचालकहरुलाई थाहानै नदिइकन प्रकाउ पुर्जी जारि गरेको पनि पाइएको छ । बाहिरबाट हेर्दा सहकारी राम्रै चलेको देखिएता पनि भित्र भित्र समस्याग्रस्त्र भएको र आफुलाई थाहा नै नभएको सम्म संचालकहरु बताएका छन् । धेरै जसो संचालक समितिका सबै सदस्यहरुलाई यसको बारेमा थाहा नै नभएको सम्म देखिन्छ । पारिवारिक जीवनमा परेको प्रभावः व्यक्तिको नाममा जब प्रहरीले प्रकाउ पुर्जी जारी गर्यो । त्यस पछि उहाँहरुको दैनिकी लुकिछिपि र पारिवारिक कलह वा तनावमा वितिरहेको देखिन्छ । केहि व्यक्तिहरुलाई आफु पदमा नै भएको थाहा नहुदा किर्ते गरि पदमा राखेको अवस्थामा थाहा नै नभई तिन पुस्ते जानकारी सहित प्रकाउ पुर्जी जारी गर्दा अचम्ममा भएको बताउनु हुन्छ । केहि व्यक्तिहरुले आफुले चलाएको फोन समत परिवातन गरेको देखिन्छ । घरको वरिपरि नयाँ मान्छे आउँदा समत डराउने गरेको पाइएको छ । यहि अवस्थाले पारिवारिक सम्बन्ध पनि बिग्रिएको देखिन्छ । साथीभाइको सम्बन्धले पनि यसमा समस्या भएको पाइएको छ । पहिला सहज हुन्जेल नजिक हुने पछि फोन अफ गरेर फरार भएको पनि देखिन्छ । पक्राउ पुर्जि भन्ने नै गलत हो ।

सबै भन्दा ठूलो प्रभाव विना अपराध प्रहरीको पकाउ पुर्जी पाएका सहकारी सञ्चालकको पेशा व्यवसाय र सामाजिक जीवनमा परेको छ । प्रक्राउ पूर्जी जारी गरेपछि पारिवारिक, सामाजिक सबै क्षेत्रमा असर परेको छ । यो त एउटा मानसिक यातना हो,मान्छे डिप्रेसनको शिकार भई आत्महत्या सम्म गर्न पुग्ने अवस्था देखिएको छ । समाजमा जवाफ दिँदै हिड्न पर्ने अवस्था आउँछ तब त्यो झन ठुलो समस्या बन्दै गएको पाइएको छ । ऋण खाएको भए सुन्दा पनि, भोग्दा पनि वरु ठिकै हुन्थ्यो होला तर अब के गर्नु, धेरै गाह्रो अवस्था छ । काठमाडौंको सम्पूर्ण ब्यापार ब्यवसायलाई चटक्कै छोडेर भारतको बाटो हुँदै अर्को  देशमा बस्दै आएको समत देखिन्छ । जीवनको एउटा दैनिकी छाडेर लुक्न भाग्न परेको छ । जसको कारण सामाजिक, पारिवारिक अवस्था अप्ठ्यारोमा पुगेको छ । आफ्नो कारण परिवारले दुःख भोग्न परेको छ । दुःख गरेर संचालनमा आइ रहेको व्यवसाय लथालिङ छाडेर भाग्दै भारतको बाटो भएर बिदेशमा लुकेर परेको छ । प्रक्राउ पूर्जि र व्यक्तिगत र व्यवसायिक दुबै प्रकारको बैंक खाता रोक्का भएपछि संचालन गर्दै आएको सानो ठुला कम्पनी बन्द भइ सकेको छ ।

## ६.२ निष्कर्ष

शोधपत्रमा सहकारी ब्यवस्थालाई समाजशास्त्रका दुई सिद्धान्त संरचनात्मक प्रकार्यवाद र सामाजिक पुँजीको सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । सहकारीका सात अन्तराष्ट्रिय सिद्धान्तलाई सहकारीको भागको रुपमा लिएर विश्लेषण गर्दा सहकारीहरु समस्याग्रस्त बन्नमा सहकारीका सिद्धान्तहरु पालना नगरेको तथ्यलाई बिर्सन मिल्दैन । शोधपत्र अध्ययन गर्ने क्रममा समस्याग्रस्त भएका आठ वटा सहकारीको अध्ययन गरिएको थियो । ती आठ वटा सहकारी संस्थाहरु मध्ये चारवटा सहकारीले सहकारीको सिद्धान्तलाई पालना नगरेको कारण समस्यामा परेको पाईएको छ । त्यसै गरि अध्ययन गरिएका आठ सहकारी संस्था मध्ये चार वटा सहकारीले सहकारीको अन्तराष्ट्रिय मान्यतालाई पछ्याएर वा कार्यान्वयनमा ल्याउँदै काम गर्दा गर्दै पनि सहकारी समस्याग्रस्त भएको पाईएको छ ।

सरकारी ऐन २०४८ र नियमावलि २०४९ बमोजिम मापदण्ड, निर्देशिका र कार्यविधिबाट सरकारी संस्थाहरु दर्ता र संचालनमा रहेका छन् । यी सहकारीहरुलाई नियमन गर्नका लागी सहकारी विभाग, सहकारी प्रशिक्षण केन्द्र, क्षेत्रीय र जिल्ला कार्यालय गरी ४० वटा निकायले कामगरिरहेका छन् । र, निकायहरुमा ६०० भन्दा बढी कर्मचारी कार्यरत देखिन्छ । राज्यको प्राथमिकता, कार्यकारी नेतृत्वको प्रतिबद्धता र आवश्यक साधन स्रोत र सयंन्त्रको व्यवस्था

हुँदाहुँदै पनि सहकारी क्षेत्रमा संकट आउन भन्दा अगाडि राज्यका यी निकायहरुले आवश्यक कदम चाल्न सकेको अध्ययनका क्रममा छानिएका सबै उत्तरदाताको गुनासो रहेको छ। यसरी सहकारी संस्थाले अन्तराष्ट्रीय सिद्धान्तको मर्म विपरित र कानुन भन्दा माथि उठेर आफ्नो क्रियाकलाप गरिरहदा सरकारी नियमनकारी निकाय कहाँ थियो भन्ने प्रश्न उठाएको पाइन्छ। सहकारी व्यवस्था आफै नियमनकारी निकाय भए पनि सरकारको नियम खोजिरहेको अवस्थारहको पाईएको छ। सहकारी संस्था आफैमा स्वतन्त्र र सवयत्त भए पनि सहकारीमा संकट आउनुका पछाडी सरकारका नियमनकारी निकायको लापर्वाही रहेको र सरकारले आफ्नो भूमिका राम्ररी ननिभाएको सवाललाई पनि लिएको पाईएको छ। यस शोध पत्रमा अध्ययन गरिएका आठवटा सहरकारी मध्ये चार वटा सहकारी आफ्नो आन्तरिक कारणले समस्या ग्रस्त भएको पाईएको छ। बाँकी चारवटा सहरकारी समग्र अर्थतन्त्रमा आएको समस्या, अन्य सहकारीसँगको सहकार्य र सहकारीका नियमनकारी निकायको अकर्मण्यताका कारणले समस्या ग्रस्त भएको पाईएको छ। यसरी बाह्य कारणले समस्याग्रस्त भएका सहकारीका सदस्यहरुले सकारको भूमिका खोजिरहेको पाईएको छ।

आफ्नो समुदाय र सदस्यको हितलाई ध्यानमा राखेर काम गर्दा गर्दै समस्यामा परेका सहकारीका सञ्चालकहरुले सहकारीहरु आफ्नो आन्तरिक कारणले नभई समग्र देशमा आएको आर्थिक संकट, सरकार र सञ्चार माध्ययमले फैलाएको हल्ला, नियमनकारी निकायको रुपमा रहेको सरकारका अंगहरुले आफ्नो कर्तव्य पालनामा भएको कमजोरीका कारण सहकारीहरु समस्याग्रस्त भएको पाईएको छ। अर्थात सहकारी भन्दा बाहिरको कारणले सहकारीहरु समस्याग्रत बन्न पुगेका छन्। यसरी सहकारी ब्यवस्थालाई आन्तरिक कारण समस्याग्रस्त भएको हेर्नका अध्ययन गर्नको लागि संरचनात्मक प्रकार्यवाद सफल भए पनि व्यवस्था भन्दा बाहिरको सत्यले पारेको प्रभावलाई अध्ययन गर्न संरचनात्मक प्रकार्यवादले पूर्णरुपमा विश्लेषण गर्न नसक्ने यस शोधपत्रको पहिलो निष्कर्ष रहेको छ।

सामाजिक पुँजीलाई समाजशास्त्रमा महत्वपूर्ण पक्षको रुपमा लिने गरिन्छ। जसले ब्यक्तिलाई हरेक समस्याबाट छिटो सहज बन्न सहयोग गर्छ भन्ने मान्यता राखिन्छ। तर, वर्तमान नेपाली समाजमा सहकारीमा समस्या आउनेको एउटा कारण सामाजिक पुँजीको दुरुपयोग पनि रहेको छ। सामाजिक पुँजीले सहकारीलाई बजबुत र सहकारी संस्थाले सामाजिक पुजीलाई नै बलियो बनाउन पर्ने वर्तमान समयमा सहकारी संस्थामा आएको समस्याका विषयमा गरिएको

अध्ययनले सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकले सामाजिक पुजीलाई दुरुपयोग गरी समाजमा विश्वासको संकट परेको पनि देखिन्छ । सामाजिक रुपमा सञ्जाल भएको र आफन्त चिनजान र पहिचनलाई बल्लीयो बनाउन सहकारीले प्रभावकारी भूमिका खेलेको छ । साथसाथै यसरी सहकारीले समस्यामा परेको सहकारीको संचालक र व्यवस्थापकका सम्पूर्ण व्यक्तिगत बैंक खाता रोक्का गरी चल अचल सम्पत्ती रोक्का गरी उनीहरुलाई शंकाको घेरामा राखेर अनुसन्धान गर्दा शंकास्पद त्रृटीहरु देखिएमा मात्र पकाउ पुर्जी जारी गर्न पर्ने थियो । तर, शंका वा उजुरीको भरमा पक्डाउन पुर्जी जारी भएपछि व्यक्तिको निजि जीवनमा मात्रै असर परेको नभई उनका परिवारका सदस्य, बृद्ध बा आमाको सम्पत्ती पनि रोक्कामा पर्ने गरी सामाजिक सम्बन्धको कारण कतिपय परिवारका निदोष सदस्यले पनि समस्यामा पर्न परिरहेको छ ।

सामाजिक पुँजीले सहकारी प्रणाली र सहकारी प्रणालीले सामाजिक पुँजी निर्माण गर्नमा मदत त गर्छ । जसले समाजमा चिनजानको भरमा सरसहयोग प्राप्त गर्ने, आर्थिक सहायता प्राप्त गर्ने, र समुदायको हितमा काम गर्ने पक्षलाई सहकारीको असलपक्षको रुपमा सामाजिक पुँजीलाई लिने गरिएको छ । तर, सामाजिक पहिचन, चिनजान, सरसहयोगसँगसँगै तिव्ररुपमा सहरीकरण र पुँजीवादी बन्दै गएको समाजमा विश्वसनियता, पारदर्शिता र सामाजिक सम्बन्धको दुरुपयोग हुने गरेको पनि यस शोधपत्र निर्माण गर्ने क्रममा थाहा भएको छ । समाज र समाजका सम्बन्धहरुको दुरुपयोगलाई नियन्त्रण गर्ने सरकारी अनुगमन कमजोर भएको अवस्थामा सामाजिक पुँजीले भने सहकारी प्रणालीलाई असफलताको वाटोतिर पू-याएको निष्कर्षलाई यस शोत्रपत्रको दोस्रो निष्कर्षको रुपमा प्रस्तुत गरिएकोछ ।

सामाजिक पुँजीलाई दुई प्रकारले दुरुपयोग गरिएको छ । पहिलो चिनजानको कारण सहकारीको विषयमा खासै चासो, जानकार नभएका ब्यक्तिहरुलाई उनीहरुको जानकारी बेगरै सहकारीको सञ्चालक समितिमा राख्ने, उनिहरुको नागरिकता, तीनपुस्ते विवरण र हस्ताक्षरलाई समेत दुरुपयोग गरिएको पाईएको छ । जसले समाजमा आफ्नै आफन्तलाई पनि आफ्ना जानकारी दिएकै भरमा व्यक्तिहरु कानुनी रुपमा अपराधि बन्ने प्रक्रियामा रहेको पाईएको छ । त्यसै गरि व्यवसायिक चिनजान र आफु प्रति राखिने सदासहायता र सहानुभूतिलाई पनि “नाम मात्रै राखिदिने र आफुले अफ्ठेरोमा नपार्ने विश्वास” दिलाएर सोझासाझा व्यवसायीलाई सञ्चालकको रुपमा राखेर सहकारीको रकम अपचलन गरी अरुलाई अफ्ठेरोमा पारिएको तथ्य पनि अध्ययनबाट प्राप्त भएको छ ।

त्यसै गरी स्थापित र चिनजानको समाजमा बस्दा हुने फाईदा जस्ता समाजिक पुँजीका पक्षहरु समाजमा व्यक्तिलाई पर्ने सामान्य समस्यालाई समाधान गर्नको लागि सकारात्मक भूमिका खेल्ने भए पनि गम्भिर प्रकारका समस्या, उदाहरणको लागि सहकारी समस्याग्रस्त भएर अदालतले पकाउ पूर्जी जारी भएका व्यक्तिका लागि सामाजिक पुँजीले पनि व्यक्तिलाई झनसमस्यामा पार्ने गरेको अध्ययनको क्रममा पाईएको छ। व्यक्तिलाई सामाजिक पुँजीले पार्ने अर्को प्रभावको रुपमा समस्याग्रस्त सहकारीका परिवारका सदस्यले पकाउ पुर्जी जारी भएका ब्यक्तिलाई गर्ने व्यवहार र उनका परिवारलाई उनको सहकारी समस्यामा परेका कारण परेका समस्यालाई लिन सकिन्छ। आफु सञ्चालक समिति सदस्य रहेको रहकारी समस्याग्रस्त भए पछि परिवारका सदस्यले अनावश्यक टिप्पणी गर्ने, झगडा गर्ने, घर छोडेर वा देशै छोडेर हिड्न पर्ने वा आत्महत्या सम्मका घटना भएको पाईएको छ। आफु सञ्चालक समिति सदस्य भएको सहकारी समस्याग्रस्त भए पछि घर र देश छोडेर हिडेका व्यक्तिहरुले “समाजमा मुख देखाएर हिड्न गाह्रो भएको” भन्ने उत्तरबाट पनि वर्तमानमा सामाजिक पुँजीको अवस्था कमजोर भएको पक्षलाई उजागर गर्दछ।

त्यसै गरि समस्याग्रस्त सहकारीका सञ्चालक समितिका सदस्यका घरमा रहेका बा आमाको बृद्धभत्ताकोखाता समेत सरकार(बैंक)ले अहिले बन्द गरिदिएको छ। यसरी परिवारको एक सदस्यलाई समस्या आउँदा समग्र उसको परिवार र आफन्त समेतको इज्जत जाने डरले कसैले केहि भन्ने हुन्कि भन्ने डरले उसको परिवारको सदस्य समेत समाजिक सम्बन्धहरुमा बस्न नसक्ने, बिवाह तथा भोजमा जान नपाउने, नसक्ने, चाडवाड र सामाजिक क्रियाकलापमा समावेश हुन नसक्ने तत्थलाइ सामाजिक पुँजीको कमजोर पाटोको रुपमा लिन सकिन्छ।

सहकारी संस्थाले सामाजिक सन्जाल, सामूहिक भावना, सामूहिक सहकार्य, मानव पूँजि जस्ता सामाजिक पूँजिको प्रयोग गर्दैआफ्नो क्षेत्र बिस्तार गर्ने सहकारी प्रणालीलाइ बलियो बनाउने कार्य त गर्‍यो तर सहकारी प्रणाली सहकारीताको मूल मर्म अनरुप कार्य गर्दै आफ्नो सम्पूर्ण श्रोत साधन र उर्जासमुदायको हितको लागि सदुपयोग गरि आर्थिक रुपमा विपन्न र सिमान्तकृत समुदायको जिवनस्तर उठाउदै सामाजिक पूँजिको पुर्न उत्पादनको चक्रलाइ अझ बलियो बनाउदै निरन्तर लैजानु पर्ने कम टुट्न गइ सहकारी संस्था, सामाजिक पूँजिको निर्माण र देशको तीन खम्बे अर्थनीतिको एउटा खम्बा नै वर्तमानमा कमजोर हुन पुगेको यो शोधपत्रको निश्कर्ष रहेको छ।

# सन्दर्भ सामाग्रीहरु


नेपाल सरकार, (२०७२), *नेपालको संविधान २०७२,* कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार, (२०८१), *समितिको सरहकारी संस्था बचत रकम दरुपयोग सम्बन्धी बिशेष छानबिन प्रतिवेदन* २०८१, संसदिय छानबिन, संघिय संसद प्रतिनिधि सभा, सिंहदरवार काठमाडौं ।

पाण्डे, भिमबहादुर (२०७७), *त्यस बखतको नेपाल*। :काठमाडौं

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, (२०७४), *सहरकारी ऐन २०७४,* भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, (२०७५), *सहरकारी नियमावली २०७५,* भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

सहकारी अखबार, २०८१, चैत्र २५ गते सोमबार ।

सिवाकोशी, चिन्तामणी, (२०२४), सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणाली विकास, अभ्यास तथा आगामी बाटो, आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०७५, महालेखा नियन्त्रकको कार्यालय, काठमाडौं ।

Acharya, B. (2009). Democracy, Development and Cooperative Movement: A Perspective on Nepal. *Himalayan Journal of Development and Democracy*, 4(1) 42-53.

Altman, M. (2011). Is there a Cooperative Advantage? Experimental Evidence on Economic and Social Variables as Determinants of Demand, School of Economics & Finance, Victoria University of Wellington.

Asika, N. (2004). Research Methodology: A Process Approach. Lagos: Mukundamu and Brothers Enterprises.

Bhatta. K. P. (2018). Women in Co-operatives: A case Study from Nepal. *Journal of Co-operatives Studies*, 51(2), 37-44.

Bourdieu, P and Coleman, (1991). *Social Theory for a Changing Society*. Sage Foundation: New York

CBS (2011a). Poverty in Nepal, Central Bureau of Statistics, *National Planning Commission*, Government of Nepal.

CBS (2011b). Nepal Living Standard Survey, Volume I and II, Central Bureau of Statistics, *National Planning Commission*, Government of Nepal.

CBS (2013). National Sample Census of Agriculture Nepal 2011/12, National Report, National Planning Commission Secretariat, Central Bureau of Statistics Kathmandu, Nepal.

Chariadg, Tristan. (2024). Institute for Social Capital.online. https://www.socialcapitalresearch.com/author/tristan-claridge/

Dhakal, A.P. (2024). Cooperative for Sustainable Development: A Case Study of Chandrapur Pashupalan Saving and Credit Cooperative LTD. Surkhet, Nepal.

Hansmann. H.C. (1993). *The Ownership of Enterprises*. Haverd University Press.

ILO (2009). Resilience of the Cooperative Business Model in Times of Crisis, *International Labour Organization*, Geneva.

IMF (2007). Cooperative Banks and Financial Stability, *IMF Working Paper*, WP/07/2.

Isiramen, O. M. (2021). The Changing Role of an Exploratory Research in Modern Organization. *GPH International Journal of Business Management*, 4(12).

Ivanovski, S. (2012). Challenges of the Cooperative Movement In Addressing Issues of Human Security In the Context of a Neoliberal World: the Case of Argentina, Bucknell University, *Bucknell Digital Commons*, http://digitalcommons. bucknell.edu/honors theses.

Johanisova, N., & Stephan, W. (2012). *Economic democracy: A path for the future?* www.elsevier.com/locat e/futures.

Joshi, J. R. (2024). Challenges and Opportunity in Cooperatives Development in Nepal. *Jornal of Durgalaxmi* (JDL), 3 (1)

Kabeer. N. C. (1995). Resources, Agency, Achivemen: Reflection on the measurement of Women's Empowerment. *Development and Quality*, 3(3), 435-468.

Khanal, A. P., Khanal, S., Simnh, O. P. (2024). A Review on increasing Frauds and scams of Cooperatives in Nepal. *Interntional Journal of Novel Research and Development (IJNRD)*. IJNRD.org

Khatiwada, Y. (2021). *Cooperatives, Economic Democracy and Human Security: Perspective from Nepal*. Speech of Governer.

Khatri, R. (2023). Role of Cooperatives in Women Empowerment in the Nepalese context. *COGNITION A Peer Reviewed Transdisciplinary Research Journal*, Volume 5, Issue 1 https://www.nepjol.info/index.php/cognition/article/view/55417/41370

Lalone B. M. (2016). Neighbors Helping Neighbours: An Examonation of the Social Capital Mobilization Process for Community Resilience to Environmental Disasters. *Journal of Applied Social Science*, Vol.6(2) Special Issue: Disaster, Climate and Food (September 2012) pp. 209-237.

Lelissa, T.B. (2018). Research Methodology. *Doctoral dissertation*, University of South Africa.

Luitel, Y. (2010). *Capitalism and underdevelopment in rural Nepal: market rlation, inequality and socoal change in Mahesh khola*. Newcastle university, Newcastle UK. Chapter 1, 2 pp 1-22, 23-62.

Mishra, B. (2013), *Economic Implication of Cooperative movement in Nepal*, Kathmandu.

Nadeau, E. G. (2012), The Cooperative Solution: How the United States can tame recessions, reduce inequality, and protect the environment, a study sponsored by the Association of Cooperative Educators Funded by the Cooperative Foundation.

Nannyonjo, J. (2013), Enabling Agricultural Cooperatives through Public Policy and the State, United Nations Research institute for social Development

Nepal, R., & Thapa, G. B. (2009). Determinants of Agricultural Commercialization and Mechanization in the Hinderland of a city in Nepal. *Applied Geopraphy*, 29(3), 377-389.

Nortu, D.C. (1990). *Institutions, Institutional Change and Economic performance*. Cambridge University Press.

Nyamari, T. (2024). Social Capital and Community Development. *International Journal of Social Sciences*, 3(1), 14-27.

Paudel, G. (2018). Cooperative movement in Nepal: Issues and Challenges. *Journal of Politics and Government*, 7(1), 5-14.

Putnam, R. D. (1993). *Making Democracy work: Civic Traditions in Modern Italy*. Prinstron University Press.

Shah, S., (2024). What is Exploratory Research and How to Conduct it. *Entropik Blog*.

Sharma, N. (2016). Co-operative movement in Nepal: Historical Development and future Prospects. *Economic Journal of Development issue*, 21 (1-2). 124-138.

Sharma, S. (2017). *Socio- Ecomomic Impact of cooperative on Women: A Case Study of Koliyo Cooperative LTD*. Khairahani Rupendehi.

Shrestha, S. K., & Paudel N. R. (2019). Civil Survice Management in Nepal. I. Jamil et al (eds.) *Civil Survice Management and Administrative System in South Asia*.

Thapa Magar, G. B. (2008), *Micro Credit program for Women: A case study of the Baglung Municipality Baglung District Nepal*. Thesis Submitted to Central Depart of Economics Tribhuvan University Kirtipur Nepal.

Uprety, R. (2019). Cooperative Governance in Nepal: A Story of Saving and Creadit Cooperatives Society. *Journal of Cooperative Organization and Management*, 7(2),

Wright, E. O. (2005). Foundation of a New- webrian class analysis. *Cambridge university press*: chapter 2.

# अनुसूचि

अनुसूचि एकः बचत तथा ऋण सहकारीका संचालकलाई लिइने अन्तरवार्ता प्रश्न

नाम/थरः जातः

ठेगनाः धर्मः

उमेरः लिङ्गः

शैक्षिक योग्यताः आम्दानीः

१. सहकारी संस्थामा तपाई कुन पदमा हुनुहुन्थ्यो ?

२. सहकारी संस्थामा कहिले देखि हुनुहुन्थ्यो ?

३. सहकारी संस्थामा नयाँ सदस्य प्रवेशको प्रक्रिया कस्तो थियो ।

४. सहकारी संस्थामा साधारण सभा संचालन गर्ने विधि कस्तो थियो ?

५. संस्थाको सबै बैठकमा के बिषयमा छलफल हुने गर्थ्यो ?

६. संस्थाले बचत कर्ताको बचत रकम वा नाफाबाट कुन कुन क्षेत्रमा लगानि गरेको छ ?

७. सहकारी संस्था समस्याग्रस्त हुनुमा कसको मुख्य भुमिका देख्नुहुन्छ ?

९. संस्थाले अहिले सम्म कस्ता कस्ता तालिम संचालन गरेको थियो । र, त्यसमा तपाईको सहभागिता कति छ ?

१०. तपाईको सहकारी र अरु बचत तथा ऋण सहकारीको बिचमा कस्तो सहकार्य थियो ?

११. तपाईको ऋण तथा बचत सहकारीले हालसम्म गरेको समुदायिक क्रियाकलाप के कस्ता थिए ?

बचत तथा ऋण सहकारीमा बोर्ड सदस्य भएको अवस्था

१२. बचत तथा ऋण सहकारीको सञ्चालकको भूमिकामा कसरी प्रवेश गर्नु भयो ?

१३. बचत तथा ऋण सहकारी संकट ग्रस्त हुदै छ भन्ने विषयमा तपाई पूर्व जानकारी थियो ?

१४. अहिले तपाईहरुको नाममा प्रहरीले पक्राउ पुर्जी जारि गरेको छ, यस्तो अवस्थामा तपाई के भन्नुहुन्छ ?

१५. अहिलेको अवस्थामा तपाईको व्यक्तिगत जीवनमा कस्तो असर गरेको छ ?

१६. तपाईको पारिवारिक अवस्था के कस्तो छ ?

१७. ऋण तथा बचत सहकारीलाई अपचलन गरेको पुर्जी पाएपछि तपाईले गरिरहेको पेशा/व्यवसायमा कस्तो असर गरेको छ ?

१८. अरु कुनै प्रश्न सोधेको भए हुन्थ्यो भन्ने कुनै सल्लाह सुझाव छ ?